# संघीय संसद

# राष्ट्रिय सभा

# सत्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १० चैत्र २०८१

# आइतबार

# बैठक सङ्ख्या-१६

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १२:४७ बजे प्रारम्भ भयो।

(१२:४७ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१२:४८ बजे) माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस):- मध्य पहाडी लोकमार्ग नेपालमा पूर्व पाँचथरको चियोभन्ज्याङ्गबाट सुरु भई बैतडीको झुलाघाटसम्म पुग्दछ। यो राष्ट्रिय गौरवको आयोजनाको लम्बाइ करिब १ हजार ७ सय ७६ किलोमिटर रहेको छ। उक्त राष्ट्रिय गौरवको आयोजना जाजरकोटको मन्तावीर र दशौं वर्षदेखि टेन्डर भएर पनि रुकुम पश्चिमको चौरजहारी र जाजरकोटको ..... जोड्ने भेरी नदीमा पुल बन्न नसक्दा गति लिन सकेको छैन। सम्माननीय अध्यक्ष महोदय, उक्त पुल निर्माणमा भेरी सडकको समस्या समाधानका लागि पुष्पलाल मध्य पहाडी लोकमार्ग आयोजना निर्देशकको टिम गत ०८१ मङ्सिर १२ गते सबै क्षेत्रमा पुगेर अध्ययन गरी आफ्नो सुझाव र सम्बन्धित निकायमा बुझाइसकेको र पुल निर्माणको

टेन्डर गर्न मात्र बाँकी रहेकोले सम्माननीय अध्यक्षज्यू मार्फत अविलम्ब टेन्डर आह्वान गर्ने व्यवस्था मिलाउन लागि सम्बन्धित मन्त्रालय भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको म गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१२:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य घनश्याम रिजाल।

(१२:४९ बजे) **माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, सिराहाको औरही गाउँपालिका वडा नं ५ मा गर्ने भनिएको महायज्ञको लागि सो स्थानमा बस्ने दीपक मल्लिकको घर भत्काइएको छ। दलितले बसोबास गरेको माटो अपवित्र हुन्छ भन्दै घरको जमिनमा रहेको माटोसमेत खनेर फालिएको छ। म यो जघन्य अपराधको निन्दा गर्दछु। यो घटनाले झन्डै ६० लाख दलित समुदायलाई फेरि एकपटक अपमान गरेको छ। संविधान र कानुनको धज्जी उडाएको छ भने नेपाल र संसारभरि छरिएर बसेका सभ्य नेपालीहरूको शिर लाजले झुकाउन बाध्य बनाएको छ। निर्वाचित जनप्रतिनिधिले नै यस्तो अपराधको नेतृत्व गर्नुले नेपाली समाजको चेतनाको धरातल उदाङ्गो पारिदिएको छ। घटनामा संलग्न गाउँपालिकाका अध्यक्ष शिवजी यादव दलबल सहित प्रशासन कार्यालय पुगेपछि मात्र उनी सहित दुईजनालाई प्रहरीले नियन्त्रणमा लिएको छ भने उनको परिवारबाट पीडितले दबाब र असुरक्षित महसुस गरिरहेका छन्। म यो जघन्य अपराधको नेतृत्वकर्ता कथित बजरंगी बाबा सहित अन्य संलग्नहरूलाई पक्राउ गरी कारबाही गर्न र पीडित परिवारलाई सुरक्षाको ग्यारेन्टी गर्न माग गर्दै घटनाको सत्य तथ्य छानबिनका लागि संसदीय छानबिन समितिको माग गर्दछु। धन्यवाद। ....

(१२:५० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य पुजा चौधरी।

(१२:५० बजे) **माननीय श्री पुजा चौधरी (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, सङ्घीय स्वास्थ्य सेवा ऐन, २०५३ र कर्मचारी समायोजन ऐन, २०७५ मा उल्लेखित तह वृद्धि सम्बन्धी सामान्य सिद्धान्तलाई स्थानीय सेवा ऐनले तोडेको कारण तथा संघीय र प्रदेश निकायबाट पनि कुनै स्पष्ट निर्देशन नआएको हुनाले अन्योलताको कारण मधेस प्रदेशका सिनियर अहेव र अनमीको स्तर वृद्धि रोकिएको छ। यसले गर्दा स्वास्थ्यकर्मीहरूको मनोबल घट्ने हुँदा

आन्दोलनरत स्वास्थ्यकर्मीहरूको समस्या समाधान चाँडोभन्दा चाँडो गर्न अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१२:५१ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य बल देव बोहरा ।

(१२:५१ बजे) माननीय श्री बल देव बोहरा (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय, आठ वर्षदेखि प्रयास गरी संसदमा दर्ता गरिएको विद्यालय सरकार र संसद दुवैले उच्च प्राथमिकताका साथ राखी दफावार छलफल गर्न, छलफल गर्दै चालु आर्थिक वर्षबाटै यो विधेयक पारित गर्न सम्माननीय अध्यक्ष महोदय मार्फत सरकारको ध्यानाकर्षण गर्दछु। जय नेपाल।

(१२:५२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य मनरुपा शर्मा।

(१२:५२ बजे) माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, म्याग्दी जिल्ला, बेनी नगरपालिका वार्ड नं ९ तातोपानी घर भएकी कक्षा ११ मा अध्ययनरत १९ वर्षीय मिना परियारलाई राम खत्रीले फकाई फुलाई गर्भवती बनाई हत्या गरी जङ्गलमा गाडेको आठ महिनापछि उत्खनन गरेर समाजले थाहा पायो, प्रहरी ८ महिनासम्म बेखबर बन्यो।पीडितको लासले न्याय मागिरहेको छ। म न्यायका लागि सम्माननीय अध्यक्ष मार्फत सरकारसँग न्याय माग्न चाहन्छु। धन्यवाद अभिवादन।

(१२:५३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य रुकमिणी कोइराला।

(१२:५३ बजे) माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्षज्यू, अहिले हाम्रो देश नेपालमा सुगर, प्रेसर, थाइराइड, कोलेस्ट्रोल लगायत अन्य नसर्ने रोगहरूको वृद्धि विकास भइरहेको छ। सजिवन, मोरिङ्गा भन्ने गरीन्छ, पहाडतिर शीतल चिनी पनि भन्ने गरिन्छ चिनिन्छ, तरकारी पनि उपयुक्त हुन्छ। पोषणविदका अनुसार सजिवन

प्रोटिन, भिटामिन, खनिज पदार्थ परिपूर्ण विश्व बजारमा यसको पातको पाउडरको अत्याधिक माग बढेको छ र पनि नेपाली किसानले यसको व्यापारीकरण गर्न सकेका छैनन्। पहाड गाउँ गाउँका पाखापारी बझ्याएका छन्। ती बारीहरूमा सजिवन खेतीका लागि यसपल्टको बजेट विनियोजन सरकारले गर्न पाए र सरकारसँग विनियोजन गर्दिनको लागि सरकारसँग हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

(१२:५४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रेनु चन्द।

(१२:५४ बजे) <u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको विधेयक कता हरायो? सरकारले जानकारी दिनुपर्‍यो। राष्ट्रिय सभाले पास गरेर उहिले पठाइसकेको विधेयक अहिलेसम्म पनि कार्यन्वयनमा किन गइरहेको छैन? सम्माननीय अध्यक्षज्यू मार्फत सरकारसँग यसको जवाफ माग्दछु। र पाटन बैतडीको पाटन एयरपोर्ट किन सञ्चालन भइरहेको छैन? त्यहाँ प्लेन उडिरहेको छैन, हाँ त्यहाँ टिकटक र रिल्स जरुर बनिरहेका छन्। त्यो एयरपोर्ट प्लेन उडाउनलाई हो कि खाली रिल्स बनाउनलाई हो? यसको जवाफ पनि सरकारले दिनुपर्‍यो। पाटन पञ्चेश्वर सडकको सलेना खण्डलाई पनि पूर्णता दिनका लागि म सरकार समक्ष सम्माननीय अध्यक्षज्यू मार्फत माग गर्न चाहन्छु। धन्यवाद।

(१२:५५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१२:५५ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, गुल्मी छत्रकोट, रुरु गाउँपालिकाका अधिकांश कृषकहरू वर्षौंदेखि उखु खेती गर्दै आइरहेका छन्। उखुको रसबाट स्वास्थ्यवर्धक अत्यन्तै स्वादिष्ट खुदो र गुँड उत्पादनका लागि लगानीकर्ता वैदेशिक रोजगार छोडेर देशमै केही गरौं भने फर्केर आएका एकजना असल उद्यमी इन्दु वर्गीवाली भन्छन् हामी यो खुदो र गुँड बाट गुणस्तरीय चकलेट र क्याटबरी बनाएर अन्तर्राष्ट्रिय बजारमा बेच्न सक्छौं। तर हामी जस्ता ग्रामीण साना उद्यमीहरूको दुःख लगानी परिश्रमलाई सरकारले प्रोत्साहन गर्नुको सट्टा वार्ड, पालिका, घरेलु, जिल्ला, खाद्यान्न गुणस्तरीय

विभाग काठमाडौंसम्म राजस्व तिर्दै गर्दा पनि जिल्ला कर कार्यालयबाट उखु पेल्ने मेसिन सञ्चालन गरेबापत मनोमानी रकम माग्ने जस्ता अस्पष्ट नीतिका कारण पेशा नै छोडेर पुनः विदेश जाने बाध्यता अवस्था आउने कुरा अवगत गराएकाले यस विषयप्रति संवेदनशील हुनका लागि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

(१२:५६ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१२:५६ बजे) माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको मौलिक हकमा उल्लेखित, राज्यले आवासविहीन दलितहरूका लागि कानुनबमोजिम आवासको व्यवस्था गरिनेछ भन्ने स्पष्ट उल्लेख छ। २१औं शताब्दीमा आएर छुत अछुतको कुरा गर्दै सिराहा जिल्लाको औरही गाउँ पालिकाका वडा नं ५ का दिपक मल्लिकको घरमा महायज्ञको लहै लहैमा लागेर गाउँपालिकाका अध्यक्ष जस्तो व्यक्तिले डोजर लगेर घर भत्काउनु अत्यन्त निन्दनीय छ। यस्तो अमानवीय कार्यमा लाग्ने जो कोही भएपनि कडा कारबाही गर्नुपर्छ भन्दै म सम्मानित सदन मार्फत सरकारको ध्यानाकर्षण गर्छु। धन्यवाद।

(१२:५७ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१२:५७ बजे) माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, सिराहा औरही ५ निवासी दीपक मल्लिकको घर नजिक महायज्ञ लगाउने नाममा बजरंगी बाबा, स्थानीय सत्ता प्रमुख गापा अध्यक्ष शिवजी यादव, पूर्व वडा अध्यक्ष दिलिप यादव समेतको मिलीभगतमा अछुत जातको भने डोजर लगाएर उनको घर ध्वस्त बनाइयो। सामाजिक अपराधी अध्यक्ष र पूर्व वडा अध्यक्षलाई गिरफ्तार गरिएको छ। न्याय मरेको छैन भन्ने संकेत गर्दछ। गापा अध्यक्षलाई पदच्यूत गरियोस् र बजरंगी बाबालाई त्यो गिरफ्तार गरियोस्। कानुन विपरीत यात्री लिएर पोखरा उडेको सौर्य जहाज दुर्घटनाका मृतकले अझै न्याय पाएका छैनन्। सत्य तथ्यहरूको अनुसन्धान प्रतिवेदन आएको छैन। प्रकाश खतिवडाका छोरी, ज्वाँई, नाती लगायत अनाहकमा ज्यान गुमाउनु परेका मृतकलाई, मृतक महानुभावले त्यो न्यायको माग गर्दछु। धन्यवाद। लाल सलाम।

(१२:५८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य श्री कृष्ण प्रसाद अधिकारी।

(१२:५८ बजे) **<u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, यतिबेला पुनर्स्थानवादीहरू राजतन्त्रको प्रेत जगाउने मिथ्या सपनामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका विरुद्ध जनतालाई भड्काउन सकिन्छ कि भन्ने छिद्रहरू खोज्दै हिँडिराखेका छन्। जनता उत्तेजित र आक्रोशित हुने खालका विवादास्पद अभिव्यक्ति सरकारका मन्त्रीबाट आउनुको अर्थ के हो? नेपाल विद्युत प्राधिकरण भनिरहेको छ, जनताको घरमा लोडसेडिङ हुन दिन्नौं। माननीय ऊर्जा मन्त्री लोडसेडिङ हुन्छ भन्ने शैलीमा प्रस्तुत हुनुको अर्थ के हो? नेपाल भारत विद्युत व्यापार किनबेच गरेको हो। भारतले नेपाललाई पुरस्कार दिएको होइन। लोडसेडिङको अन्त्यको कारण तात्कालीन नेपाल सरकार र प्राधिकरण हो। सम्माननीय अध्यक्ष महोदय, नेपाल स्काउटको जग्गा र संरचना कौडीको भाउमा भाडामा दिएर अहिले सत्ताको आडमा साढे ३ करोड बक्यौता भाडा नतिरेर उल्टै मिनाहा गराउने अभियानमा मन्त्रीज्यू हुनुहुन्छ भन्ने व्यापक चर्चा उठेको छ। सदनलाई तथ्य जानकारी दिन माग गर्छु। धन्यवाद।

(१२:५९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य सावित्री मल्ल।

(१२:५९ बजे) **<u>माननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, दैलेख जिल्ला निर्वाचन क्षेत्र नम्बर २, दुल्लु नगरपालिका वडा नम्बर ६ छिउडी पूजाकोट निवासी वर्ष १८ का गगन खड्काको २०८१-१२-९ मा परेको चट्याङ लागि भैंसी बाँध्न गोठमा गएका गगन खड्काको अधुरै रह्यो सपना। चैत्र १२ गते S.E.E. ग्रेड वृद्धि ल्याउने उनको तयारी गरिरहेका थिए। दुल्लु हस्पिटल पुऱ्याउँदा उनको मृत्युको खबरले मर्माहत छु। भाइ गगन खड्का प्रति हार्दिक श्रद्धाञ्जली शोकसन्तप्त परिवार आफन्तजनप्रति गहिरो समवेदना प्रकट गर्दछु। सम्माननीय अध्यक्ष महोदय, सन्दर्भ दैलेख जिल्लाको हस्पिटल भवन निर्माण अहिलेसम्म पनि अस्तव्यस्त छ। चारवटा नगरपालिका, सातवटा गाउँपालिका रहेको ९० वटा वार्ड रहेको जिल्लामा ६ वटा डाक्टरको दरबन्दी

भएको अहिलेसम्म पनि एक जना डाक्टर नरहेको जिल्ला दैलेख जिल्लामा पर्दछ। त्यसको लागि सम्माननीय अध्यक्ष मार्फत नेपाल सरकारको ध्यान जाओस्।

(१३:०० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, मिति २०८१ चैत ८ गतेको बैठकमा माननीय सदस्य रेणुचन्दले उठाउनुभएको नियमापत्तिको विषयका सन्दर्भमा प्रस्तुत विधेयक साथै आजको कार्यसूचीमा रहेको अन्य विधेयकहरू समेत राष्ट्रिय सभातर्फ उत्पत्ति नभई प्रतिनिधि सभातर्फ उत्पत्ति भएको र प्रतिनिधि सभाले पारित गरेर सन्देशहित राष्ट्रिय सभा प्राप्त भएको राष्ट्रिय सभा नियमावलीको नियम ९३ को उपनियम (१) कुनै प्रतिस्थापन विधेयक राष्ट्रिय सभामा दर्ता गर्ने प्रयोजनका लागि महासचिव वा सचिवलाई सूचना दिने प्रयोजनको लागि आकर्षित हुने देखिन्छ। तसर्थ माननीयज्यूले उठाउनुभएका विषयहरू सम्बन्धित विधेयकको हकमा यस्तो सन्देश प्राप्त भएपश्चातको कार्यविधि र प्रक्रिया राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १२४ बमोजिम हुने व्यहोरा जानकारी गराउँछु। राष्ट्रिय सभा र प्रतिनिधि सभाका नियमावलीमा रहेका विधि, व्यवस्थापन, प्रक्रियासँग सम्बन्धित सामन्जस्य हुन नसकेका विषयहरूलाई दुवै सभाका नियमावलीहरू संशोधनका क्रममा पर्याप्त ध्यान दिन एकरुपता कायम गर्न म सचिवालयलाई निर्देशन दिन्छु। सदनमा विधेयक दर्ता गर्दा विधेयकका अङ्ग र अन्य समेटिनुपर्ने विषयहरू संसदका दुवै सभामा सभाका नियमावलीमा भएका व्यवस्थालाई समेत विचार पुऱ्याउन सरकारको समेत ध्यानाकर्षण गराउछु।

माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नु भएको "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम २ मिनेटभित्र अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।सर्वप्रथम माननीय सदस्य बेदुराम भुसाल।

(१३:०३ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, अहिले हामी जुन विद्येयकमा छलफल गर्दैछौं। यो विधेयकको उद्देश्य छिटो, छरितो सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति दिने भन्ने छ। भन्ने छ तर यसका प्रावधानहरू हेर्दाखेरि त्यो उद्देश्य पूर्ति हुने जस्तो देखिँदैन। यसमा यो सचिव स्तरीय निर्णयलाई पनि नेपाल सरकारको निर्णय मान्ने, मन्त्रीलाई सचिवले उत्तरदायित्व मन्त्रीप्रति हुन नपर्ने, सचिवको मूल्याङ्कन मन्त्रीले होइन मुख्य सचिवले गर्ने लगायतका केही कुराहरू छन्। भने कतिपय कुराहरू हामीले केही समय पहिले पारित गरेको र यही महिनाको ३ गते २०८१/१२/३ गते राष्ट्रपतिज्यूबाट सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणित भइसकेको विधायन ऐन विपरीतका प्रावधानहरू पनि छन्। उदाहरणको लागि कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागलाई अदालतको सरह, अदालत सरहको अधिकार हुने भन्ने जस्ता प्रावधानहरू पनि यहाँ राखिएको छ। प्रशासनिक संयन्त्रलाई न्यायिक अधिकार दिने यस्तो खालको विसंगतिपूर्ण व्यवस्था यसमा गरिएको छ। त्यस्तै गरिकन यसले संशोधन गरेको योगमाया विश्वविद्यालयको नाम बदलेर विदुषी भनेर भनिएको छ। त्यसको परिभाषा के हो? विदुषीको परिभाषा के हो? कस्तो मान्छेलाई विदुषी भन्नु पर्ने हो भन्ने कुरा केही पनि छैन। र हिमालयन आयुर्वेद भनिएको छ। हिमालयन आयुर्वेद भन्ने छुट्टै आयुर्वेद कुनै पनि छैन। यो संसारमा आयुर्वेद एउटा मात्रै सिद्धान्त हो। एउटा मात्रै प्राचीन कालदेखि चलिआएको यो स्वास्थ्य उपचार सम्बन्धी एउटा विज्ञान हो आयुर्वेद विज्ञान जसको कुनै न हिमालयन भन्ने हुन्छ, न कुनै तराईयम भन्ने हुन्छ, न कुनै पहाडीया भन्ने हुन्छ कुनै पनि हुँदैन। संसारमा एउटा मात्रै आयुर्वेद सिद्धान्त छ त्यो संसारभरिको सिद्धान्त हो। त्यसलाई नि अलग्गै नाम राखेर जाने कुरा यो एकदमै सिद्धान्ततः गलत कुरा भएको छ यस्ता खालका गलत गलत खालका प्रावधानहरू समेत राखेर यो विधेयक अगाडि सारिएको छ। र सबभन्दा आपत्तिजनक कुरा भनेको यो जुन विधायन ऐन हामीले निर्माण गरिसकेका छौं र राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भएको दिनदेखि कार्यान्वयनमा आएको छ। यस विपरितका प्रावधानहरू छन् यद्यपि यो सभा बस्नु भन्दा अगाडि सरकारको तर्फबाट माननीय उपप्रधानमन्त्री विष्णु प्रसाद पौडेलले यदि त्यस्ता खालका प्रावधान छन् भने सच्याएर जाउँला भन्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। म अहिले नै यहाँ राख्न चाहन्छु कि त्यो प्रतिबद्धता अनुसार यहाँ रहेका जुन बेठिक खालका प्रावधानहरू छन् त्यसलाई सच्याइएर मात्रै यसलाई अगाडि बढाउनुपर्छ। त्यसका निम्ति समितिमा पठाएर दफावार छलफल गम्भीरताका साथ गर्न पर्ने आवश्यकता छ। त्यस हिसाबले अगाडि बढ्ने अनुरोधका साथ म आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

(१३:०६ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१३:०६ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधिसभामा उत्पत्ति भई प्रतिनिधिसभाबाट छलफल गरी पारित भएर आज राष्ट्रिय सभामा सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक २०८१ मा टेवल भइ सैद्धान्तिक छलफल गरिरहेका छौं। सम्माननीय अध्यक्ष महोदय, सरकारले सुशासनको पाटोलाई प्रभावकारी बनाउन तत्काल केही गर्नुपर्ने भएकोले यो विधेयक ल्याउनु जरुरी थियो र ल्याएको छ। यस विधेयकले धेरै कुराहरू समेटेको छ। जसमा पहिलो कुरा e-governance प्रवर्धन गरेको छ। जसले गर्दा नागरिक एपको प्रयोगले कानुनी मान्यता दिएको छ। यसले सार्वजनिक सेवामा डिजिटल प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्नेछ। त्यस्तै प्रकारले यो निर्णय प्रक्रियामा समय सीमाको व्यवस्था गरिएको छ। कुनै निर्णय लिनुपर्ने अधिकारले कानुनी रुपमा तोकिएको समयमा निर्णय नगरेमा सात दिनभित्र निर्णय गर्नुपर्ने व्यवस्था गरिएको छ। समयभित्र पालन नगरेमा कारर्वाही प्रावधान गरिएको छ। यसले गर्दा जुन समयमा काम नहुने जुन एउटा परम्परा थियो यसलाई यो विधेयकबाट त्यो कुराको तोडिएको छ। र सँगसँगै स्थानीय तहमा कार्यवाहकको व्यवस्था गरिएको छ। स्थानीय तहको अध्यक्ष, उपाध्यक्ष प्रमुख, उपप्रमुख कुनै पद रिक्त भएमा कार्यपालिकाका सदस्यहरूले आफूहरूबाट कार्यवाहक चयन गर्ने व्यवस्था गरिएको छ। जुन व्यवस्था वडासम्म गरिएको छ। त्यस्तै श्रमिकहरूको अवकाश उमेर हद वृद्धि गरिएको छ श्रमिकहरूको अनिवार्य उमेर ५८ बाट बढाएर ६० वर्ष वृद्धि गरिएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्तामा पनि सुधार गरिएको छ। सामाजिक सुरक्षा भत्ताको दुरुपयोग रोक्नका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरिएको छ। त्यस्तै यो शिक्षकहरूको निवृत्तभरणको कोषमा योगदानको व्यवस्था गरिएको छ। शिक्षकहरूलाई पनि निवृत्तभरण प्राप्त गर्ने व्यवस्था गरिएको छ। त्यस्तै प्रकारले नेपालमा बसोबास गर्ने गैर आवसिय नेपाली नागरिकता प्राप्त व्यक्तिहरूका बारेमा वा परिचयपत्र नेपाली नेपाली केरे मूलको विदेशी नागरिक वा निजको परिवारलाई १० वर्षसम्म गैरआवसीय भिसा निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको छ। त्यसकारण यसले के छ भन्दा विदेशमा रहेका जुन गैर आवासीय नेपाली छन्। उनको श्रमको पूजी, उनको क्षमता, योग्यतालाई हामीले आफ्नो मुलुकमा स्वदेशमा उपयोग गर्न सकियो भने यो पनि मुलुकको निम्ति उपलब्धि हुन्छ भन्ने कुरा मलाई लाग्छ। त्यसकारण यो जुन खालको यो सुशासन सम्बन्धी जुन विधेयक प्रस्तुत भएको छ। यसमा म समर्थन रहेको व्यहोरा अनुरोध गर्छु। धन्यवाद।

(१३:०९ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:०९ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रसारण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८१ को सैद्धान्तिक छलफलमा छौं। मौजुदा विभिन्न ऐनहरूमा रहेको असान्दर्भिक प्रावधानहरू, कमीकमजोरीहरू, सार्वजनिक सेवा प्रवाहमा हुने ढिलासुस्ती, विकास निर्माणका क्षेत्रमा देखिने अवरोधलाई समसामयिक बनाउन तत्काल काम गर्ने गरी कार्यान्वयनमा हुने ढिला सुस्तीलाई चिर्नका लागि नेपाल सरकारले विधेयक मार्फत मौजुदा १२ वटा ऐनका केही दफाहरूलाई परिमार्जन गरी यो विधेयक ल्याएको छ। म यसलाई स्वागत गर्न चाहन्छु। गैरआवसिय नेपाली सम्बन्धी नेपाली नागरिकता प्राप्तिको विषयमा परिभाषामा उनीहरूको परिवारलाई १० वर्षसम्म भीसा निःशुल्क र एकपटकमा दुई वर्षको अवधिको बहुप्रवेश सुविधा दिने व्यवस्था गरेको छ। नेपालभित्र आवतजावत गर्न, बसोबास गर्न कम खर्चिलो सहज हुने, उनीहरूको आर्थिक, सांस्कृतिक गतिविधिमा संलग्नता बढ्ने विदेशमा रहँदाको सीप, ज्ञान, पुँजीलाई विभिन्न पेशा र उद्यममा लगाउन सक्ने सम्भावनाको आकलन गरी मातृभूमि प्रति अपनत्व वृद्धि गर्न देशको आर्थिक विकासमा सहयोग पुग्ने उद्देश्य राखेको देखिन्छ। सुशासन तथा सञ्चालन ऐन, २०६४ मा थप परिभाषित गरिएको छ। नेपाल सरकार कार्यसम्पादन नियमावली बमोजिम नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्नुपर्ने विषय र प्रचलित कानुनमा नेपाल सरकारमा पुनरावेदन लाग्ने भन्ने उल्लेख भएका राजपत्राङ्कित विशिष्ट श्रेणीबाट हुने कार्यलाई नेपाल सरकारले सम्बोधन गर्ने गरी व्यवस्था गरेको छ। प्रक्रिया ढिलो हुने, समय बढी लाग्ने हुँदा सार्वजनिक सेवा प्रसारणलाई छिटो छरितो गर्न खोजिएको छ। कानुन बमोजिम कार्यसम्पादन सार्वजनिक पदाधिकारीको सूचना प्रमाण कागज प्राप्त भएको मितिले एक हप्ताभित्र गरिसक्ने बाध्यकारी व्यवस्था ढिला सुस्तीलाई पन्छाउने ढिलो गर्नेलाई चेतावनी दिन सक्ने व्यवस्था गरिएको छ। यस्तै संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवा प्रसारण, साधन स्रोतको उपलब्धताका आधारमा कम्प्युटरमा सूचना प्रविधिलाई नागरिक एपसँग जोड्ने गरी व्यवस्था गरिएको छ। मन्त्रालयको काम कारबाहीलाई छिटो र छरितो र मितव्ययी बनाउनको लागि अधिकार र नियमावलीको समेत व्यवस्था गरी आन्तरिक दिग्दर्शन बनाइ काम गर्ने भन्ने भनिएको छ। यस्तै घरेलु कसुर सजाय ऐन, २०६६ मा तेजाब अर्को ऐनमा परिसकेको हुनाले यसबाट हटाइएको छ। कसुरजन्य कुराहरूलाई पनि रोकथाम गर्ने काम गरिएको छ। र हामीले यसलाई

सर्सर्ती हेर्दा के देख्छौं भने श्रमिकहरूको जुन उमेर ५८ वर्ष थियो ६० वर्ष पु¥याएको छ। स्थानीय सरकार सञ्चालन ऐनमा रहेका केही कमजोरीहरूलाई सच्याउने काम भएको छ। फौजदारी संहिता कार्यविधिमा पनि केही कुरामा संशोधन गरिएको छ। मेलमिलापको माध्यमले विवाद समाधान गर्ने गरी राखिएको छ। यसैगरी प्रचलित कानुनमा रहेका पुनरावेदनका कुराहरूलाई पनि धरौटीका कुराहरूमा १५% कायम गरिएको छ। पहिलो पटकको कसुरदारलाई एक वर्ष, सो कम सजाय भएकालाई र कैदको कट्टा रकम तिरेमा कैदमुक्त हुन सक्ने व्यवस्था गरिएको छ। यसलाई समसामयिक बनाउने प्रयास गरिएको छ र म यो विधेयकलाई समर्थन गर्न चाहन्छु। धन्यवाद।

(१३:१२ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य गोपी बहादुर सार्की अछामी।

(१३:१२ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, सुशासन प्रवर्धन तथा सामाजिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न प्रस्तावित विधेयकको बारेमा हामी सैद्धान्तिक छलफल गर्न गइराखेका छौं। विशेष गरेर यो विधायन ऐन, २०८१ सँग कतिपय बाझिने खालका प्रावधानहरू छन्। र यो बारेमा अघि भर्खरै पनि हामीले उपप्रधान तथा अर्थमन्त्रीज्यूसँग बसेर छलफल गरेका छौं। यी बाझिएका प्रावधानहरूलाई हामी संशोधनमा गइसकेपछि गम्भीरतापूर्वक छलफल गर्छौं र त्यसलाई करेक्सन गर्छौं भन्ने एउटा खालको प्रतिबद्धता पनि जाहेर गर्नुभएको छ। अब यस अन्तर्गत १२ वटा ऐनलाई संशोधन गर्ने जुन लक्ष्य राखिएको छ मलाई के लाग्छ भने यो छोटो अवधि एउटा अर्को कुरा परिस्थिति पनि जुन प्रतिकूल खालको बाहिर पनि बन्दै गएको छ। र यो हतारोमा छोटो अवधिमा जे गर्न खोजिएको छ यसले तयारी पुग्दैन, छलफल पुग्दैन भन्ने कुरा अस्ति हामीले यो विरोधको सूचना दिने बेलामा पनि यो छलफलको विषय बनाएका थियौं। र यसले संसदको गरिमा र संसदमा जनप्रतिनिधिहरूको अधिकारलाई कुण्ठित गर्ने काम गर्छ भन्ने विषय हामीले राखेकै विषय हो। अब अर्को कुरा अघि माननीय डा०बेदुराम भुसालजीले भन्या जस्तै कतिपय प्रावधानहरू मिल्ने खालका छैनन्। ब्युरोक्रेसीलाई नै फोकस गरेर जुन खालका प्रावधान राख्न खोजिएको छ। यसले हामीले जे सुशासन प्रवर्धन र सेवा प्रवाहलाई व्यवस्थित गर्ने प्रभावकारी गर्ने भन्न भनेका छौं भनिएता पनि तर परिस्थिति त्यस्तो देखिएको छैन, भइराखेको छैन। त्यो अनुरुप पनि हामीले गरेका छौं। अब अर्को कुरा यो योगमाया विश्वविद्यालय सम्बन्धी जुन ऐन छ त्यो ऐनलाई नाम संशोधन गर्न

खोजिएको छ। त्यसको खास औचित्य हुन्छ जस्तो लाग्दैन। त्यसकारणले गर्दाखेरि म अझै पनि के भन्न चाहन्छु भने सरकारले यस्ता विधेयकहरू ल्याउँदाखेरि सबै पक्षसँग अलिकति छलफल गर्ने, गम्भीरतापूर्वक तयारी पनि गर्ने र स्टेकहोल्डरहरूसँग पनि बसेर छलफल गरेर जाँदाखेरि उपयुक्त हुन्छ, प्रभावकारी हुन्छ र कार्यान्वयनलाई पनि हामी सहज व्यवस्थित र अहिलेको समय सापेक्ष जुन परिवर्तित परिस्थिति हो परिवर्तित परिस्थितिले धेरै कुराको माग गरिराखेको छ। विशेष गरेर जनताको सेवा प्रवाहलाई चुस्त, दुरुस्त र व्यवस्थित गर्ने कुराको माग गरिराखेको छ। त्यो प्रभावकारी हुनसक्छ भन्ने विषय मैले राख्न चाहन्छु हस् त। अभिवादन।

(१३:१५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१३:१५ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):-** सम्माननीय अध्यक्ष महोदय, हामी सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको प्रतिस्थापन विधेयकको सैद्धान्तिक पक्षमा छलफल गरिरहेका छौं। र यस विषयमा म बुँदागत रुपमा आफ्नो भनाईहरू राख्न चाहन्छु। सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको प्रतिस्थापन विधेयकको मूल स्रोत जनप्रतिनिधि संस्था नभएर अध्यादेश हो। जनप्रतिनिधिहरूको कानुन निर्माण गर्ने क्षेत्राधिकारलाई अतिक्रमण वा सङ्कुचित गर्ने उद्देश्यद्वारा अध्यादेश ल्याइएको हुनाले यसबाट सिर्जित प्रतिस्थापन विधेयक उपरको सैद्धान्तिक छलफललाई अस्वीकार गरेर जानुपर्ने कुरामा हाम्रो पार्टीले जोड दिन चाहन्छ। र सरकारले पौष २९ गते पाँचवटा अध्यादेश जारी गरेको थियो। यद्यपि भूमिसम्बन्धी अध्यादेश माघ २ गते मात्र जारी भएको थियो। सरकारले माघ १५ गतेका लागि माघ ७ गते अधिवेशन आह्वान गरेको थियो। जम्माजम्मी सात दिनको अवधिमा सरकार वा मूलकोलाई त्यस्तो कुन संकट आइपऱ्यो र सरकारले अध्यादेश जारी गर्नुपर्यो त्यसको औचित्यता सरकारले पुष्टि गर्न सक्नुपर्दछ। तर सरकारले अध्यादेश जारी गर्नुको आवश्यकता र औचित्यतालाई तार्किक ढंगबाट पुष्टि गर्न सक्ने अवस्था नै छैन र सकिरहेको पनि छैन। यसको स्वभाविक तार्किक निष्कर्ष निस्कन्छ कि सरकारले जनप्रतिनिधिहरूको संस्था संसदलाई छलेर शासन गर्ने उद्देश्यले काम गरेको थियो। प्रतिस्थापन विधेयक गर्नु त्यसैले प्रतिस्थापन विद्येयक उपरको सैद्धान्तिक छलफललाई स्वीकार गर्नुको अर्थ हुन्छ जनप्रतिनिधि संस्था संसदको क्षेत्राधिकारलाई कुण्ठित गर्न सरकारलाई प्रोत्साहित गर्नु त्यसैले प्रतिस्थापन विधेयक उपरको छलफललाई यो राष्ट्रिय सभाले अस्वीकार गरेर जानुपर्दछ भन्ने आफ्नो मत राख्न चाहन्छु। धन्यवाद।

(१३:१७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य युवराज शर्मा।

(१३:१७ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, प्रतिनिधिबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक अध्यादेशबाट ल्याएको यो विधेयक नियम प्रक्रिया मिचेर आएको होइन बरु त्यसमा टेकेर नै आएको हो भन्ने मेरो दृढ विश्वास छ। फेरि फेरि बिरालोको रङ्गमा अल्झिनु भन्दा उसको मुसा मार्ने क्षमता अनुसार मूल्याङ्कन हुनुपर्दछ भन्ने पनि मेरो धारणा छ। सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न ल्याएको यो अध्यादेश आफैमा उत्कृष्ट समय सापेक्ष देखिन्छ। नेपाल grey list मा परिसकेको र जन असन्तोष बढिरहेको अवस्थामा सुशासन प्रवर्धन गरी छिटो, छरितो र पारदर्शी र जवाफदेहितापूर्वक सार्वजनिक सेवा प्रवाह गर्न सूचना प्रविधिको समूचित अभ्यास गर्दै कानुनसम्मत असल शासनको प्रत्याभूति गर्न यो अभ्यास देश सफल हुने देखिन्छ। अन्त्यमा राष्ट्रिय आवश्यकता र जनअपेक्षालाई सम्बोधन गर्न आएको र देशको समर्थन गर्दछु। अध्यादेशले निश्चित पनि सुशासन कायम गरी सम्बन्धित क्षेत्रलाई राम्रो नतिजामा लैजान सफल हुनेछ भन्ने विश्वास राख्दै विदा हुन्छु। धन्यवाद।

(१३:१९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य इन्दिरा देवी गौतम।

(१३:१९ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, संसदप्रति जनताहरूले धेरै आशा, अपेक्षा र भरोसा राखेका थिए। संसदको पनि प्रमुख जिम्मेवारी कानुन बनाउने नै थियो। तर हामीलाई निकै लामो समय अलमलिदा जनता निराश हुन थालेका कुरा हामी सबैले बोल्दै आएका पनि थियौं। जनताले पनि विभिन्न माग राखी बारम्बार सडकमा आन्दोलन गरिरहनुपर्ने बाध्यताका साथै हाम्रा कार्यप्रणाली पनि ढिलासुस्ती, झन्झटिला प्रक्रियाका कारण वर्तमान संविधानको भावना र मर्मलाई आत्मसात गर्न नसक्ने ऐन, कानुनमा रहेको अन्यौलतालाई समय सापेक्ष बनाउन ढिला हुँदै गएको महसुस भइनैरहेको थियो। हामीले जनताको चाहना र आवश्यकता अनुसार मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी र सार्वजनिक सेवा प्रवाहमा सुशासनको पूर्ण अनुभूति गराउन नसक्ने खालका कतिपय ऐन कानुनहरूलाई संशोधन गर्नुपर्ने नै थियो। वर्तमान

अवस्थाको अति महत्त्वपूर्ण आवश्यकता पूरा गर्ने उद्देश्यका साथ प्रस्तुत विधेयक सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ स्वास्थ्य बीमा ऐन, २०७४ लगायत १२ वटा ऐनमा रहेका कतिपय प्रावधानलाई संशोधन गर्ने, सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन भई आएको छ। यो विधेयकले राज्यको प्रशासनिक प्रणालीलाई आम नागरिकको आवश्यकता, अपेक्षा, चाहना अनुरुप सुव्यवस्थित, नतिजामुखी, प्रभावकारी कार्यान्वयन गर्नेछ। जनसेवा केन्द्रित हुनेगरी नयाँ प्रविधिको प्रयोगमार्फत सुशासन तथा सार्वजनिक सेवामा नागरिकलाई छिटो, छरितो, परदर्शी र गुणस्तरीय सेवा प्रदान गर्न e-governance को अवधारणा बमोजिम प्रविधिको प्रयोग मार्फत सेवाप्रवाहलाई सहज, पहुँच योग्य बनाउनेछ। संशोधन भई आएको यो विधेयक स्वागत योग्य छ। अध्यक्ष महोदय, हामीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा देशमा शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य लिएका थियौं। लोकतान्त्रिक शासन प्रणालीको माध्यमबाट सक्षम न्यायपालिका साथै कानुनी राज्यको अवधारणाका साथै लोकतान्त्रिक मूल्य मान्यता अनुसार समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरागर्दै अगाडि बढ्नु आजको आवश्यकता थियो। तसर्थ यो विधेयकको समर्थन गर्दछु र स्वागत गर्दछु। हस् त धन्यवाद।

(१३:२१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१३:२१ बजे) <u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, यो सुशासन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा १२ वटा ऐनलाई संशोधन गर्न ल्याइएको छ। अध्यादेश ल्याउने परम्परा छ, संवैधानिक व्यवस्था छ। र त्यसो हुँदाखेरि अध्यादेश एउटा कानुनमा एउटा अध्यादेश ल्याउने परम्परा रहेछ। र विगतमा एउटा अध्यादेशमा तीनवटासम्म ऐनलाई संशोधन गर्न ल्याइएको मैले भेटाएको छु। र एकपटक यो २०७८ साल ४ महिना ३ गते एकै दिनमा १४ वटा अध्यादेश ल्याइएको छ र यो १४ वटा कानुनमा अध्यादेश ल्याइएको छ। यसो गर्दाखेरि यो सुशासन सम्बन्धीको जुन संशोधन हो यो १२ वटा ऐनमा संशोधन गर्न ल्याइएको छ र सबै एकै ठाउँमा राखेर एउटा अध्यादेशको नाममा १२ वटा चाहि ऐनलाई संशोधन गर्न ल्याउनु यो जबरजस्तीको सरकारले काम गर्न खोजेको अवस्था देखिन्छ। र यसै

गरेर यसमा प्रत्यायोजित गरेका अधिकारहरू छन्। एकले अर्कोलाई सुम्पिदै जाँदाखेरि काम कहाँनेर सम्पन्न हुन्छ। यसै पनि सरकारमा मन्त्रीले, सचिवले, उपसचिवले अर्कोलाई अर्कोलाई गर्दै गर्दाखेरि काम गर्ने तल्लो तहकै कर्मचारी भएको पनि हामी थुप्रै ठाउँमा भेटाउँछौं। कानुन बनाएरै कामलाई प्रत्यायोजित गरेर कार्यविभाजन गरिएको छ यो ठिक भएको छैन। दिग्दर्शन बनाउन भनिएको छ। के विषयमा दिग्दर्शन बनाउने हो ? विषय खुलेको छैन। कस्तो दिग्दर्शन बन्ने हो त्यो पनि थाहा छैन। र यही ठाउँमा राष्ट्रले नीति बनाउनुपर्ने, केही ठाउँमा दलहरूले नीति बनाउनुपर्ने जस्ता प्रमुख उपप्रमुख कार्यवाहक बनाउने भन्या छ उहाँहरू नभएको ठाउँमा। यसमा सहमति गर्नुपर्ने, आम रुपमा सहमति गर्नुपर्ने यस्ता विषयहरूमा अध्यादेश ल्याएर जबरजस्ती गरिएको छ। यतातिर आयुर्वेद विश्वविद्यालयमा विदुषि योगमाया भनेर अगाडि जबरजस्ती नाम थोपर्ने कामहरू भएको छ। उनी विदुषि हुन् कि अभियन्ता हुन्। आन्दोलनकारी हुन् कि, उनी सामाजिक परिवर्तनकारी हुन्। यसमा हामीले व्याख्या विश्लेषण गर्नुपर्ने। त्यो विदुषिको अर्थ के हो र उनको उनले अपनाउँदै आएको के हो भन्ने कुराहरू यहाँ मिलिराखेको छैन। उनी विदुषि होइन, एउटा आन्दोलनकारी हुन्। महिला अभियन्ता हुन्। सामाजिक अभियन्ता हुन्। र उनले अग्नि दाह गरेर आफूलाई सामिहिक रूपमा अग्निदाह गर्न खोजिन त्यसलाई सफल नभइसकेपछि उनले सामूहिक रुपमा जल समाधिमा गइन्। त्यसैले यस्ता अभियन्ताहरूलाई हामीले अभियन्ताको रुपमा, आन्दोलनकारीको रुपमा र उनको नाम काफी छ भन्ने कुराहरू राख्दै यसको म विरोध गर्छु। र यसलाई फिर्ता गरियोस् भन्ने कुराहरू (.... समय सकिएको।)

(१३:२४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:२५ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०७१ हाम्रो बीचमा आएको छ। यसमा हामीले सुरुदेखि नै सरकार जनप्रतिनिधि प्रति उत्तरदायी हुनुपर्छ। प्रक्रियाको हिसाबले गलत छ भन्यौं त्यो कुरा अहिले पनि स्वीकार गर्न सकिँदैन भन्ने कुरा राख्न चाहन्छु। र विशेषगरी योगमायाको कुरा उठेको छ। हामीले इतिहासमा पढेको योगमाया हामीले विधुवा, विदुर, विदुषि शब्दहरू उस्तै सुनिन्छ। यहाँहरूले के भन्न खोज्नुभएको हो। त्यसो भएको हुनाले हामीले जसरी निडर र साहसी

रुपमा उनलाई चिन्यौं। त्यसरी नै आओस् भन्ने कुरा  राख्न चाहन्छु। पहिला पनि भनेको थिएँ अहिले पनि र सुशासनमा  खासगरी सुशासनको हिसाबले कुरा गरिरहँदा मधेसको महिलाको एउटा एजेन्डा संगीता मिश्रको एजेण्डा यहाँ उठेको थियो। हामी सुशासनको कुरा गरिरहँदा मधेश मुलुकको महिला त्यो सिफारिसमा भएर योग्यता पुगेर पनि सचिव हुन नपाउने कुरा, यो सुशासन हो? महिलाको हिसाबले यो कुशासन भयो। म यो भन्न चाहन्छु। अर्को कुरा सुशासन प्रमुख अथवा न्यायालय कर्मचारी सबैको कुराहरू यहाँ उठाइरहँदा ठेक्कापट्टा, घडेरी बिक्री, म्यानपावर आदि आदि सञ्चालन भएको छ। धेरै मान्छेहरू यस्ता काममा जोडिँदा सरकार अलोकप्रिय बन्दै गएको छ। त्यसले गर्दा शक्तिशाली आयोग बनाएर छानबिन गर्ने कुरा यो सुशासनमा यो  ऐनमा आएको भए राम्रो हुन्थ्यो भनेर म फेरि पनि पुनः विचार गर्नको निम्ति ध्यानाकर्षण गराउन चाहन्छु। अर्को कुरा,  श्रम ऐन, २०७४ मा  संशोधनलाई ५८ लाई ६० पुऱ्याइएको छ। बेरोजगार बस्न नपर्ने पूर्व खाइपाई आएकाहरूलाई फेरि निरन्तरता दिने। खाइपाई आएका नपरेका मान्छेहरूलाई पनि संरचना बनाएर पूर्व न्यायाधीशहरू, पूर्व कर्मचारीहरूलाई फेरि स्थापित गर्ने र उनीहरूलाई  निरन्तरता दिने कुरा छ। यो कुराले आर्थिक अवस्थाले नेपालले थेग्न सक्दैन जनतामा यसको आक्रोश छ, निराशा छ, यो विषय यो विषय मिलेन भन्न चाहन्छु म यो विषयमा सरकारले विचार गरोस्। अर्को कुरा २०७५ को संशोधनमा सामाजिक सुरक्षा भत्ताको वितरणमा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गर्दा दोहोरोपना आउने भनेको छ। हालको अवस्था के छ? आज मैले तीन वर्ष अगाडि फोटो खिचेको मेरो जिल्ला प्रशासनबाट अहिलेसम्म मेरो त्यो परिचयपत्र आएको छैन। अनि कसरी हामीले यो काम अहिले गर्न सक्छौं। किन यस्तो खालको ढिलासुस्ती भएको छ। (.... समय सकिएको।)

(१३:२८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य डा. अन्जान शाक्य।

(१३:२८ बजे) **माननीय डा. अन्जान शाक्य (मनोनित)** :- सम्माननीय अध्यक्ष महोदय, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकमा सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ मा भएको संशोधनले सार्वजनिक प्रशासनमा महत्त्वपूर्ण सुधारहरू ल्याउनेछ। दफा ३ पछि थपिएको दफा ३ (क) मा नेपाल सरकारबाट कार्यसम्पादन भएको मानिने विषयहरूको स्पष्ट व्यवस्था गरिएको छ। यस अनुसार प्रचलित कानुनमा नेपाल सरकारबाट सम्पादन हुने भनिएका विषयमध्ये तोकिएका विषयहरू

नेपाल सरकार मन्त्रिपरिषदबाट र अन्य विषयहरू कार्यसम्पादन नियमावली वा अधिकार प्रत्यायोजन अनुसार सम्बन्धित मन्त्री वा राजपत्रांकित विशिष्ट श्रेणीका अधिकृतबाट सम्पादन हुनेछन् यस्तो कार्य नेपाल सरकारबाट नै सम्पादन भएको मानिने प्रावधानले प्रशासनिक प्रक्रियालाई सरलीकृत गर्न मद्दत पुग्नेछ। दफा १५ "क" को उपदफा १ मा निर्णय गर्नुपर्ने विषयसँग सम्बन्धित सूचना, प्रमाण वा कागजात प्राप्त भएको सात कार्य दिनभित्र निर्णय गर्नुपर्ने समय सीमा तोकिएको छ। यस प्रावधानले नागरिकलाई दिइने सेवाहरू छिटो र प्रभावकारी रुपमा प्रदान गर्न सहयोग पुग्नेछ। यसैगरी निर्णय नगर्ने वा पन्छाउने पदाधिकारीहरूलाई एक तहमाथिका अधिकारीले चेतावनी दिने वा पन्छाउने पदाधिकारीहरूलाई एक तह माथिका अधिकारीले चेतावनी दिने र विभागीय सजाय नहुने पदाधिकारीलाई नियुक्त गर्ने अधिकारीले स्पष्टीकरण माग गर्ने प्रावधानले जवाफदेहिता सुनिश्चित गर्नेछ। चेतावनीको अभिलेख राखिने र यसलाई कार्यसम्पादन मूल्याङ्कनमा आधार मानिने व्यवस्थाले सुशासन कायम गर्न उल्लेख्य योगदान पुर्‍याउनेछ। दफा ३७ "क" मा नागरिकलाई प्रत्यक्ष र शीघ्र सेवा प्रवाहमा पहुँच दिन नागरिक एप बनाई लागु गर्ने व्यवस्थाले संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूलाई डेटा संकलन र सेवा प्रवाहमा सहजता प्रदान गर्नेछ यस प्रविधिको प्रयोगले सेवा प्रवाहलाई छिटो छरितो र पारदर्शी बनाउन मद्दत पुग्नेछ। अर्थात् नागरिक एपको व्यवस्थाले प्रविधिको प्रयोगलाई कानुनी मान्यता दिई नागरिकहरूलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सेवामा पहुँच बढाई नागरिकहरूले सेवा लिन कार्यालय धाउनु नपर्ने भएकाले समय र खर्चको बचत हुने सुनिश्चित गर्नेछ। यो प्रतिस्थापन विधेयकले प्रशासनलाई अधिक जवाफदेही पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले ल्याएको देखिन्छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको संशोधनले स्थानीय तहमा नेतृत्वको निरन्तरता सुनिश्चित गर्दछ। अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख दुवै निलम्बनमा परेमा वा कुनै पद रिक्त भएमा कार्यपालिका सदस्यहरूले आफूमध्येबाट छनोट गरेको सदस्यले कार्यवाहक भई कार्य गर्ने व्यवस्था गरिएको छ। त्यसैगरी वडा अध्यक्षको तहमा पनि त्यही प्रक्रिया छ। यस प्रावधानले पदहरू खाली रहँदा पनि कार्यहरू निरन्तर रुपमा सञ्चालन हुने सुनिश्चित गर्दछ। र नागरिकहरूको दैनिक कार्यमा अवरोध हुनबाट रोक्नेछ। समग्रमा यी संशोधनहरूले सुशासन, पारदर्शिता, जवाफदेहिता र सेवा प्रवाहमा प्रभावकारिता बढाउन उल्लेखनीय योगदान पुर्‍याउने देखिन्छ। यस्ता सुधारहरूले नेपालको सार्वजनिक प्रशासनलाई अझ बढी नागरिक मैत्री र कुशल बनाउन मद्दत गर्नेछ। यो देशको हितमा छ, त्यसैले म यस विधेयकको समर्थन गर्दछु। धन्यवाद।

(१३:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य तारामान स्वाँर।

(१३:३१ बजे) <u>माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, मैले हात त उठाएको थिएन तर नाम आयो। अब मेरो यसमा खासै भनाइ के छ भने पूर्ववक्ता माननीयज्यूहरूले जुन राख्नुभएको छ सुशासन सम्बन्धी जुन विधेयक छ अब यो हुन त प्रतिस्थापन विधेयकको रुपमा आउनुपर्ने थियो। किनभने यो सामान्य विधेयकको रुपमा त आएको होइन। सामान्य विधेयक र अध्यादेशबाट आएको विधेयकमा फरक छ र यसको छलफलको प्रक्रियामा पनि फरक नै देखिन्छ त्यसकारणले यो प्रतिस्थापन विधेयकको रुपमा नै आउनुपर्थ्यो। तर यहाँ अब के के भयो। यो विधेयकको रुपमा नै आएको छ। र यो विधेयक मा आएका कतिपय विषयहरू पूर्ववक्ता माननीय डा. बेदुराम भुसाल, माननीय गोपीबहादुर सार्की आछामीले भनेजस्तै हाम्रो विधायन जुन ऐन बनेको छ त्यो विपरीत भएको हुनाले पनि यसमा सच्याउनुपर्ने विषयहरू रहेका छन्। र त्यसको साथसाथै अब सबै उ हरू कर्मचारीलाई दिने ब्युरोक्रेट्सलाई दिने भन्ने कुराहरू पनि अमिल्दो रहेको छ। त्यसकारणले यसमा अझै गम्भीर छलफल गरेर परिमार्जनसहित सरकारले यसलाई फेरि ल्याउन फिर्ता लिएर फेरि ल्याउन आग्रह गर्दै आफ्नो भनाई यहीँ अन्त्य गर्छु। हवस् त धन्यवाद।

(१३:३३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:३३ बजे) <u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्षज्यू, जुन किसिमले यो सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा सम्बन्धी बनेको प्रतिस्थापन विधेयक छ त्यो आफैमा स्पष्ट छैन कि भन्ने लाग्यो। किन त भन्दा यो सुशासनका नाउँमा हामीले माग गरेका थियौं। त्यस्तै आमाको नाममा नागरिकता भएन, आमाको नाममा नागरिकता हुनुपर्छ भन्ने कुरा छैन। अहिले भ्रष्टाचारका नाउँमा सर्वोच्च अदालतले फैसला गरिसकेको विषय पनि लामो समय भयो कार्यान्वयन भएको छैन। अनि हामी सुशासनको कुरा गरिहेका छौं। र सुशासनका बारेमा हामीले विभिन्न किसिमले हामीले यो विधेयकहरूलाई अगाडि बढिरहेका छौं। त्यस्तै यो निःशुल्क सेवा उपलब्ध गर्दाखेरिमा राजस्वमा त्यसले के असर पार्छ भन्ने बारेमा पनि हामीले ध्यान दिएका छैनौं। त्यस्तै यो पटक पटक आइरहेको छ। योगमाया विश्वविद्यालय अगाडि फुर्का जोडेर किन विदुषी भन्न पर्‍यो। फेरि त्यो किन हिमालयन

राख्नुपर्‍यो। भने यस्ता फुर्का किन जोड्नु पर्‍यो। यो कुन स्वार्थका कारणले यहाँ जोडिएको छ र यी कारणले गर्दा प्रतिस्थापन विद्येयक उचित छैन। यसलाई फिर्ता लिनुपर्छ भन्ने मेरो भनाई हो। हवस् धन्यवाद।

(१३:३५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोपाल भट्टराई।

(१३:३५ बजे) **माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाललाई संशोधन गर्न बनेको विधेयकमा हामी छलफल गर्दैछौं, यो प्रतिस्थापन विधेयकमा। खास गरेर यो विधेयक सार्वजनिक सेवामा देखिएका समस्याहरू एउटा फाइल गयो भने महिनौ, वर्षौं अड्किने र काम गर्ने मान्छेहरूले काम छोडेर भाग्ने यस्तो अवस्थालाई व्यवस्थित गर्नको निम्ति एउटा सार्वजनिक सेवाको निम्ति छिटो भन्दा छिटो एक हप्ताभित्र फाइललाई अगाडि बढाइसक्नुपर्ने भन्ने एउटा व्यवस्था ल्याएको छ त्यो असाध्यै अहिलेको आवश्यकता अनुसार आएको छ। अब विदेशमा रहेका नेपालीहरू जसले यहाँ अलि लामो समय बस्ने, यहाँ लगानी गर्ने, अहिले लगानी नभित्रिरहेको अवस्थामा उनीहरू लगानी भित्र्याउन तत्पर रहेको अवस्थामा उनीहरूलाई झन्झटिला प्रक्रियाहरूले गर्दा अब उनीहरूको उनीहरूलाई परिवारलाई यहाँ १० वर्षसम्म बस्नको निम्ति व्यवस्था गर्ने कुरा यो असाध्यै उपयुक्त छ। किनभने भोलि उनीहरूलाई यता आकर्षित गरेर त्यहाँ सिकेका सीपहरू, त्यहाँ कमाएको सम्पत्ति त्यसलाई यहाँ ल्याएर काम गर्ने वातावरण सिर्जना हुने भएको हुनाले पनि यो असाध्यै आवश्यक थियो। अब यी सबै कुरा त यो तीन मिनेटमा भन्न भ्याइँदैन। यी नमूना कुराहरू मैले राख्न चाहन्छु र यो सामाजिक सुरक्षामा मा हुने व्यवस्था यो राष्ट्रिय परिचयपत्र लागु गरेपछि करिब तीन चार अर्व पैसा चाहि कम लाग्यो भन्ने चाहि सुनियो। यो दोहोरो नागरिकता लिने, दोहोरो सुविधा लिने कुराहरू पनि छन्। त्यसो भएर यसलाई छिटोभन्दा छिटो परिचयपत्र बनाउने कुरामा ध्यान दिनुपर्छ सरकारले तर यसलाई लागु गर्नुपर्छ भन्ने मलाई लाग्छ। अर्को यो उमेर उमेर हदको कुरा छ अढ्चालीस, उनान्चास वर्ष सरदर आयु हुँदा भएको उमेरलाई अहिलेसम्म त्यो उमेर हद राख्नु बेठिक थियो। त्यो अब एकहत्तर, बहत्तर वर्ष पुगिसकेको छ। त्यसो भएको हुनाले ६० वर्ष पुर्‍याउने कुनै ठुलो कुरो होइन। यति कुरा राखेर यसलाई (.... समय सकिएको।)

(१३:३८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य रेनु चन्द।

(१३:३८ बजे) <u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, अघि यहाँ रुलिङको क्रममा यो प्रतिनिधि सभाबाट उत्पत्ति भएको भन्ने आयो। यो प्रतिनिधि सभाबाट उत्पत्ति भयो कि अध्यादेशबाट उत्पत्ति भएको हो मेरो विचारमा यो अध्यादेशबाट उत्पत्ति भएको र दुईटै हाउसबाट पास भएर आएको हुनाले यो नियमावली ९३ फेरी एकचोटी गम्भीरतापूर्वक सबैले हेर्नुपर्‍यो भन्ने म आग्रह गर्न चाहन्छु। हामी सत्तापक्षमा छौं अथवा विपक्षमा छौं भन्ने कुरा पछि मान्य राख्छ। हामी राष्ट्रिय सभाका सदस्य हौं। र आफ्नो संसदीय duty बाट बैमानी गर्न हामीले पाउँदैनौं। यो सुशासन प्रवर्धन गर्ने भनेर यो ल्याएको भन्ने छ। मेरो अर्को प्रश्न के छ भने यो अब प्रतिस्थापन विधेयक हो कि यो नर्मल विधेयक हो? यो नर्मल विधेयकको रुपमा यहाँ प्रतिस्थापन लेखेको देखिएन, नर्मलै हो भनेपछि अब यो विधायन समितिमा जान्छ कि जादैन? र सुशासन प्रवर्द्धन गर्ने कुरा गरेको छ अब अध्यादेशबाट कानुन बनाउने सदन छल्ने १२ वटा ऐन संशोधन गर्ने कुरा गर्ने संसदको अधिकार एक्सरसाइज गर्नबाट बन्चित गराउने अब सम्माननीय प्रधानमन्त्रीज्यूलाई त सदनमाथि खासै विश्वास छैन दुईचोटि उहाँले सदन विघटन नै गर्नुभएको हो। र पछिल्ला चोटी छ, छ वटा अध्यादेश ल्याएर अझ पनि उहाँलाई संसदीय अभ्यासप्रति विश्वास छैन भन्ने पुनर्पुष्टि गर्नुभएको छ। तर पब्लिकलाई त आफ्नो सांसद र आफ्नो जनप्रतिनिधि माथि विश्वास छ। उसले त कानुन यही जनप्रतिनिधि मार्फत बनाउने हो। सदन र संसदको अधिकार कटौती गराएर कस्तो र कसरी सुशासन प्रवर्धन हुन्छ। The morning shows the days भनेजस्तै विधेयकको नाम लेख्ने ढंग त पुऱ्याइँदैनन्, कहाँबाट सुशासन कायम हुन्छ। त्यसैले यो सार्वजनिक सेवा लागु हुने विश्वास त खासै पत्यार लाउन सकिएन यो गतिविधिले गर्दाखेरि यो प्रक्रियागत रुपमा संसदीय अभ्यासको विपरीत रहेकोले यसलाई अस्वीकार गर्दछु। धन्यवाद।

(१३:४० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१३:४० बजे) <u>माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सुशासन प्रबर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ मा छलफल गरिराखेका छौं। मैले यो दुई

तीनवटा विषयमा मात्रै राख्न खोजेको छु। र सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४ मा संशोधन गरेको छ। उक्त ऐनको दफा ३ पछि ३ "क" थपिएको छ। यसो हेर्रे मैले त्यसमा त्यहाँ नेपाल सरकारले अधिकार प्रत्यायोजन गरेपछि मन्त्रीले र मन्त्रीले अधिकार प्रत्यायोजन गरेपछि अनि विशिष्ट श्रेणीको अधिकृतले कार्यसम्पादन गरेको कुरालाई नेपाल सरकारले गरेको मानिनेछ भन्ने लेखिएको छ। यसो हेर्दाखेरि त्यसलाई त्यो त अराजकता, बेथिति र मनपरी निम्त्याउँदैन भनेको त्यसले अब त्यो त तल तल सर्दै सर्दै सर्दै तल जाँदाखेरि कनिष्ठसम्म पनि पुग्ने होला नि त यो। अब यसले सरकारको कर्तव्य, अधिकार र हैसियत कहाँ पुर्याउँछ होला? यो चिन्ताको विषय हो। अर्कोतिर मुलुकी ऐन फौजदारी कार्यविधि संहिता, २०७४ संशोधन गरेर दफा ११५ को उपदफा १ को सट्टा उपदफा १ थपिएको छ। त्यहाँ पहिलोपटकको कसुरदारलाई एक वर्षसम्मको कैद सजायलाई नगद तिरेमा उन्मुक्ति पाउने बनाइएको छ। यसले अब कैद र नगद जरिवानालाई कैदसँग तुलना गर्न मिल्छ कि मिल्दैन? अपराधीलाई एक दिन भएपनि जेल हाल्नुपर्छ कैद गर्नुपर्छ। छुट किन ? यसले अनि मण्डले प्रवृत्तिको पुनरावृत्ति गराउँदैन भन्या यसले। त्यसैले नगद पैसा हुनेले जे पनि गर्न पाइन्छ भन्ने बेथिति र बेइमानीलाई प्रोत्साहन गर्छ यसले। त्यसैले यो विधेयक जनपक्षीय छैन। अर्कोतिर योगमाया आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ लाई संशोधन गरेर योगमायाको नामको पछाडि हिमालयन थपियो। त्यो किन थपियो? के आपतविपत आइपर्यो । योगमाया विश्वविद्यालयको नाम परिवर्तन नगरि नहुने। यसले कसैको स्वार्थसिद्धिको चाकरी त गरेको छैन? हामीले फर्केर हेर्नुपर्छ। अनि हिमालयनको व्याख्या किन गरिएन। परिभाषा किन गरिएन? विदुषीको परिभाषा किन गरिएन? यसभित्र केही न केही छलकपट देखिन्छ। यसैको दफा ७ उपदफा २ (ञ) १ (ञ) २ एक थपिएका छन्। (ञ) एकमा एकजना महिलासहित दुईजनाको सट्टा तीनजना बनाइएको छ। (ञ) दुईमा दुईजना महिलासहित चारजना भनेर बनाइएको छ। साविकको (ढ) मा एकजना महिला सहित तीनजना भन्ने व्यवस्था गरिएको छ। (.... समय सकिएको।)

(१३:४३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य शारदा देवी भट्ट।

(१३:४३ बजे) **माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, सुशासन तथा प्रवर्धन सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकहरूको म पूर्ण समर्थन गर्न चाहन्छु। जस्तै भीसा सम्बन्धी, सुशासन सम्बन्धी,

नागरिकता सम्बन्धी अन्य थुप्रै नेपाली ऐनलाई मान्यता कानुनी महत्त्वको साथ यो विधेयक आएकोले यसलाई म पास गर्न अनुरोध गर्दछु। धन्यवाद।

(१३:४४ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१३:४४ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यादेशलाई प्रतिस्थापित गर्ने उद्देश्यले ल्याइएको एउटा विधेयक जसमा केही लेखिएको छैन। सुशासन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक को बारेमा धेरै लामो भन्नका लागि हामी सँग समय छैन। त्यसैले छोटो भन्नुपर्नेछ र सिधै टक्क सम्बन्धित विषयमा जाँदाखेरि म के भन्न चाहन्छु भन्दाखेरि मुलुकी ऐन फौजदारी कार्यविधि संहितालाई संशोधन गर्नका लागि जुन एउटा प्रावधान आएको छ। कैद वापत रकम तिर्न सकिने भर्खरै विष्णु माननीयज्यूले भन्नुभए जस्तै त्यसले पैसा र धनाढ्यहरूलाई जेल जानबाट वञ्चित गर्नेछन्। अपराध जघन्य अपराधको सन्दर्भमा त सायद नहोला। तर सानो सानो अपराधको सन्दर्भमा पनि जसलाई जेल जानुपर्ने हुन्छ, जेलै जाक्नुपर्ने हुन्छ। ती मान्छेहरू त कहिल्यै पनि जेल नजानेभए पैसा तिर्दिने भए जेल जानबाट बच्ने भए त। त्यसले झन् अपराधलाई प्रश्रय दिन्छ, होला उत्साहित गर्छ होला भन्ने मलाई पनि लाग्छ। त्यसैले यो ठिक छैन। हामीले जुन भन्ने गरेका थियौं यो सरकार पुँजिपतिहरूको, धनाडढ्यरूको, बिचौलियाहरूको, दलालहरूको आड भरोसाबाट निर्माण भएको थियो, हाम्रो यो भनाइलाई यो प्रावधानले पुष्टि गर्छ भन्ने मलाई लाग्दछ। त्यसैगरी अर्को स्वास्थ्य बीमा ऐन अन्तर्गत जुन कार्यकारी निर्देशक छ यो कार्यकारी निर्देशक भनेको के हो? बोर्ड नम्बर हो भने सायद कार्यकारी निर्देशक executive Director भन्ने हुँदैन होला। प्रवन्ध निर्देशक अथवा Managing director भन्नु पर्ने हुन्छ होला। यदि कार्यकारी निर्देशक हो भने त्यो त एउटा कर्मचारी हो, सञ्चालक होइन। यहाँ यसले सच्याएको छैन। त्यसैगरी योगमाया विश्वविद्यालय भन्ने सम्बन्धमा पनि थुप्रै माननीयज्यूहरूले भन्नुभए जस्तै एउटा त म म पनि के भन्न चाहन्छु भन्दाखेरि यो नाम थपेर विभिन्न फुर्काहरू बाँधेर किन ल्याइयो? एउटा कुरा विदुषी हुनुहुन्थ्यो कि, अभियन्ता हुनुहुन्थ्यो कि? विरंगना हुनुहुन्थ्यो कि? यो कुरा यथावत छोडदिएको भए हुन्थ्यो यो यहाँ भनिएको छैन त्यसैले एउटा कुरा छ। अर्को यो भ्रष्टाचारीलाई कारबाही गर्ने सम्बन्धमा हुनत ऐनहरू पनि छन्। त्यो बारेमा यहाँ सायद भन्नुपर्ने छैन होला भनेर पनि होला। तर कुरो के हो त भन्दाखेरि

भ्रष्टाचारीहरूलाई अघिल्लो सरकारले आदरणीय अध्यक्ष प्रचण्डको नेतृत्वको सरकारले जुन तीव्र गतिमा कारबाही गरेको थियो। त्यतातर्फ यसले कुनै कदम चालेको छैन। यो विधेयकले पनि केहि कदम चालेको देखिदैन। त्यसैगरी यसको रूप पक्ष हेर्दाखेरि त यसको ठिकै नै होला। तर सारमा जाँदाखेरि यो बिलकुल बेठीक छ, प्रक्रिया यसले मिचेको छ। त्यसकारणले यो विधेयक यो जुन अहिले यो विधेयक आएको छ। यो विधेयक ल्याउनुको नियत पनि ठिक नभएको हुनाले यो विधेयकलाई अस्वीकृत गरियोस् भन्ने माग जोडदार रुपमा राख्न चाहन्छु। धन्यवाद।

(१३:४७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य घनश्याम रिजाल।

(१३:४७ बजे) **<u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथि छलफल गरिरहेका छौं। यो विधेयक जनपक्षीय छैन भन्ने कुरा पूर्ववक्ता धेरै माननीयहरूले यहाँ भनिसक्नुभएको छ। यो विधेयकमा २०६४ को दफा २१ को ३ मा संशोधन गरेर यो काममा ढिलासुस्ती गर्ने कर्मचारीलाई पनि मन्त्रीले पनि त्यसमा निर्देशन दिन नपाउने, सचेत गराउन नपाउने भनेर मुख्यमन्त्रीलाई नै यसको अधिकार दिएको छ। मुख्यमन्त्रीलाई यसको जिम्मेवारी दिएको छ। यसले कर्मचारीतन्त्रमा भएको वेथितिलाई झन् बढावा दिने देखिन्छ। त्यसैले गर्दाखेरि पनि यो विधेयक ठिक छैन। यो गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा २ को खण्ड (क) को परिभाषा (क) को एउटा, (क) ३ मा विदेश बस्ने नेपाली नागरिकलाई पनि गैर आवासीय नेपाली भनेको छ। यसमा स्पष्ट के देखिएको छैन भने यो अस्थायी रुपमा विदेश बस्ने हो कि, स्थायी रुपमा विदेश बस्ने हो। कामका सिलसिलामा, पढाइका सिलसिलामा विदेश बस्नेलाई पनि गैर आवासीय नेपाली भन्न खोजेको हो कि के हो? यो स्पष्ट छैन। त्यसैगरी कसुरजन्य सम्पत्ति तथा साधन रोक्का र नियन्त्रण जफत ऐन, २०७० को दफा २६ को पछि २६ (क) थपेर कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागलाई अदालतले प्रयोग गर्ने अधिकार समेत यसलाई दिन खोजिएको छ। यसले अदालतको क्षेत्राधिकारभित्र समेत प्रवेश गर्न खोजिएको छ। त्यसैले गर्दाखेरि यस्ता धेरै यस्ता प्रावधानहरू छन् जसले यो विधेयक जनपक्षीय छैन। अघि नै धेरै पूर्ववक्ता माननीयज्यूहरूले भन्या जस्तै बिचौलिया र दलालहरूको सेवा गर्ने ढंगले यो विधेयक आएको छ। त्यसैले यसलाई स्वीकार गर्न सकिँदैन। म यो सरकारले, यो विधेयकलाई फिर्ता लगोस्। र पुनः यो विधेयक विधायन

समिति मार्फत यो संसद मार्फत छलफल गरेर पुनः अगाडि बढाउन पहलकदमी लियोस् भन्ने भनाई राख्छु। धन्यवाद।

(१३:४९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:४९ बजे) **माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो एकैचोटि १२ वटा ऐनलाई संशोधन गर्न प्रस्ताव गरिएको यो अध्यादेशबाट प्रतिस्थापन विधेयक एकैपटक यति धेरै ऐन संशोधन गरी प्रभावकारी ऐन बनाउनको लागि संसदीय विधिगत छलफलको यथेष्ट समयको आवश्यकताबाट यो वञ्चित गरिएको छ। सरकार परिपक्व कानुन बनाउन होइन संसदीय सर्वोच्चता र प्रत्यायोजित विधायनमा विधायिकी भूमिका खुम्च्याएर संसदलाई काबुमा पार्न उद्दत रहेको देखिन्छ। सम्माननीय अध्यक्ष महोदय, यो विधेयकमा रहेका प्रावधानहरू हेर्दा गैर आवासीय नेपालीहरूको परिचयपत्र र भिसाको विषय द्विविधायुक्त र अन्तरविरोधी छ। दफा २ (१) खण्ड (क) को २ मा नेपाली मूल केलाई भन्ने साविकमा नेपालको नागरिक रहेकोमा नेपालको नागरिकता त्याग गरी विदेशी राष्ट्रको नागरिकता लिएको व्यक्ति भनी कतै किटान भएको देखिँदैन। विधेयकले गैर अवासिय नेपाली नागरिकका लागि समस्या सिर्जना गर्दछ। यस विधेयकमा स्वास्थ्य बीमा ऐनको संशोधन स्वार्थ प्रेरित भएर आएको छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा भएको संशोधनले अपराधलाई प्रोत्साहन गर्नेछ। शिक्षा क्षेत्रको चासोको रुपमा रहेको विद्यालय शिक्षा विधेयक छलफलमा रहेको र यसलाई शीघ्र समितिबाट संसदमा पेश गर्न मेहनत गर्नुपर्ने बेलामा शिक्षक सेवाको निवृत्ती भरण संशोधन गर्न जायज छैन। शिक्षकहरू समेत यो प्रावधानको विरोधमा रहेको अवस्था छ। ऐन कार्यान्वयनको लागि अघि बढ्नुपर्नेमा योगमायाको नाममा राखिएको आयुर्वेद विश्वविद्यालयको नाम परिवर्तन कुनै पनि आधारबाट उपयुक्त आधारहरू छैन। सम्माननीय अध्यक्ष महोदय, सरकारले यो विधेयक प्रतिस्थापन विधेयक फिर्ता लिएर पुनः विधायिकी अधिकारसहित अर्को विधेयक ल्याउनको लागि सुझाव दिन चाहन्छु। धन्यवाद।

(१३:५२ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, “प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन

गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१३:५३ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गुरुङः**- सम्माननीय अध्यक्षज्यू, अहिले हामी सुशासन प्रवर्तन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनहरूलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको सैद्धान्ति छलफलको क्रममा यहाँ उपस्थित छौं। १९ जना माननीयज्यूहरूले आफ्नो धारणा राख्नु भएको छ। आफ्नो धारणा राख्नु हुने सबै माननीयज्यूलाई म धन्यवाद दिन चाहन्छु। उहाँहरूको विचारप्रति म सम्मान व्यक्त गर्न चाहन्छु। धेरै मननीयहरूले विचार राख्नु भएको छ। तर म यो छलफलकै क्रममा यहाँ उपस्थित हुँदाखेरि फेरि पनि यस बारेमा हामीले लामो छलफल चलाइसक्या छौं। अस्तिको यो विधेयक अस्वीकार गरियोस् भन्ने प्रस्ताव माथि प्रस्ताव अनि हामी छलफलै गाऱ्या छौं। त्यसकारणले मैले लामो कुरा भनिराख्नुपर्छ जस्तो लाग्दैन। अब यो कहाँबाट मैले सुरु गर्छौं भने थोरै धेरै माननीयज्यूले उठाउनुभएको विषय। एउटा गैरआवासीय नागरिकता सम्बन्धीत थोरै थोरै कुरा गठ्या छ यहाँनिर। योगमयको बारेमा धेरैले उठाउनुभएको छ। त यसमा म के भन्न चाहन्छु भनेदेखि यो तपाईंले देख्नुभो एकथरी साथीहरूले योगमय विश्वविद्यालयको नाम परिवर्तन गरेको कुरा। गाठमाथीको खटिरो जस्तो ठान्नुभयो तपाईंहरूले। हामीले ठान्यौं, सत्तापक्षले के ठान्यों, सरकारले के ठान्यों, विधेयक प्रस्तावक मैले पनि के ठाने भनेदेखि हामीलाई त यो फूल माथिको बुट्टा जस्तो। सुन माथिको सुमन जस्तै लागिरहेको छ। मेरो उत्तर यति हो यसमा। अर्को कुरा म के भन्न चाहन्छु भने हाम्रो यो प्रतिपक्षमा बसेपछि अझ कहिले कोही प्रतिपक्ष, कहिले कोही सत्तापक्ष आह्वान भइरहन्छ। मैले यो सामान्य कुरा गरे कसैको ... भन्दा पनि। हाम्रो एउटा स्वभाव के रहेछ, प्रवृत्ति के रहेछ यो प्रणालीको भन्दाखेरी यो यसको बारेमा भन्दाखेरि मैले अस्ति पनि प्रदेशमा कुरा उठाएको थिएँ हैन। एउटा उदाहरण दिन चाहन्छु म। त्यो उदाहरण दिएपछि काफि हुन्छ जस्तो लाग्छ मलाई त्यसपछि धेरै उत्तर दिइराख्नुपर्छ भन्ने लाग्दैन। पच्चीस, छव्वीस २६ सालतिर पृथ्वीनारायण क्याम्पस पोखरा म धेरै अञ्चलबाट विद्यार्थीहरू पढ्न आउने। होस्टेल सानो भाको, विद्यार्थी होस्टेलमा बस्थे सबै। बाहिर डेरा गरेर बस्ने विद्यार्थी सबै पोखरा होटेल भन्ने थियो हाम्रो एकजना नेवार दाईको। त्यो पोखरा होटलमा

खाना खाने रहेछ महिनावारी। खाना खाने रहेछन् महिनावारी खाना खाने विद्यार्थीहरू मध्ये एक जाना विद्यार्थी जहिले पनि खाना खाइसकेपछि सुत्न जाने बेलामा, टेबलबाट उठ्ने बेलामा आज खाना अलि ढिलो भयो भन्ने। कहिले खान अलि साह्रो भएछ भन्ने, कहिले नुन किन चर्को गरेको आज भन्ने। कहिले आज नुन नहाल्नु भो भन्नी कहिले पिरो भए छ भन्ने। कहिले दाल पातलो भयो भन्ने, कहिले दाल बाक्लो भयो भन्ने, एउटा एउटा  दोष लगाइरहने बानि रहेको छ उनको। अनि सबै साथीहरू दिक्क लाग्यो, अनि होटेलवाला पनि दिक्क लाग्यो। अनि होटलवाला ती दाई र  अरु साथीहरू  उहाँसँग खाना खाने, सँगै पठ्ने साथीहरू चाहि सल्लाह गरेछ के। आज यसले चाहि कुरा काट्नै नपाउने एउटा ठाउँ बनाउ त। खान पनि गिलो पनि नहुने सह्रो पनि नबनाउने ध्यान दिने। दाल पानि साह्रै पातलो नबनाउने, बेसरी बाक्लो नबनाउने।यसले भन्या जस्तो नुन चर्कोले नहोस् अलि पनि नहोस्। खुर्सानी पीरो पनि नहोस्, कम पनि नहोस्। सबै कुरा मिलाएर पकाउँ पकाउनुस्। हामी पनि सँगै खान्छौ हेर्छौं यसले के भन्दो रहेछ आज भनेर भनेको त्यस्तै बनाएको छ खान। खाइसक्यो सबै सवै उठ्यो बेलामा त्यो साथीले के भनेछ फेरि भने, आव पनि एक ढिक्क नुन बढिलेको भए नुन त चर्कै हुन्थ्यो भनेछ। हो त्यो साथी र प्रतिपक्षीको आफ्नो भनाइको कुरा म कुनै फरकै छैन। एउटा एउटा दोष लगाइ राख्ने। एउटा एउटा चाहि समस्या देखाइराख्ने। एउटा एउटा गलत छ भन्ने देखाइराख्ने प्रतिपक्षको धर्मै रहेको छ। त्यसैले त्यसको पनि धेरै ओखती छैन भने लाग्छ मलाई। र हामीले सबै चाहि हामीले ल्याएको विधेयकहरू जस्तो १२ वटा  ऐनमा हामीले संशोधन गऱ्यौं। किन संशोधन गऱ्यौं भनेदेखि हामी सबैलाई थाहा छ नि। यता बसे पनि, यता बसे पनि, यता बस्नेहरू पनि, यता बस्नेहरूको सबैको  साझा  शत्रु भनेको कुशासन हो। यो कुशासन या जनतालाई सार्वजनिक सेवा प्रवाह गर्न नसक्ने, नहुने जुन खालको परिस्थिति बन्या छ। र नेपालको यी विद्यमान कानुनहरूले  सुशासन कायम गर्ने कुरामा जुन खालको अवरोध सिर्जना गऱ्या छ, द्वन्द चाहि सिर्जना गऱ्या छ। अन्तर द्वन्द सिर्जना गऱ्या छ, विघनबाधा चाहि उत्पन्न गऱ्या छ। समस्या उत्पनन गऱ्या छ। त्यसलाई  कमसेकम कतिवटा विद्यमान ऐनहरूमा संशोधन गरेर यो अध्यादेश ल्याइयो, प्रतिनिधि सभामा ल्याइयो भन्नु भन्दापनि कति धेरै आवश्यकता रहेको छ भने हमीलाई बुझ्नु पर्छ। त्यति धेरै ऐन, कानुन भने हाम्रो सुशानमा बाधा रहेछ भन्ने कुरा। मध्यनजर राखेर हामीले  यो सबै चिज ल्याएको। अब म  अनुरोध के गर्न चाहन्न छु भने त्यसकारणले यो त यहाँ  तपाईंको ... ले एउटा गीत गाउँनु भएको छ। फूलको आँखामा फुलै संसार, काँडाको आँखामा काँडै संसार। हामीले त सरकारलाई त यो विधेयकमा ल्याएको प्रावधानहरू छ सबै फुलै फूल देख्या छ हामीले। तपाईहरू सबै यो काँडा काँडा देख्नु भएको छ। यो मिलन कहाँ निर हुन्छ। साँच्चै यो काँडैकाँडा छ त? विल्कुन हैन त्यो। हामीले त यो

सबै कुरा राम्रै गर्न ल्याएको छु। नागरिक एप केरे अहिलेको आधुनिक प्रविधि प्रगीग गऱ्यो भने हाम्रो चाहि सार्वजनिक सेवा अझ प्रभावकारी, अझ छिठी अझ छरितो, अझ चाहि मितव्ययी हुन्छ भनेर ल्याएको कुरा सुशानलाई के आवश्यक हुन्छ कि होइन। त्यसमा वरोध किन्न? मैले त्यही निर भन्याछु किन भने विरोध गर्ने ठाउँ नै देखदिन त्यसमा पनि। अनि नागरिकता यो चाहि के रे गैरआवासीय नेपालीहरूको थप भारिषा गरेको। एउटा गैरा आवशीय नागरिकता प्राप्त गरेको व्यक्तिहरू, एउटा नेपाली मूलका विदेशी नागरिकहरू, नेपाली नागरिक जो विदेशमा बसेको नेपाली नागरिक। विदेशमा बसिरहेको नेपाली नेपालमा आउँदाखेरि ………. लाई निशुल्क सःशुल्क भनै परेन। बाँकी दुईटा परिचय प्राप्त पत्र प्राप्त नेपाली मुलका विदेशी नागरिक र गैरआवासीय नागरिकता प्राप्त व्यक्तिहरू नेपालमा आउँदाखेरी भिषालिएर आउनु पर्दछ नि। हामी भ्रम नपराउन। गैरआवासीय नागरिकताको व्यवस्था किन गर्नुपरेको हो। तपाईं हामीले प्राप्त गरेको प्राप्त गर्ने जस्तो जेनेरल नागरिकता होइन त्यो। त्यो विशेष सुविधा मात्रै दिएको छ त्यो नागरिकताले। त्यसकारणले त्यो नागरिकता नेपालको लागि आउँदाखेरि प्रयोग गर्ने उसले। उसको देशमा बसेको त उसले यात ग्रिन कार्ड पाएको होला यात permanent residency भिषा पाएको होला, वा केही पाएको होला। उ यहाँ आउँदाखेरि तपाईंको केरे UK मा बस्या होला, America मा बस्या होला सबै मान्छे भीसै लिएर आउँछ नि यहाँ। हाम्रो गैरआवासीय कार्ड देखाएर के रे उनको सरकारले जहाँको उ नागरिक बनिसक्या छ। जहाँको PR बनिसक्या छ। छोड्छ र उसले छोड्दैन नि। त्यस्तो व्यक्ति दुईटा प्रकारको व्यक्ति परिचयपत्र प्राप्त नेपाली मुलका विदेशी नागरिकहरू र गैरआवासीय प्रमाणपत्र प्राप्त नेपाली नागरिकहरू जो लाई भीसा चाहिन्छ नेपालमा त्यो चाहि १० वर्षको लागि निशुल्क गरौन। किन भने चाइनाले भन्यौ नि Thailand को नागरिकहरू सबैलाई भिषा निःशुल्क। वा अमेरिकन भन्छ नि आफ्नो Tourism को प्रवर्धनको लागि वा आफ्नो मुलुकमा लगानीको प्रवर्धनको लागि उनीहरूले यस्तो प्रावधानहरू राखिरहेको हुन्छ। त्यो आकर्षण गर्नको लागि हामीले पनि हम्रो मुलुकमा पर्टनको प्रवर्धन गर्नु पर्ने छ। हाम्रो गैरआवासीय नेपालीहरूको नागरिकको लागानीलाई प्रवन्धन गर्नु पर्ने छ। उनीहरूको लगानीलाई आकर्षण गर्नुपर्ने छ। …. उनीहरूले के भन्नेछ भने उनीहरूलाई केही न केही सुविधा देउँ। ताकी नेपाल प्रतिको उनीहरूको emotional attachment कायम रहि रहोस्। उनका परिवारहरू धेरै आइरहने परिस्थिति बनोस्। यहाँ आउँछ अनि हाम्रो Tourism को promotion हुन्छ र हाम्रो लगानी प्रवर्धन पनि हुन्छ। उनीहरूले त्यहाँ आर्जन गरेको पूँजी, प्राप्त गरेको सीप, अनुभव सबै नेपालको विकासमा लगानी गर्ने परिस्थिति बन्यो भने त्यो मुलुको लागि धेरै राम्रो हुन्छ भने कुरा गलत छ र? हामी सबैले प्रतिपक्ष, सत्तालाई सबैले मुलुको समृद्धि खोज्या हैन हामीले। खोजेकै छौं। समृद्धिको विरुद्ध त हामी कोही पनि छैनौं। विदेशी लगानी

नेपालमा, गैरआवासीय नेपालीको लगानी प्रवर्द्धन गर्नु पर्छ भने हामी सबैको सहमति नै हौं हामी। कोही असहमत हैन, ल्याउनु हुदैन भन्ने कोही पनि छैनौ हामी । अनि सत्तपक्ष ल्यायौ भने यसमा विरोध गर्नुपर्छ भने  न देख्या हो त्यसकारणले मैले  तपाईंहरूको आँखमै काँडा छ अनि काँडै देख्नुहुनुहुन्छ भन्या मैले। त्यसो भएर यो सबै चिजालई प्रवर्द्धन गर्न ल्याएको मैले। अर्को कुरा छ भनेदेखि आजको अथार्थ त हो नि। यहाँ मन्त्री भएको माननीयज्यूहरू हुनुहुन्छ। कोही पालिको अध्यक्ष, प्रमुख भएर पनि आउनु भएको होला। कोही प्रदेशको मन्त्री भएर पनि आउनु भएको होला। कोही विभिन्न ठाउँहरू काम गरेर आउनु भएको होला। सार्वजनिक सेवा प्रवाहको ठाउँमा बसेर आएनु भएको होला तर आजको हाम्रो समस्या के हो। भएन समस्याहरूको। एउटा मान्छेले जनरिकता लिनको लागि वा कुनै कागजात लिनको लागि महिनौ कुर्नु पर्छ। ठकाइराख्या हुन्छ। त्यहाँ के रे आर्थिक चलखेल पनि भइराख्या हुन्छ। सारा हुन्छ। संविधानमा के व्यवस्था भएको संविधानमा, कानुनमा तोकिएको काम बाहेक अरू काममा अब चाहि कुनै पनि पदाधिकारीले त्यो जनताको समस्या उसको टेवलको ७ दिन भित्र पुरा गर्नु पर्छ। ७ दिन भित्र पुरा गर्न सकेन भने त्यसको कारण तीमिले दिनु पर्छ। र त्यो ७ दिन भनेको working 7 days भन्या हो त्यो। कहिले काही तीन चार ग्याप भयो भने त्यो पनि भन्या होइन। हामीले यो ७ कार्य दिनको प्रवन्ध गरेर ७ दिन भित्र सेवा प्रवाह गर्नुपर्दछ भने कुरा हामी सबैले खोजेको हैन? छिटो दिनुपर्छ भन्ने कुरो सत्तापक्षले पनि माँगेकै हो, प्रतिपक्षले पनि मागै कै हो। जनतालाई  जनताको सेवा ढिलो गर्नुपर्छ भन्ने हो र प्रतिपक्षको माग होइन नि। त्यसो भए यो प्रवन्धको किन विरोध गर्नुभएको तपाईंहरूले? यो बुझेको छैन मैले। त्यसकारणले म  अनुरोध गर्न चाहन्छु। अनि हामीले भन्यौं। यो शिक्षा सेवाको निर्वितिभरण जुन चाहि छ नि। त्यसमा हामीहरू सबै चाहि योगदानमा आधारीत निर्वितिभरण कोषको प्रवन्ध अरू सबै ठाउँमा भइसक्यो। शिक्षकहरूको पनि प्रबन्ध गरेको रहेको छ। शिक्षकहरूको निर्वितिभरण कोषको ऐन, २०७५ साल चैत ४ गते त्यो ऐन बनेको। तर अहिले पनि योगदानमा अधारित निर्वितिभरणकोषमा शिक्षाकहरू आवद्ध नभएको हुनाले उनीहरूलाई मार्का परेको। उनीहरू.... चाहि उनीहरूलाई मात्र विभेद भएको। त्यसकारण एउटा संशोधनमा छ त्यसलाई पनि संशोधन गरौं भनेर भनेको हो। त यो यही सन्दर्भमा  बढ्दाखेरि प्रतिनिधि सभामा पनि एउटा संशोधन आइ लाग्यो। त्यो संशोधनले के भन्यो भनेदेखि योगदानमा अधारित निर्वितिभरण कोष, शिक्षा सेवा निर्वितिभरण कोषको प्रवन्ध गरौं। त्यो प्रवन्धहरू यहिलेको प्रावधानमा ल्याएको छौं यो प्रवन्धले। संशोधनले के भने २०७५ सालदेखि समस्या पैदा हुन्छ। त्यसकारणले त्यो संशोधनले के भन्यो भने सरिता भुसालजीको संशोधनले के भन्यो भने २०८२ साल वैशाख १ गते देखि प्रारम्भ हुन्छ भने त्यसमा संशोधन गरौन भनौं प्रतिनिध सभाले त्यो चाहि स्वीकार गरे। हामीले त्यो चाहि स्वीकार गरेर त्यो

संशोधन सहित प्रतिनिधि सभाको संदेश यहाँ आएको हो। त्यसकारणले सम्माननीय अध्यक्ष महोदय, मैले यो भन्दा धेरै कुरा भन्नुपर्छ जस्तो लागेन। त्यसैले सम्पूर्ण माननीय सदस्यहरूलाई म अनुरोध गर्न चाहन्छु। सबै सत्तापक्ष, प्रतिपक्ष नभनौं, यो चाहि आजको आवश्यकता हो सुशासन कायम गर्ने कुरा। सार्वजनिक सेवालाई प्रभावकारी बनाउने आजको आवश्यकता हो। सबै माननीयज्यूहरू यो विधेयकलाई समर्थन जानाउनु भनेर यसलाई पारित गरेर अगाडि बढाउँन उपयुक्त हुन्छ भन्ने अनुरोध गरेर सम्माननीय सभाध्यक्ष महोदय, म आफ्नो भनाई टुङ्गयाउन चाहन्छु। धन्यवाद।

(१४:०५ बजे) <u>**सम्माननीय अध्यक्ष**</u> :- माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, "सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाह सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको

विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउँछु।

मानानीय सदस्यहरू, अब माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:०८ बजे) <u>भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री बलराम अधिकारी</u> :- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:०८ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्यहरू, माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले प्रस्तुत गर्नु भएको "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम २ मिनेटभित्र अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।सर्वप्रथम माननीय डा. बेदुराम भुसाल।

(१४:०९ बजे) <u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय यस अगाडिको छलफलमा माननीय मन्त्रीले दिनुभएको उत्तर सुन्दाखेरि त यो छलफलमा प्रतिपक्ष नबसोस्। उसले कुरा नउठाओस् भन्ने लाग्यो। यदि सत्तापक्षले त्यस्तै चाहेको हो भने प्रतिपक्षविहीन संसद चाहेको हो भने भनोस् हामी छलफलमा नबस्न सक्छौं। होइन भने गलत कुराहरू पनि छन् नि विधेयकमा सबै राम्रा राम्रा कुरा छन्। मन्त्रीजीकै आँखामा काँडा होइन रोग लागेको छ कि भन्ने शंका लाग्यो। गलत कुरालाई पनि सही देख्ने। त्यसकारणले म फेरि भन्न चाहन्छु सत्तापक्ष एक्लै बसेर यो विधेयक पास गर्न चाहेको हो? हो भने हामी उठ्न सक्छौं। छोड्दिन सक्छौं। होइन भने यो खालको तरिकाले

सहज तरिकाले जान सकिँदैन पहिलो कुरा, दोस्रो, यो विधेयक पनि जसरी मैले अघि कुरा उठाएको थिए त्यसैगरीकन गलत ढंगले आएको छ। संविधानको धारा १७ ले दिएको स्वतन्त्रताको अधिकारलाई हनन् गर्ने गरी आएको छ। कसरी स्वीकार गर्न सकिन्छ। संविधानको धारा १७ को (च)ले दिएको सम्पत्ति आर्जन गर्ने अधिकारलाई हनन् गर्ने गरी आएको छ। देशभरिको एउटा मात्रै सहकारीमा संगठित हुन पाउँछ एउटा व्यक्ति भन्ने कुराले स्वतन्त्रताको हकलाई मिचेको छ। अनि यसले जुन बचतको सिमा निर्धारण गरेको छ त्यसले व्यक्तिको सम्पत्ति आर्जन गर्ने स्वतन्त्रताको हकलाई मिचेको छ। यस ढंगले आएका विधेयकहरू माथि छलफल गर्दा उठाइएका विषयहरूमाथि यस ढंगले जुन गैर जिम्मेवार तरिकाले मन्त्रीहरू प्रस्तुत हुने गर्नुभएको छ त्यो एकदमै खराब छ। संसदप्रति अनुत्तरदायी छ। जनताप्रति अनुत्तरदायी छ। त्यति मात्र होइन मैले अधिभनेको थिए। हामीले पास गरेको दुवै सदनबाट पास भएर राष्ट्रपतिज्यू कहाँ गएर राष्ट्रपतिले सदर गरेको विधायन ऐन विपरितका प्रावधानहरू राखेर विधेयक ल्याइएको छ। यो विधेयकमा पनि त्यस्तै प्रावधानहरू छन्। गलत गलत प्रावधानहरू राखेर विधेयक लिएर आउने अनि प्रतिपक्षले उठाएका विषयहरूको जिम्मेवारपूर्ण तरिकाले जवाफ नदिएर गैर जिम्मेवार तरिकाले बोल्ने हो भने यसलाई त्यसै प्रक्रियाबाट सदन सहज तरिकाले सदन अगाडि जान सक्दैन भन्ने कुरा बुझोस्। र उत्तर आओस् सत्तापक्ष त्यसै गर्न चाहेको हो भने प्रतिपक्ष पनि तयार छ। धन्यवाद।

(१४:१२ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१४:१२ बजे) <u>माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, केही अघि नेपाल सरकारले ल्याएका अध्यादेशहरू व्यापक बहस छलफल हुँदै अहिले विधेयकको रुपमा यस सदनमा पेश भएका छन्। ती मध्ये एक सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न गर्ने विधेयक, २०८१ पनि रहेको छ। नेपालको अर्थतन्त्रको तीनमध्ये एक खम्बाको रुपमा सकारिएको सहकारीले नेपालमा दिगो विकासमा महत्वपूर्ण योगदान दिन सक्छ। यस क्षेत्रको नियमन राम्रोसँग नहुँदा अहिले केही सहकारी संस्थाहरूमा विकृति, विसंगति देखिएका छन्। जसका कारण समग्र सहकारी नै बदनाम हुने अवस्था देखिएको छ। यसैले ७३ लाखभन्दा बढी संलग्न सहकारी संस्थालाई यसको मूल्य मान्यतामा सञ्चालन गरेर सर्वसाधारण जनताको बचतको सुरक्षा गर्नको लागि नियमन गर्न आवश्यक थियो। यसको लागि सहकारी

सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक आएको छ। यो स्वागत योग्य छ र यसको म समर्थन गर्न चाहन्छु। यस विधेयकमा आएका केही नयाँ दफाहरू अत्यन्त महत्वपूर्ण रहेका छन्। यी प्रावधानहरूमध्ये अविच्छिन्न उत्तराधिकारवाला एक स्वायत्त, स्वशासित र संगठित संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन गर्ने व्यवस्था यो महत्वपूर्ण छ। यो धेरै अगाडिदेखि यस विषयमा छलफल हुँदै आएको थियो, यसको माग पनि हुँदै आएको थियो। हुन त यो प्राधिकरण गठनको सम्बन्धमा अलिकति केही टिप्पणी गर्न चाहन्छु। यसमा किनभने आधा सदस्य पदेन सदस्य रहेका छन्। त्यसकारण यो अलिकति स्वतन्त्र र अविच्छिन्न उत्तराधिकार भनिएता पनि यस विषयमा कतिको हुन सक्छ त्यो भोलि कार्यान्वयन पक्षमा जाँदा देखिने कुराहरू हुन्। यस्तै नियम ऐन कानुन निर्माण भएर समस्या मात्रै समाधान हुने पनि होइन। यसको कार्यान्वयन पक्ष कतिको गर्न सकिन्छ, जान सक्छ त्यो महत्वपूर्ण हो। त्यसकारण यसलाई भोलि कार्यान्वयन हुन सकेन भने त्यसको पनि केही अर्थ रहँदैन। त्यसै कार्यान्वयन पक्ष बढी राम्रोसँग अगाडि जाओस् भन्ने पनि म भन्न चाहन्छु र यस्तै सञ्चालक समितिको पदाधिकारीहरू समितिको संयोजक दुई कार्यकाल भन्दा बढि बस्न नपाइने भन्ने जुन निर्वाचनको बहाल अवधिभन्दा बढी बस्न पाइने भन्ने व्यवस्था छ। यहाँबाट पनि कुरो उठेको छ यो विधेयकमा हिजो अध्यादेशमा सम्पूर्ण सञ्चालक भनिएको थियो। अहिले पदाधिकारी त्यसकारण यो बाहिरको आवाजलाई सरकारले सुनेर, संशोधन गरेर यस प्रतिस्थापन विधेयकमा ल्याउनु पनि सरकारको लचकता र सरकारले देखाएको नरमपन र देखिएको छ। यो स्वागत योग्य के छ भन्ने मलाई लाग्छ। र यस्तै प्रवधानहरूले आगामी दिनमा सहकारी देखेको बचत अपचलन, हिनामिना र दुरुपयोग नियन्त्रण र नियन्त्रणबाट सुरक्षित हुन सहयोग हुनेछ भन्ने विश्वास लिएको छु। धन्यवाद।

(१४:१५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१४:१५ बजे) **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, अहिले मन्त्रीज्यूले छलफलमा उठेको विषयहरूको सन्दर्भमा जसरी स्पष्टीकरण दिनुभएको छ। यो हेर्दाखेरि प्रतिपक्षलाई चिढाउने कामहरू भएको छ। अनावश्यक हामीलाई बोझ देख्नुभएको महसुस भएको छ। यस्तो कुराहरूमा सरकारले कसरी लिने हो यो विषयलाई आफ्नो विषय सच्याउँछ कि सच्याउँदैन भन्ने कुरा एउटा गम्भीरतापूर्वक उठेको छ। यो भन्दा अगाडि पनि अध्यादेश माथि उठेका प्रश्नहरूको जवाफ दिँदाखेरि सरकार

यही ढंगले हामीमाथि खनिएको थियो। र यही ढंगले प्रस्तुत भएको थियो आज फेरि दुई दिनको सदन अबुरुद्धपछि एउटा ढंगले हार्दिकतापूर्वक अगाडि बढौ भनेर जसरी हामीले विषय उठाएका र राखेका छौं, आफ्नो पालोमा बोलेका छौं त्यसको जवाफ सरकारले के ढंगले दिइराखेको हो र हामी सबै माननीयज्यूहरूमा एउटा question उठेको छ। के सरकार यसैगरी जान चाहेको हो? यसैगरी जान चाहेको भने आज मात्रै होइन बाँकी दिनमा पनि यसैगरी जान्छ। ऐन कानुनहरू यसैगरी लैजान्छ र सदनलाई यसैगरी अवहेलना गर्छ भन्ने कुरामा हामीहरू पुगेका छौं। र यो हाम्रो विधायन निर्माण सम्बन्धीको यो विधेयकसँग बाझिएको छ त्यो कानुन बनेर आइसकेको छ संविधानसँग बाझिएको छ। यो विषयमा प्रवेश गर्न जरुरी छैन। यो फिर्ता गरेर नयाँ ढंगले ल्याइयोस्। र यसमा ल्याएको एउटा नयाँ प्राधिकरणको कुरा छ, त्यो पुरानै विकास बोर्ड जसले खारेज गरेर ल्याएको छ। त्यसैले काम गर्न सक्छ, त्यही अधिकार त्यसमा प्रत्यायोजन गरेर त्यसमा राखिएको छ। त्यसो भएको हुनाले यो आवश्यक छैन। यदि सहकारीलाई ठिक ढंगले चलाउने हो भने एउटा अधिकार सम्पन्न प्राधिकरण गठन गरियोस् भनेर माग गरिएको कुरालाई गठन गर्ने तर विकास बोर्ड मात्रै खारेज गर्ने। त्यहाँ समस्याग्रस्त सहकारीहरूलाई कसरी लैजाने भन्ने कुराहरू देखि लिएर समग्र सहकारीको विषय यसमा आउन जरुरी थियो। त्यसरी आएको छैन र सरकारका मन्त्रीहरूले दिने जवाफ, यहाँ हेर्ने दृष्टिकोण र यो सदनलाई हेर्ने दृष्टिकोण, मूलतः के हो भने यो सदनलाई हेर्ने दृष्टिकोण उहाँहरूको खराब छ यसो भएको हुनाले उहाँहरूले आत्मालोचना गरेर बोल्नुपर्छ अबको स्पष्टिकरणमा भन्ने कुराहरू राख्दै मेरो भनाई यहि अन्त्य गर्छु। हस् त धन्यवाद।

(१४:१८ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य इन्दिरा देवी गौतम।

(१४:१८ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, विक्रम सम्वत् २०१० बाट सुरु भएको सहकारिताको इतिहासले २०८१ सालसम्म आइपुग्दा ७१ वर्ष पूरा गरिसकेको छ। नेपाली अर्थतन्त्रको तीन खम्बामध्येको एक महत्त्वपूर्ण खम्बा सहकारी संस्थाले थोरै थोरै बचत गरेर आफ्नो दिनचर्याको खनखाँचो पूरा गर्नको लागि धेरैलाई सरल र सहज सेवा सुविधा प्रदान गर्दै आइरहेको सहकारी संस्थामा पछिल्ला केही समय यता केही सहकारी संस्थाहरूमा देखिएका नीतिगत, संरचनागत र कार्यगत कमी कमजोरीका कारण उत्पन्न समस्याहरूले ती संस्थाहरूमा संकट देखा परिरहेका

छन्। सहकारीको लगानी उत्पादन, प्रवर्धन, बजारीकरण, उद्यमशीलताको विकास क्षेत्रमा हुनुपर्नेमा त्यसो नगरी बचत पुँजीलाई अनुत्पादक क्षेत्रमा बढी लगानी गर्ने गरेका कारण साना ब्याज समयमा उठाउन नसक्ने र बचतकर्तालाई जम्मा गरेको रकम समेत फिर्ता गर्न नसक्ने अवस्थामा पुगेका छन्। सहकारी क्षेत्रमा देखिएका समस्याहरूको समाधान गर्ने उद्देश्यले सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ जारी भएको छ। सहकारी क्षेत्र सुधारका लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठन, कर्जा सुरक्षण कोषमा सदस्यता, समस्याग्रस्त घोषणा भएको, सहकारीबाट बचतकर्ताको बचत फिर्ता सम्बन्धमा भएको व्यवस्था। बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको वर्गीकरण, व्यक्तिगत बचत तथा ऋणको सीमा, बचत रकम फिर्ता सम्बन्धमा गरेको विशेष व्यवस्था अन्तर्गत मिलापत्र हुन सक्ने भनि राखिएको प्रावधानले बचतकर्ताहरूलाई राहत पुग्ने देखिन्छ। प्रस्तुत विधेयकको सवालमा विभिन्न अड्कलबाजीका हल्ला चलेका छन्। तर आवश्यकता, औचित्यता र सत्यतथ्यको गहिराईमा नपुगी हल्ला गर्नुभन्दा देशलाई वर्तमान अवस्थाबाट हामीले कसरी सहज निकास र सहज गति दिनु आजको निःशर्त आवश्यकता रहेको छ।कार्यान्वयनमा नपुगी त्यसको परिणामलाई शङ्का उपशंका गर्नु वर्तमान अवस्थामा जटिल अवस्थामा अन्याय हुन जान्छ भन्ने मलाई लागेको छ। सहकारी क्षेत्रमा आएको संकट र यसको समस्यालाई सम्बोधन गर्ने गरी आएको यो विधेयक स्वागत योग्य छ। यसलाई पारित गरी छिटोभन्दा छिटो कार्यान्वयनमा लैजान आवश्यक छ। म यो विधेयकको समर्थन र स्वागत गर्दछु। हस् धन्यवाद।

(१४:२१ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१४:२१ बजे) **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>:-** सम्माननीय अध्यक्ष महोदय, यो प्रस्तुत सहकारीता सम्बन्धी विधेयकमा मैले यस प्रकार आफ्नो धारणा राख्न चाहन्छु। सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथिको सैद्धान्तिक छलफल आवश्यक नरहेको र यो प्रस्ताव राष्ट्रिय सभाबाट हटाइयोस् भनी माननीय भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रीसँग माग गर्दछु। निश्चित रूपले सहकारी सम्बन्धी मूल ऐन, २०७४ का कैयौं दफाहरू सहकारीको विश्वव्यापी सिद्धान्त, उद्देश्य र मान्यता विपरीत रहेका छन्। त्यसैगरी बचत तथा ऋण सहकारी तथा पछिल्लो समयमा आएर बहुउद्देश्यीय सहकारी संस्थाको क्षेत्रमा बचतकर्ताहरूको रकममाथि गम्भीर प्रकारका अवचलनका घटनाहरू घटिरहेका

छन्। त्यसकारण लाखौं बचतकर्ताको खबौं रकम ठगी भएको कारण कैयौं मान्छेहरू मानसिक सन्तुलन गुमाएका र बिचल्लीमा परेका छन् र आत्महत्याको बाटो समेत रोजेका छन्। तर सरकारले जारी गरेको सहकारी सम्बन्धी केही नेपाललाई संशोधन गर्न बनेको अध्यादेश जारी भएपछि झन्डै झन्डै दुई हप्ता को अवधिमा सहकारी पीडितको पक्षमा के कति काम गर्न सक्यो? संसद अधिवेशन आह्वान गर्नुभन्दा एक साता अगाडि अध्यादेश ल्याउनुपर्ने के त्यस्तो आवश्यकता सरकारलाई आइपर्यो त्यसको सरकारले चित्त बुझ्दो जवाफ दिन सकेको छैन। संसदमा हिन्दी अधिवेशन आव्हान गरेर संसदबाट जनप्रतिनिधिहरूले ऐन बनाउनु। ऐन कानुन बनाउने लोकतान्त्रिक अभ्यासका विरुद्ध सरकारले अध्यादेशको भरमा वा बलभिच्याई गरेर शासन सञ्चालन गर्न खोजेको थियो। त्यसैको उपस्वरूप सरकारले अध्यादेश जारी गरेको हो। लोकतन्त्रमा कानुन निर्माणको क्षेत्राधिकार कार्यकारी संस्थाको संस्थाले प्रयोग गर्न खोज्नुलाई निरंकुश तथा स्वेच्छाचारी पद्धति मानिन्छ। त्यही भएर विश्वका कैयौं लोकतान्त्रिक संविधान वा संविधानिक अभ्यासमा अध्यादेशलाई संवैधानिक मान्यता दिएका छैनन्। अमेरिका बेलायत लगायतका मुलुकहरूमा त्यस खालका उदाहरणहरू छन्। अध्यादेशको गैर लोकतान्त्रिक टेको समातेर सरकारले निरंकुश शासन चलाउन खोजेको थियो। कानुन निर्माण गर्ने जनताको सार्वभौम संस्था संसदलाई छलेर अध्यादेश जारी भएको हुनाले अध्यादेश प्रतिस्थापन विधेयकमा परिणत भएतापनि यसले मूल स्रोत अलोकतान्त्रिक भएका कारण भविष्यमा सरकारले जनप्रतिनिधिको जनप्रतिनिधि संस्थाको क्षेत्रधिकार अतिक्रमण गर्न नपाओस् भन्नका खातिर पनि प्रतिस्थापन विधेयक उपरको सैद्धान्तिक छलफलमाथि विरोध गर्दै त्यसलाई अस्वीकार गर्ने कुरामा जोड दिन चाहन्छु। अध्यक्षज्यू, यहाँ मन्त्रीज्यूको जवाफले मलाई एउटा श्लोक याद आएको छ। एक .....(समय सकिएको।)

(१४:२५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्य युवराज शर्मा।

(१४:२५ बजे) **<u>माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, म पनि हाम्रो छिमेकी राष्ट्रका एउटा महान विचारक देङ साओ पिङले भनेको बिरालो कालो होस वा सेतो मुसा मार्ने क्षमता उसको हुनुपर्छ भन्ने कुरा फेरि दोहोऱ्याउन चाहन्छु। र यो हाम्रो तीन खम्बे संविधान बमोजिम तीन खम्बे अर्थतन्त्रको एउटा खम्बा सहकारी संस्था आज ठगी गर्ने, कालो धन थुपार्ने र अनियमितता गरी हिँड्ने संस्थाको रुपमा परिचय स्थापित गरिरहेको

अवस्थामा सहकारीका बचतकर्ता सडक आन्दोलनमा उत्रिरहेको अवस्थामा जनअसन्तुष्टि र जन आवाजलाई सम्बोधन गर्न प्रस्तुत भएको सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ लाई पूर्ण रुपमा समर्थन गर्दछु। त्यसैले सहकारी संस्थाको नियमन गरी सहकारीमा उत्पन्न विकृति समाप्त गर्न बचतकर्ताको डुबेको रकम फिर्ता गर्ने सम्बन्धमा ल्याइएको यो विधेयक नागरिकको माग बमोजिम नै आएको सम्झन्छु। र त्यस्तै अधिकार सम्पन्न सहकारी प्राधिकरणको गठन पनि समय सापेक्ष कुरा हो। यस्ता नागरिकताका सरोकारका विषयमा कानुन निर्माणमा ढिलो गर्नु हुदैन नत्र नागरिकको असन्तोषमा प्रतिगामी तत्वले खेल्ने कुरालई स्मरण राख्नु पर्दछ। वर्तमान हिंउदे अधिवेशनले संसदले कतिवटा कानुन बनाउँछ भन्ने कुरा को अनुगमन नागरिकले गरिरहेको छ। अहिले पनि शिक्षक आन्दोलनमै छन्। शिक्षा विधेयक र अन्य महत्वपूर्ण विधेयक के यस अधिवेशनबाट पारित हुने वातावरण बन्न सक्ला? समय र सरोकारलाई समय सापेक्ष ढंगले छिटो सम्बोधन गर्न पनि आवश्यक हुन्छ। यस्ता नागरिक सरोकारका विषयमा कानुन निर्माणमा ढिलो गर्नु हुँदैन त्यसैले आवश्यकता र औचित्यको आधारमा प्रस्तुत विधेयकलाई म पूर्ण समर्थन गर्दछु। धन्यवाद।

(१४:२७ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य उदय बहादुर बोहरा।

(१४:२७ बजे) **माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, एउटा सानो कथा जङ्गबहादुरको पालामा सबैलाई बोलाए। र त्यहाँ एउटा रुख बांगो रहेछ। र सबैलाई बोलाइसकेपछि यो रुख कस्तो छ भनेर जङ्गबहादुरले सोध्दाखेरी सबैले यो सिधा छ भनेर भने। एकजना साहसीले के भन्यो भने सरकार मेरो गर्दन गए जाला यो रुख बांगो छ। त्यसो भएको हुनाले अहिले यसो यहाँ यो छलफलमा भाग लिदाखेरि पनि कताकता ठुलो मानिन्छ कि? हप्काई मागिन्छ कि, खप्की खाइन्छ कि भन्ने खालको त्रास हुन थाल्यो अध्यक्ष महोदय। र सरकार प्रतिपक्षप्रति आक्रामक छ। बहुमतको दम्भ छ सरकारसँग। आलोचना सरकार सुन्न चाहँदैन। रचनात्मक सल्लाह सुझाव सरकार बुझ्न चाहँदैन।त्यसो भएको हुनाले यो प्रतिपक्ष प्रति जुन सरकारको सहिष्णुता छ। यो जिरो अवस्थामा छ। त्यसो भएको हुनाले म के राख्न चाहन्छु भने यो सहकारीको सम्बन्धी नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशबाट तीनवटा कानुन संशोधन गरिएको छ। र यसमा सहकारी ऐन, २०७४ को दफा ३२ को कुनै एक व्यक्ति स्थानीय तहको कुनै प्राकृतिक एकभन्दा बढी

संस्थामा सदस्य हुन सक्ने छैन भन्ने संशोधन गरी, एक व्यक्ति एक प्रकृतिका एकभन्दा बढी सहकारी संस्थामा सदस्य हुन सक्ने छैन भनिएको छ। यसले प्रष्ट के बुझाउँछ भनेदेखिलाई यो प्रावधानले नागरिकको संघ संस्थामा संगठित हुने जुन हक हो त्यसबाट बञ्चित गरिएको छ। र त्यो हकमाथिको अतिक्रमण गरेको छ। त्यसो भएको हुनाले यो यसको म विरोध गर्न चाहन्छु।

अर्को कुरो म के राख्न चाहन्छु भनेदेखि यो साँच्चिकै यो प्रतिनिधिसभाबाट उत्पत्ति भएको एक जना माननीयज्यूले चाहि राख्नु भएको थियो। उहाँको भनाइलाई म समर्थन गर्छु। प्रतिनिधिसभाबाट उत्पत्ति भएको यो विधेयक होइन भने यो अध्यादेशबाट आएको यो विधेयकलाई अध्यादेशबाट उत्पत्ति भएको प्रतिस्थापन विधेयक भनेर यो आउनुपर्छ त्यसो भएको हुनाले मेरो यो विधेयक प्रति, यो विधेयकप्रति नै मेरो विरोध छ। धन्यवाद।

(१४:३० बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य मनरुपा शर्मा।

(१४:३० बजे) **माननीय श्री मनरुपा शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, फूलको आँखामा फूलै संसार, काँडाको आँखामा काँडै संसार भन्ने सत्तापक्षले जवाफ दिएको छ। तर यस्ता अभिव्यक्तिले यो सरकारलाई नेपाली जनताले काँडा देखिरहेको छ। यो सहकारी विधेयक माथि मेरो धारणा राख्न चाहन्छु। यो समर्थन गर्न सक्दिन। यो विधेयक सहकारीको सिद्धान्त एवं अन्तर्राष्ट्रिय अलाइन्सको वडापत्र विपरीत भएर आएको छ। संविधानले सहकारीलाई संघ, प्रदेश र स्थानीय तहको साझा सूचीमा राखेको छ। विधेयकले प्रदेश तथा स्थानीय तहको अधिकार कटौती गरी केन्द्रीय अधिकारलाई स्थापित गर्न खोजेको छ। विधेयकको बचत तथा ऋण सहकारी संस्थाको संस्थागत विकासमा अवरोध सिर्जना गरेको छ। व्यक्तिगत बचत तथा ऋणको सीमा निर्धारणले सहकारीको सिद्धान्तको मर्म भावना विपरीत सहकारीमा बचत गर्ने होइन बैंकमा गर्नुपर्छ भन्ने खोजेको छ। यो विधेयक थोरै बचत गर्ने विपन्न वर्गको विपक्षमा देखिन्छ सहकारीमा बचतको अधिकार कटौती गर्ने चाहने सीमित वर्गको स्वार्थ पूरा हुने देखिन्छ। बहुसंख्यक नागरिक तथा आधारभूत विपन्न वर्गको हितभन्दा विपरीत भएर आएकोले यो विधेयकलाई समर्थन गर्न सकिन्न यो विधेयक फिर्ता होस् भन्न चाहन्छु। धन्यवाद। अभिवादन।

(१४:३२ बजे) <u>सम्माननीय अध्यक्ष</u> :-  माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१४:३२ बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सैद्धान्तिक पक्षमा छौं। सहकारी सम्बन्धी ऐन, २०७४ का प्रावधानलाई केही नेपाल ऐन मार्फत तत्काल संशोधन गर्ने गरी ऐनमा रहेका केही दफाहरूलाई परिमार्जन गर्न खोजेको छ। र म यो विधेयकलाई स्वागत गर्न चाहन्छु। सर्वसाधारण जनताको बचतको सुरक्षा गर्ने, राज्यप्रति जनताको विश्वास जगाउने, सहकारी क्षेत्रमा नियमन गर्ने, सरकारी संस्थाहरूलाई उत्तरदायी बनाउने, सहकारी संस्थालाई उत्तरदायी बनाउने सबल, सक्षम बनाउने गरी यो ऐनमा मौजुदा भएको व्यवस्थामा संशोधन गरिएको हो। राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड अनुरूप स्थानीय तहले पनि नियमन गर्ने व्यवस्था गरिएको छ। सहकारीको वर्गीकरण तीन तहको सरकारको संरचनामा बचत तथा ऋणको कारोबारमा आबद्ध सदस्यहरूको आबद्धता सम्बन्धी व्यवस्थालाई पनि परिमार्जन गरिएको छ। सहकारी संस्थाको कार्यक्षेत्रको सीमा निर्धारण, ऋणको कारोबार र बचत सीमा निर्धारण गरेको छ। बचत रकमको स्रोत खुलाउनु पर्ने प्रावधान पर्ने राखिएको छ। सेयरपछि मौजुदा १८ प्रतिशतबाट घटाएर १५% राखिएको छ। सहकारी संस्था कर्जा सूचना केन्द्रको सदस्य भई प्रचलित कानुन बमोजिम १० लाखभन्दा बढी ऋणको कारोबारको सूचना दिनुपर्ने समयमा नतिर्ने व्यक्तिको नाममा तीन तीन महिनामा सूचना दिनु पर्ने प्रावधान राखिएका छन्। कर्जा सुरक्षा कोषको सदस्य लिनुपर्ने बाध्यकारी व्यवस्था पनि गरिएको छ। प्राधिकरणको स्थापना नियमन गर्ने संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्र भित्र बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको काम कारबाहीलाई व्यवस्थित गर्ने गरी ५ सदस्यीय संरचनाको प्राधिकरण बनाउने प्रस्ताव पनि गरिएको छ। प्राधिकरणको अध्यक्ष र विज्ञको नियुक्ति ३ सदस्य सिफारिस समितिले गर्ने प्रावधान राखिएको छ। समस्याग्रस्त सहकारीहरूको पहिचान गर्न विज्ञ टोली गठन गर्ने कुरा प्रावधान राखिएको छ। बचत रकम फिर्ता गर्ने सम्बन्धी विशेष व्यवस्था समस्याग्रस्त घोषणा भएका सहकारीहरूको बचत फिर्ता कर्ता सदस्यले जम्मा गरेको ५ लाख रकम बचत पहिलो प्राथमिकतामा भुक्तानी गर्ने व्यवस्था गरेको छ। हाल सहकारी संस्थामा देखिएका हिनामिना कानुनबमोजिम नियन्त्रण र नियमन गरी सहकारी सम्बन्धी ऐनको व्यवस्थालाई परिमार्जन गर्ने, सर्वसाधारण जनताको बचत फिर्ता गर्ने, राज्यप्रति नागरिकलाई विश्वास जगाउने गरी संघ, प्रदेश र स्थानीय तहलाई जिम्मेवारी बनाउने उद्यमशीलताको आधार तयार गर्ने आर्थिक विकासमा सहयोग पुग्ने विश्वासका साथ छिटो छरितो

रुपमा काम गर्नको निम्ति पनि यो विधेयक ल्याएको हो। ऐन बनेपछि कार्यान्वयनमा लान सकियो भने सहकारी क्षेत्रमा जनताप्रतिको विश्वास बढ्न सक्नेछ। सरकारले सहकारीको समस्या र चुनौतीलाई समाधान गर्न वर्तमान देखिएको जुन समस्या र चुनौती छ यसलाई समाधान गरी ल्याएको गर्ने गरी यो विधेयक ल्याएको छ। यसमा सकारात्मक धारणा हेर्ने रहेको छ र सरकारले यसलाई परिमार्जन गर्नेको कुरो अहिले समय सान्दर्भिक छ र म यसलाई समर्थन गर्न चाहन्छु। धन्यवाद।

(१४:३५ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य जयन्ती देवी राई।

(१४:३५ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, जुन यो सहकारी विधेयक बहुत राम्रो कविता शैलीमा माननीय मन्त्रीज्यूले भन्नुभयो तर म पनि के आग्रह गर्न चाहन्छु भने फूलको आँखाले हेऱ्यौं भने मात्रै फूलको संसार हुन्छ। काँडाको आँखाले हेरेर कहिले नि फूलको संसार हुँदैन। त्यसकारणले म पनि आग्रह गर्न चाहन्छु फूलको आँखाले हेरौं तर त्यो भएन। त्यसो भएको कारणले यो जुन ढंगले आयोग प्रक्रियाको बारेमा माननीयज्यूहरूले भन्नुभयो म पनि त्यसमा सहमत छैन। कि अब छलफलमा जबकि संसदमा ल्याउनुपर्ने कुरा अध्यादेशबाट ल्याइएको छ त्यसकारणले त्यो ल्याउन हुन्थ्यो कि हुँदैन, थ्यो आवश्यक थियो कि थिएन, आवश्यक थियो होला तर पनि बितेको थिएन। त्यसकारणले यसमा पनि के छ भन्दाखेरि अहिले जुन जनताहरूको मौलिक हक खोसिएको छ, स्वतन्त्रताको हक खोसिएको छ। त्यसपछि संगठित हुने हक खोसिएको छ र यो जुन नियमन गर्ने कुरामा पनि सरकारले नियन्त्रण ढंगले नियन्त्रित गर्ने ढंगले ल्याएको छ। नियमन गर्ने कुरा त्यसपछाडि यो प्राधिकरण कसले चिन्छ आज प्राधिकरण त चिन्नु पर्यो नि आज। जनताले चिन्नु पर्यो साँच्चै हाम्रो यो सहकारी हो भन्ने खालको यो हाम्रो बैंक हो, हामीले पैसा जम्मा गरेको छौं भनेर चिन्नु पर्ने तर त्यो चिन्ने अवस्था छैन र त्यति मात्र हैन कि स्थानीय तह प्रदेशसँगको समन्वय गरेर तल देखि नै ल्याउनु पऱ्यो नि। सहकारी त तलबाट उठाउनु पर्यो। तर त्यो आज त्यो कानुनले आज बनाएको छैन त्यो हक दिएको हामीले देखेको छैनौं। त्यसकारणले अहिले जुन संचालक समितिको अध्यक्ष चयन गर्ने कुरा होस्। नियमन गर्ने प्राधिकरणको पदाधिकारी चुन्ने कुरा होस् त्यहाँ लोकसेवाबाट आओस् भन्ने सबैको त्यहाँ कति धारणा थियो। तर पनि त्यो स्थिति छैन। त्यसकारणले पनि यो अब एकदमै त्यो हामीले स्वीकार्न सक्ने अवस्था छैन र यो सहकारी जुन ढंगले सञ्चालन भइरहेको थियो यसलाई

व्यवस्थित ढंगले कसरी लैजाने एउटै मात्र यति ठुलो  एउटा अर्थतन्त्रको खम्बा यस्तो खालको बेहालमा छ। तर त्यसलाई  एउटा व्यवस्थित गर्ने खालको आएको छैन त्यसकारणले म यो विधेयकलाई स्वीकार्न असमर्थ छु। र यसलाई स्वीकार्न सकिन्न, अस्वीकार गरियोस् सरकार लाई यही निवेदन गर्न चाहन्छु। धन्यवाद।

(१४:३७ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१४:३८ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, प्रभावकारी ऐन बनाउनको लागि छलफलको यथेस्ट समय र आवश्यकताबाट यो विधेयक वञ्चित भएको छ। सरकार परिपक्व कानुन बनाएर सहकारी भित्रका समस्याको स्थायी समाधान गर्ने तर्फ होइन सीमित बिचौलिया वर्गको स्वार्थ पूर्ती गर्न आवश्यक पर्ने कानुन बनाउन उद्धत रहेको बुझिन्छ। संसदीय सर्वोच्चताको अवमूल्यन, विधायिकाको अधिकारलाई खुम्च्याएर, छलफलले गरेको जस्तो गरी टोपल्ने शैलीमा यो प्रतिस्थापन विधेयक  प्रस्तुत भएको छ। सहकारी ऐन, २०७४ निक्षेप तथा कर्जा सुरक्षण ऐन, २०७३ नेपाल राष्ट्र बैंक ऐन, २०५८ गरी तीनवटा ऐनलाई संशोधन गर्न बनेको विधेयक आएको छ। संविधानतः नेपाल राज्य समाजवाद उन्मुख हुने संविधानको धारा ५० को उपधारा ३ मा समाजवाद उन्मुख स्वतन्त्र अर्थतन्त्र विकास गर्ने भन्ने प्रष्ट नीतिलाई यो विधेयकले चिन्दैन। यसले तीन खुट्टे अर्थनीतिको एउटा खुट्टा सहकारीको भूमिकालाई कमजोर पार्नेछ बचत तथा ऋण सहकारी सबैलाई एउटै डालोमा हालेर ल्याउनुले ग्रामीण भेगका साना सहकारीहरू मारमा पर्नेछन्। सहकारी क्षेत्रमा क्षेत्रकमा रहेका भ्रष्टाचार अनियमितता र दुरुपयोगको समस्याको स्थायी समाधान अल्पकालीन विधिबाट खोज्ने प्रक्रियाबाट सिद्धान्त त हल हुन सम्भव छैन। यो विधेयक सहकारीको सिद्धान्त एवं अन्तर्राष्ट्रिय एलायन्सको बडापत्र विपरीत भएर आएको छ। संविधानले सहकारीलाई संघ, प्रदेश र स्थानीय तहको साझा सूचीमा राखेको छ। विधेयकले प्रदेश तथा स्थानीय तहको अधिकार कटौती गरी केन्द्रीय अधिकारलाई  स्थापित गर्न खोजेको छ। विधेयकले बचत तथा ऋण सहकारी संस्थाको संस्थागत विकासमा अवरोध सिर्जना गर्न खोजेको छ व्यक्तिगत बचत तथा ऋणको सिमा निर्धारणले सहकारी सिद्धान्तको मर्म भावना विपरीत आएको छ। थोरै बचत गर्ने आधारभूत विपन्न वर्गको विपक्षमा देखिन्छ। सहकारी बचतको अधिकार कटौती गर्न चाहने सीमित वर्गको स्वार्थ पूरा हुने देखिन्छ। राम्रो काम गर्ने

सहकारी बचतको सिमाका कारण खुम्चिनेछन्। सम्माननीय अध्यक्ष महोदय, सिद्धान्त त यो विधेयक बहुसंख्यक नागरिक तथा आधारभूत विपन्न वर्गको हित भन्दा विपरीत भएर आएकोले सरकारलाई यो प्रतिस्थापन विधेयक फिर्ता लिनको लागि सुझाव दिन चाहन्छु। धन्यवाद र यो छलफल गर्नुको सम्माननीय अध्यक्ष महोदय, प्रतिपक्ष प्रति सरकारको दृष्टिकोणको अभिव्यक्तिले यो छलफल गर्नुको  कुनै सान्दर्भिकता त यहाँ देखिएको छैन। किनभने प्रतिपक्षको कुरालाई जतिसुकै प्रतिपक्षले सही भने पनि विषय उठाए पनि यो सरकारलाई सही लाग्दैन। त्यस अर्थ फेरि पनि यो जनताको बीचमा दर्ज होस् भन्नको लागि मैले आफ्नो यी कुरा राखेको छु। धन्यवाद।

(१४:४१ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य रुकमिणी कोइराला।

(१४:४१ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज नेपालमा २०१५ सालभन्दा अगाडिका नियमावली, ऐन, कानुनहरू ती सबै विषयहरूलाई अगाडि बढाउन अति आवश्यकता देखिएको हुँदा अध्यादेश यो विधेयक जारी गर्ने अवस्था आयो यो प्रतिस्थापन विधेयक स्वागत योग्य छ। यो हिजो "गाउँगाउँमा सहकारी घरघरमा भकारी" भन्ने नाराका साथ देशैभरि सहकारी खोलिएका जनताले आफ्नै पैसा आफ्नै बैंकमा राखेर आफ्नो घरमा आवश्यकता अनुसार आर्थिक समस्या समाधान गरेका उदाहरणहरू छन्। गाउँमा कुनै पनि बैंकमा पैसा माग्न जाँदा छ महिना धाउँदा पनि बल्ल बल्ल पैसा मिल्थ्यो। त्यो पनि चर्को ब्याज ब्याजको स्याज पैसा दिएर बापत कमिसन दिनुपर्ने समस्याबाट जनतामुक्त अहिले मुक्त छन्। किनभन्दा यो सहकारी गाउँ गाउँमा सहकारी भनेको कारणले गर्दा र योतीन खम्बे मिति भनिएको हुनाले उहाँ जनतालाई यसबाट फाइदा भएको छ। तर सहकारीलाई बदनाम गर्नलाई देशव्यापी रुपमा सहकारी अनियमितता सहकारी ठगहरूको सञ्जाल सलबलाइरहेको छ। पीडितहरू अहिले पनि आन्दोलनमा नै छन्। अब जसले सहकारी ठगेको उसकै सम्पत्ति रोक्का गरी पीडितलाई बचत फिर्ता गराउनुपर्छ। त्यसैले सहकारी कानुन बनाउन अपरिहार्य छ र सहकारी यो विधेयक पनि आएको र यो प्रतिस्थापन विधेयकलाई म स्वागत गर्न चाहन्छु। धन्यवाद।

(१४:४३ बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्य रेनु चन्द।

(१४:४३ बजे) **<u>माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अब सम्माननीय अध्यक्षज्यू मार्फत म माननीय मन्त्रीज्यूहरूको ध्यानाकर्षण गराउन चाहन्छु। हामीले जनताले भनेको कुरा यहाँ भन्ने हो। त्यो उहाँलाई मन पर्न सक्छ नपर्न सक्छ। उहाँहरू जिम्मेवार व्यक्तिहरू हुनुहुन्छ अभिव्यक्ति दिने बेलामा आफ्नो पदको गरिमा अनुसार अभिव्यक्ति दिनुपर्ने हुन्छ। किनकि "हमारे मुहसे जो निकले वही सदाकत है, हमारे मुहपे तुहारी जवान थोथोडी ना है।" अब यो विधेयकको बारेमा कुरा गर्दाखेरि यो प्रक्रियागत रुपमा गलत भएको हुनाले यसलाई समर्थन गर्न सकिन्न यसलाई पास गर्नु भनेको त सांसदहरूले आफ्नो अधिकार कटौती गर्ने कुरालाई अनुमोदित गर्नु हो। किनकि जुन प्रक्रियाबाट यो आयो त्यो प्रक्रियाले सार्वभौम सत्ता सम्पन्न सदन र सार्वभौमसत्तासम्पन्न सांसदको अधिकार कटौती गर्यो र यसलाई अनुमोदित गर्नु भनेको आफ्नो अधिकार कटौतीमा मोहर लगाउनु हो र अन्ततोगत्वा र जनप्रतिनिधि भएको हैसियतले जनताको अधिकार कटौतीमा मोहर लगाउनु हो। त्यसले यसलाई स्वीकार गर्न सकिँदैन। नेपाल समाजवाद उन्मुख हुने कुरा संविधानमा लेखिएको छ संविधानको धारा ५० को उपधारा ३ मा समाजवाद उन्मुख स्वतन्त्र अर्थतन्त्र विकास गर्ने नीति र यो विधेयकको भेटघाट हुँदैन। त्यसैले पनि यो स्वीकार्य छैन। सबैलाई एउटा डालोमा हालेर ल्याएको छ त्यसले गर्दाखेरि ग्रामीण भेगका साना सहकारी मारमा पर्नेछन् तसर्थ यो प्रतिस्थापन विधेयकलाई समर्थन गर्न सकिँदैन बरु यो फिर्ता लिन सरकारलाई सुझाव दिन चाहन्छु र जवाफ दिँदाखेरि मन्त्रीज्यूहरूले ध्यान दिनुपर्यो। हैन भने वर्कआउट गर्नुपर्ने स्थिति सिर्जना हुन सक्छ। धन्यवाद।

(१४:४५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१४:४५ बजे) **<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, प्रतिपक्षको काम सरकारलाई सकारात्मक सुझाव दिने र ल्याएका विधेयकहरूलाई समर्थ बनाएर जनताको पक्षमा एउटा कोसे ढुंगा साबित गर्ने काम हो। तर सरकारका मन्त्रीहरूको अभिव्यक्ति सरकारका मन्त्रीहरू मन्त्रीहरू धावा बोल्ने र यो त्यसै कारणले उहाँहरू धाबा बोलेकै कारणले अहिले अराजकता मौलाएको छ र सरकार अलोकप्रिय हुँदै हुँदै गएको छ। यसको दोष यसको जिम्मा सरकारमा रहनुहुनेले नै लिनुपर्दछ। र हामीले

दिएको सुझावहरू यहाँहरूलाई नराम्रो लाग्न सक्छ तर नेपाली जनताको हितमा छ र हामीले फेरि पनि सुझाव दिन छोड्नु हुँदैन। त्यसै कारणले म यो सहकारी विद्येयकको कुरा गर्दाखेरिमा स्वायत्तता, यो आधारभूत सिद्धान्तमा  स्वायत्तताको हनन्को कुरा हामीले गरिरहँदाखेरिमा के कुरा उहाँहरूले ल्याउनुभएको छ भने आज हामीले सहकारी जन्माउने, हुर्काउने र राष्ट्रिय सहकारी महासङ्घको स्वीकृति अनुसार सहकारी चलाउने तर यहाँहरूले के ल्याउनुभएको छ कोष सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहने व्यवस्था गर्नुभएको छ। एउटाले दुःख गर्ने जन्माउनेहुर्काउने नीतिविधि बनाउने अनि अर्कोले हस्तक्षेप गर्ने यो स्वायत्तताको हनन भयो। यो कुरा मिलेन। सहकारीको विशेषता अनुसार मिलेन। आधारभूत कुरामा अर्को कुरा छ अनि यो संकुचित पनि छ। यहाँहरूले ल्याउनुभएको कुरा संकुचित छ। जिल्ला, संघ, प्रदेशको बारेमा यो मौन छ। त्यसैले गर्दाखेरि म स्पष्ट व्याख्या गरेर आउनुपर्छ। मैले पहिले पनि भनेको थिएँ। स्पष्ट व्याख्या भएर अहिले पनि आएको छैन। त्यसैले यो संकुचित छ एउटा व्यक्ति म काठमाडौंमा रहन्छु भने म यहाँको सहकारीमा मैले पैसा जम्मा गर्न म सहभागी हुन पाउने कि नपाउने? यहाँहरूले ल्याएको कुराले संकुचित गर्छ। अर्को कुरा यो  सहकारी संकुचित कुरा छ र संशोधित प्रावधानले अर्को गैर आवासीय नेपालीलाई सहकारीको प्राधिकरणमा सदस्य वा पदाधिकारी हुन रोक लगाएको छ। गैर आवाशीय नेपालीहरूले नेपालीहरूको विज्ञता गैरआवससीय नेपालीहरूलाई देशभित्र फर्काउने अभियानका लागि पनि उनीहरूको विज्ञता अनुसार अवसर नेपालमा पनि छ भनेर अनुभूति गराउनुपर्नेछ। यो कुरा उनीहरूको विज्ञता क्षमतालाई अबमूल्यान गरेको पाइयो। त्यसले गर्दाखेरिमा यो कुरामा विचार गर्नुपर्छ सरकारले भन्ने कुरा हो र प्रतिपक्षले भन्दै जाने सरकार पक्षले प्रतिपक्षलाई काँडाकै आँखाले हेर्दै जाने हो भने कहाँ पुग्छ र यो सरकारले यो देशलाई कहाँ पुन्याउन खोजेको भन्ने कुरा प्रष्ट हुन्छ।

(१४:४८ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१४:४८ बजे) <u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न प्रस्तावित यो। अध्यादेश र अहिले प्रतिस्थापित विधेयकको रुपमा अहिले हामी छलफल सैद्धान्तिक रुपमा गरिराखेका छौं। सहकारी ऐन, २०४७ निक्षेप तथा कर्जा सुरक्षण ऐन, २०७३ नेपाल राष्ट्र बैंक ऐन, २०५८ गरी तीनवटा ऐनलाई संशोधन गर्ने यसको  मूल लक्ष्य रहेको

बुझिन्छ। अघि माननीयज्यूहरूले भन्या जस्तै मन्त्रीजीले जसरी आफ्नो विषय राख्ने क्रममा जवाफ दिने क्रममा विषय व्यक्त गर्नुभयो हुन त फेरि यो सरकारको drivingseat मै बिचौलिया भएको हुनाले उहाँहरूले त्यो भन्दा अलि परबाट सोच्ने कुरा लोकतन्त्र, जनता बाहिर समाज के छ भन्ने कुरा बुझ्ने कुरा पनि भएन त्यो कुर्सी त्यस्तै हुन्छ। त्यो आज अहिले व्यक्त पनि भयो। मैले के भन्न चाहन्छु भने यो दुई तिनवटा कोणबाट एउटा अब यो तीन खम्बे अर्थनीति सरकारी, सहकारी र निजी क्षेत्र असाध्यै बदनाम छ। त्यसमा विश्वास पनि छैन। कतिपय राम्रा छन् राम्रामा पनि अब बचतकर्ताहरूले बचत फिर्ताको गर्दाखेरि त्यसले अर्थतन्त्रको समग्र चेनमा नै असर गर्ने खालको जुन स्थिति देखिन्छ त्यो स्थितिप्रति राज्य अथवा सरकार कति गम्भीर छ भन्ने कुरा पनि हो भन्ने मलाई लाग्दछ। अर्को कुरा यो बैंक तथा वित्तीय संस्थाहरू एकथरी कर्पोरेट दलालहरूको हातमा छ। र त्यही सेरोफेरोमा घुम्दाखेरि त्यसले राष्ट्रिय पूँजी बन्न सकिराखेको छैन। र समाजवाद उन्मुख समाजको हामी जे परिकल्पना गरिराख्या छौं त्यो पनि हुन सकिराख्या छैन। त्यो एकथरी के रे दलाल पुँजीपतिहरूले मात्रै नाफा कमाउने एउटा साधनको रुपमा प्रयोग गरिएको छ त्यो पनि एउटा समस्या छ र त्यसले अलिकति राज्य संयन्त्रलाई दुरुपयोग गरेर जनताको बैंक हो यो सहकारी भनेको जनताको थोरै थोरै सानो सानो पुजीहरू संकलन गर्ने, बचत गर्ने त्यसबाट ऋण प्रवाह गर्ने, त्यसबाट आफ्नो समस्या हल गर्ने, सानतीना लगानी गर्ने योसँग जोडिएको हुनाले यसलाई अलिकति व्यवस्थित गर्ने, प्रभावकारी बनाउने, नियमन गर्ने तिर सरकारले भन्दा पनि अलिकति अंकुश लाउने, बचतलाई पनि अंकुश लाउने, सदस्यता बन्ने कुरालाई अंकुश लाउने, ऋण लिने कुरालाई पनि अंकुश लगाउने यो खालको जुन देखिएको छ र अहिले जुन व्यापक रुपमा सहकारी ठगीको जो प्रकरण छ र बचतकर्ताले आफ्नो बचत फिर्ता नपाउने जो स्थिति बनिराखेको छ। मूल समस्या भन्या ती बचतकर्ताको बचत फिर्ता दिने कुरामा यो प्रस्तावित विधेयकले साह्रै धेरै भूमिका खेल्छ जस्तो मलाई लाग्दैन त्यसकारणले गर्दा यो यसको विरोध गर्दै यसलाई फिर्ता लिन म आफ्नो तर्फबाट हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

(१४:५१ बजे) <u>सम्माननीय अध्यक्ष</u> :- माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१४:५२ बजे) **माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री बलराम अधिकारी**:- सम्माननीय अध्यक्ष महोदय, सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि हामी छलफल गरिरहेका छौं। यस सन्दर्भमा १५ जना माननीयज्यूहरूले सहभागी हुनुभयो र आफ्ना भनाइहरू राख्नुभएको छ। म पहिला सर्वप्रथम यहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु र अनुरोध पनि गर्न चाहन्छु। अभिव्यक्तिहरू, भनाइहरू आफ्ना शैलीका पनि हुन्छन्। कतिपयले बोलेको कसैलाई मन नपर्न सक्छ कतिपयले बोलेको कसैलाई मन पर्न सक्छ। तर हामीले ग्रहण गर्नुपर्छ। यहाँहरूले नि ग्रहण गर्ने हो हामीले पनि ग्रहण गर्ने हो। त्यसै किसिमले बुझेर हाम्रो सिस्टम पद्धति मूल्य मान्यतालाई हामीले कसरी विकास गरेका छौं त्यो विकासको आधारमा यो प्रक्रिया अगाडि बढेको छ त्यसैको आधारमा यो विधेयक आएको छ। भन्ने कुरा यहाँहरूले बुझ्दिनुहोला भन्ने पहिलो अनुरोध गर्न चाहन्छु। त्यसको साथसाथै सहकारी विधेयक किन ल्याउनुपर्यो भन्ने प्रश्नहरू पनि अलिकति आएको छ यो हतार गरेर किन ल्याउनु पर्यो भनेर। म यहाँहरूलाई के अनुरोध गर्न चाहन्छु भने पहिला यहाँ म सहभागी भएर उत्तर दिंदा पनि केही कुरा राखेको थिए। यहाँहरूले प्रश्न गर्दाखेरि त्यसका उत्तर दिने क्रममा हामीले देखेका छौं, र यहाँ अहिले अभिव्यक्ति पनि गरौं। सडकमा विभिन्न आन्दोलनहरू भएका छन्। अनि पीडितहरू समस्यामा छन्। उहाँले राहत पाउनुभएको छैन र विचलित भएको अवस्था छ यहाँले राख्नुभएको छ। त्यसको साथसाथै यो सहकारी ऐन, २०७४ बन्दैखेरि देखि सहकारी ऐनमा राख्न खोजेका कतिपय कुराहरू राख्न सकिएन। जसले गर्दा सो नियमनकारी संस्था हुँदाहुँदै पनि अनियमितता भयो। त्यसकारण सो नियमनलाई सन्तुलनमा राख्नको निम्ति केही व्यवस्था गर्नुपर्छ भनेर त्यतिबेलैदेखि आवाज आएको र नियमन प्राधिकरण गठन गर्नुपर्छ भन्ने आवाज पनि आएको। त्यसकारण हामीले अहिलेको यो विधेयक तत्काल गर्नुपर्छ भन्ने कुरा सबै ठाउँबाट आवाज आएको म किन यो भनिरहेको छु भने सहकारी ऐन, २०७६ अनि प्रतिनिधि सभामा गठित समितिले तत्काल कामको थालनी गर्नुपर्ने यसलाई टुंगोमा पुर्याउनुपर्ने भनेको निर्देशन त्यसको साथसाथै सहकारी पीडितहरूसँग सरकारले समयसमयमा गरेको सहमति सहकारी क्षेत्रका विभिन्न तहका निकायले दिएको सुझाव र अन्तर्राष्ट्रिय मूल्य मान्यता र हामीले अन्यत्र सहभागी हुँदा देखिएका कतिपय कुराहरूको आधारमा यो यो सहकारी विधेयक तुरुन्तै ल्याएर यसलाई अगाडि बढाउनुपर्छ र समस्याको समाधान गर्नुपर्छ भन्ने धारणाका साथ यो ल्याइएको हो। यहाँहरूले त्यसरी नै बुझ्नुभएको छ भन्ने मलाई लाग्छ। यसमा ल्याउँदा सबै कुराहरू आएनन् भन्ने एउटा भनाइ छ। त्यो सब पक्कै पनि यहाँहरूले पनि

बुझ्नुभएको छ विधेयक यो संशोधन गरेर ल्याएको विधेयकमा सबै कुराहरू नअट्न सक्छन् यो स्वभाविकै है। अहिले तत्कालको अवस्थामा देखिएका समस्याहरू के छन् तिनलाई तत्काल समाधान गरौं भनेर हामीले यो विधेयक ल्याएको हुनाले यहाँहरूले त्यही आधारमा टेकेर सुझावहरू दिनुभएको छ र कतिपय कुराहरू यो पास हुँदा हिजो २०७४ मा ऐन बनाउँदा पनि हामीले भनेका सबै कुरा समेटिएका थिएनन्। अहिले नै भोलिका दिनका आवश्यकताहरू पूरा हुन्छन् र हामीले काम गरेर जान सक्छौं भन्ने पनि होइन। अहिले तत्काल देखिएका समस्याहरूलाई समाधान गर्ने हो र आएका देखिएका समस्याहरूलाई पुनः फेरि हाम्रो त प्रक्रिया छँदै छ नि। हामी ऐन संशोधन गरेर हुन्छ कि, नयाँ ऐन बनाएर हुन्छ कि त्यसरी जान सकिने हामीसँग प्रावधानहरू छन्। त्यसकारण अहिले तत्काल काल रूपमा देखिएका कुराहरू अहिले यहाँले भन्दै भन्नुभएको छ आफ्नो भनाइमा राख्नुभएको छ नियमन प्राधिकरण गठन गर्ने कुरा आइरहेको थियो। त्यसको साथसाथै बचत तथा कर्जा सुरक्षण कोषको निर्माण गर्ने कुरा आएको थियो। कर्जा सूचना केन्द्र बनाउने कुरा आएको थियो। अहिलेको यो विधेयकले ती कुराहरू ल्याएको छ र व्यवस्था गरेको छ। र समस्याग्रस्त सहकारी समाधान समिति बनाइएको छ कतिपय माननीयहरूले के कुरा ल्याउनु भएको छ भने यो पीडितहरूको समस्या हल गर्ने यो विधेयकमा आउँदै आएन भनेर भन्नुभएको छ। त्यसमा म के अनुरोध गर्न चाहन्छु भने समस्याग्रस्त सहकारी समस्या समाधान समितिमा ती अधिकारहरू छ र केही अपुग भएका कुराहरूलाई केही व्यवस्थापन गर्न प्रत्येक सहकारीमा टिम बनाएर पठाउने कुराको अधिकारमा मात्रै यहाँ यसमा थप गरिएको छ। अरु त्यसैमा व्यवस्था गरिएको छ। सहकारी समस्या समाधान समितिले गर्ने काम के के भन्ने कुरामै समेटिएको हुनाले यहाँ राखिराख्न नपरेको तपाईहरूलाई म जानकारी गराउन चाहन्छु। त्यसकारण हामीले सहकारी समस्या समाधान समिति अनि प्राधिकरण लगायतका यी कामहरू र अनि अर्को कुरो हामीले प्रवर्धनका कुराहरू पनि यहाँले ल्याउनुभएको छ। प्रवर्धन तपाईंहरूले अधिकार खोस्नु, सहकारी उहाँसँग हुनुपर्ने भनेर भन्नुभएको थियो यो अहिले ल्याएर अहिलेको विधेयकले यो खोसेको होइन। यो विगतदेखि त्यो भएको बरु हामीले के गरेका छौं भने अहिले छलफल पनि भएको छ सहकारी महासंघसँग यो प्रवर्धन एउटा विधि बनाएर सञ्चालन उनेले गर्ने, स्वीकृति मन्त्रालयले दिने गरम कानुनको आधारमा त्यो कानुन त्यस्तो भएको हुनाले पनि भनेका छौं। त्यसकारण हामी सहज तरिकाले सबै सरकार प्रतिपक्ष आम जनता र त्यसमा सरोकार राख्ने व्यक्तिहरू सबैको भावना सबैको चाहनालाई ध्यान केन्द्रित गरेर समस्या समाधान गर्नपर्छ भन्ने पक्षमै सरकार भएको हुनाले यहाँहरूले त्यसै किसिमले बुझ्नुहुनेछ। र हामीले काम काम गरिरहँदाखेरि कतिपय कुराहरूको निर्देशित गर्दाखेरि अथवा कानुन ल्याउँदा र निर्देशन गर्दा अलि फरक पर्छ पनि हुन्छ। हामीले

यहाँहरूले भनेका कतिपय कुराहरू अधिकार कटौती गर्यो, जम्मा गर्ने कुराहरूमा एउटा बन्देज गरियो, त्यसलाई हद कायम गरियो यस्ता कुराहरू पनि आएका छन्। यो किन आउनुपरेको म यहाँहरूलाई अनुरोध गर्न चाहन्छु अहिले सहकारीमा अनियमितता भयो सहकारी उद्देश्य अनुसार काम हुन सकेन जसले गर्दा अनियमितता भयो। र एउटा सहकारीमा ७५/ ८० करोड सम्म एउटाले बिना धितो जम्मा गरेको छ। यस्तो कुरालाई अलिकति नियन्त्रण गर्नुपर्छ भनेर ऋण कति दिन पाउने र बचत कति गर्ने भन्ने कुरालाई अलिकति अहिले हामीले सन्तुलनमा ल्याउने गरी जानुपर्छ र भोलि मिलेन भने त्यसलाई सुधार गर्न सकिन्छ। तर अहिले सन्तुलन गर्नुपर्ने अवस्था भएको र त्यसलाई नियन्त्रण गर्नुपर्ने अवस्था भएको हुनाले त्यो पनि हामीले व्यवस्था गरेका छौं। जहाँसम्म प्रदेश र केन्द्रको बारेमा केही बोलेको छैन भन्नुभएको छ यहाँहरूले म यहाँहरूलाई अनुरोध गर्न चाहन्छु। यो प्राधिकरणले काम गर्दाखेरि तीनवटै तहसँग मिलेर काम गर्ने। बकाइदा किटान गरेको छ केन्द्रको प्रतिनिधि प्रदेशको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि त्यहाँ कुन तहकोमा नियमन गर्ने हो ती सबै रहनेगरी व्यवस्था गरेको छ र अनि सहकारी कुन तहको हुने पनि गरेको छ दर्ता हुँदै स्थानीय तहमा दर्ता हुन्छ तर उसको कारोबारको आधारले प्रदेश तहको कायम गर्ने कि केन्द्रीय तहको कायम गर्ने भन्ने कुरा पनि किटान गरेको छ। त्यसकारण यी सबै सबै कुराहरू हामीले कतिपय हेर्न भ्याइएको होला कतिपय अस्पष्ट लाग्यो होला। त्यसकारण आफ्ना कुराहरू राख्नुभएको छ। म यी कुराहरू राख्नुभएकोमा तपाईंहरूले दिएको सुझाव प्रतिमा आभार प्रकट गर्न चाहन्छु र धन्यवाद गर्न चाहन्छु। त्यसको साथसाथै धेरै भनिरहनु भन्दा पनि हामीले भावना बुझेका छौं। र यो विधेयकको उद्देश्य पनि बुझेका छौं। हाम्रो प्रक्रियागत रूपमा हामी अगाडि बढेका पनि छौं। त्यसकारण म सम्पूर्ण माननीयज्यूहरूलाई यो विधेयकलाई समर्थन गरेर पारित गरिदिनको निम्ति अनुरोध गर्दै मेरा भनाइहरू अन्त्य गर्दछु। धन्यवाद।

(१५:०० बजे) **सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय

सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, "सहकारी सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब माननीय उपप्रधानमन्त्री एवं अर्थ मन्त्री विष्णुप्रसाद पौडेललाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:०२ बजे) <u>माननीय उपप्रधान एवं अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:०३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका

दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम २ मिनेटभित्र अध्यक्षको ड्यासमसँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य डा. बेदुराम भुसाल।

(१५:०४ बजे) <u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, पहिला पनि उठेकै कुरा थियो कि यो आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक पहिला अध्यादेशको रुपमा आयो र अहिले सामान्य विधेयकको रुपमा आएको छ। प्रतिस्थापित विधेयक भनिएन यो हामीले चर्चा गरि नै रहेका छौं। त यसो गर्दा खेरि प्रतिनिधि सभाको अर्थ समितिमा विचारधीन जुन विधेयक थियो त्यसलाई फिर्ता नलिइकन लिएको कुरा पहिले पनि उठाइएको छ अहिले पनि के देखिन्छ भने मन्त्रिपरिषद्को निर्णय अनुसार फिर्ता लिइ भन्ने राखेर ल्याइएको छ। हाम्रो संविधानको धारा ११२ ले के भन्छ भने संसदको स्वीकृति लिइ फिर्ता लिनुपर्छ भनेर भन्छ। संसदले स्वीकृति दिएको छैन। यस्तो अवस्थामा ल्याइएको छ। यो प्रक्रियागत हिसाबले गलत भयो भन्ने कुरा पहिलेदेखि नै हामीले उठाइरहेका छौं। अझ अहिले पनि म फेरी दोहोऱ्याउन चाहन्छु। दोस्रो यसले ल्याएका प्रावधानहरूमध्ये एउटा त यो बजेटको सीमा जुन छ, सिलिङ तोक्ने कुरा पहिलेदेखि हाम्रो परम्परा राष्ट्रिय योजना आयोगले तोक्ने थियो र त्यसपछि हरेक मन्त्रालयले त्यो सीमाभित्र रहेर बजेट बनाउने गर्दथ्यो। यसचोटि योजना आयोगको सामान्य सिफारिस उसले विवरण प्रस्तुत गर्ने र अर्थ मन्त्रालयले सिलिङ तोक्ने, बजेटको ढाँचा निर्माण गर्ने, मार्गदर्शन गर्ने लगायतका व्यवस्था गरिएको छ। यो हाम्रो स्थापित मान्यता विपरित भएको कुरा म फेरि पनि दोहोऱ्याउन चाहन्छु। र यसले अर्थ मन्त्रालय अरु मन्त्रालयमाथि हाबी हुने जस्तो देखिन्छ। यस्तो नहुँदा राम्रो हुन्थ्यो। एउटा मेरो सुझाव- यसलाई अझै पनि हाम्रो अर्थ मन्त्रीज्यूले सच्याएर जानुभयो भने राम्रो हुन्छ भन्ने मलाई लाग्छ। दोस्रो मैले अघि नै देखि मैले कुरा उठाइराछु हामीले विधायन ऐन जुन निर्माण गऱ्यौं। विधायन सम्बन्धी व्यवस्थालाई एकरुपता कायम गर्नुपर्छ, एउटा निश्चित फर्म्याटमा निर्माण गर्नुपर्छ हाम्रा कानुनहरू भनेर त्यो बनायौं। तर त्यसको पालना गरिएन यसचोटि अध्यादेशको रुपमा ल्याउँदा खेरि र अध्यादेशलाई प्रतिस्थापन गर्ने उद्देश्यले ल्याइएको तर प्रतिस्थापन विधेयक नबनेको हाम्रो नियमावली अनुसार नमिल्ने यी विधेयकहरूमा त्यसको पालना गरिएको छैन। जति पनि विधेयकहरू छन्। सबैमा त्यो हाम्रो विधायन, ऐनको पालना

भएको छैन। त्यस विपरितका प्रावधानहरू पनि छन्। यद्यपि अर्थमन्त्रीज्यूले यसलाई पछि संशोधनको क्रममा त्यस्तो नमिलेको छ भने मिलाउँला भन्नुभाको छ। त्यसकारणले हामीले त्यसमा सहमति जनाएरै छलफल अगाडि बढाएका छौं। यसलाई गम्भीरतापूर्वक हेर्नुपर्छ। हामीले बनाएको कानुन हामीले नै उल्लङ्घन गर्ने कुरा हुनुहुँदैन। हामीले आफै सच्याउने कुरा गर्नुपर्छ भन्ने कुरा राखेर बिदा हुन चाहन्छु। धन्यवाद।

(१५:०४ बजे) पीठासीन :- माननीय उपाध्यक्ष श्री बिमला घिमिरे

(१५:०६ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य कमला पन्त।

(१५:०७ बजे) **माननीय श्री कमला पन्त (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ माथि हामी छलफल गरेका छौं। नेपालको संविधान अनुसार ३ तहको सरकार रहेको छ- संघ, प्रदेश र स्थानीय तह। यथास्थिति तथा वित्तीय पक्षलाई व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ कार्यान्वयनमा छ। सो ऐनमा कतिपय प्रावधान अपूर्ण थिए। कतिपय प्रावधानलाई समयसीमा तोकिएको थिएन। बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी कामलाई थप व्यवस्थित गर्न आवश्यक थियो। नेपालको पहिलेको ऐनमा केन्द्रिय निकाय भनेर के लाई भन्ने, बजेट प्रणाली बाहिरका सार्वजनिक निकाय भनेर कुन कस्तालाई भन्ने, आदि समेत उल्लेख थिए। अहिले प्रष्ट गरिएको छ। अध्यक्ष महोदय, आयोजना वर्गीकरण गर्दा खेरि ध्यान दिनुपर्ने पक्षहरू, आयोजनाको कूल लागत, वार्षिक विनियोजनको न्यूनतम सीमा, प्राविधिकहरूको राय, बहुवर्षीय आयोजनाको स्रोत सहमति लिने जस्ता कार्यहरूलाई यस संशोधनले व्यवस्थित गरेको छ। यसअघि आवश्यकता अनुसार केवल रकमान्तर र स्रोतान्तरको व्यवस्था थियो। तर यस विधेयकले कार्यक्रम संशोधन सम्बन्धी व्यवस्थालाई पनि समावेश गरेर त्यसलाई प्रष्ट गरेको छ। बजेट तर्जुमामा अर्थ मन्त्रालय, संसद सम्बन्धित अन्य निकायहरूलाई समय सीमाभित्र अनुशासित, उत्तरदायी र व्यवस्थित गर्न थप प्रावधानको व्यवस्था गरेको छ। जुन अति आवश्यक छ। अध्यक्ष महोदय, यसमा अब म के निवेदन गर्छु भने सबै फूलै फूल होइन। काँडै काँडा पनि होइन। तर कानुन प्रयोग गर्दै जाँदा काँडा पनि भइदिन सक्छ। यसलाई संशोधन गर्न सकिन्छ। त्यसैले सर्वसम्मत पास गरौं राष्ट्रिय एकता झल्किन्छ। जनतालाई राहत हुन्छ। अध्यक्ष महोदय, ऐन संशोधन भनेको समय अनुसार संशोधन गर्दै पनि जानुपर्ने हुन्छ। र यो संशोधन गर्दा खेरि सदस्यहरूले देखेका र बुझेका कुराहरू पनि महत्वपूर्ण हुन्छन् भन्ने कुरा

पनि सरकारले महसुस गर्नुपर्ने हुन्छ। त्यसैले समय अनुसार संशोधनको माग गरेको छ सरकारले। म सरकारले पेस गरेको यो ऐनलाई सर्वसम्मतले पास गरौं भन्ने अनुरोध गर्दछु। धन्यवाद।

(१५:०९ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य भगवती न्यौपाने।

(१५:१० बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्षज्यू, हामीले यो आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि सैद्धान्तिक छलफल गरिरहेका छौं। खासगरी बजेट तर्जुमासँग सम्बन्धित विभिन्न क्रियाकलापहरूको समय सीमामा समसामयिक संशोधन गर्नका निम्ति यो विधेयक आवश्यकता पर्‍यो। बजेट तर्जुमा सम्बन्धी समय तालिकामा केही परिमार्जन गर्नका निम्ति यो विधेयक आवश्यकता परेको जुन सरकारले महसुस गर्‍यो, यो वास्तवमा सही छ। म यो विधेयकलाई समर्थन गर्न चाहन्छु। खासगरी समयमा राजस्व सङ्कलन हुन पनि सकिरहेको छैन र सरकारले लक्ष्य लिएअनुसार विगतदेखि नै राजस्व सङ्कलन हुन सक्दैन। पुँजीगत खर्च पनि सरकारले लक्ष्य लिएअनुसार पुँजीगत खर्च हुन सकिरहेको छैन। त्यसैले यी समस्याहरू हामी कहाँ छँदैछन्। त्यसले गर्दाखेरि बजेट तर्जुमा गर्दाखेरि पनि अनुशासनलाई उल्लंघन गरेर गरिएको विगतलाई हेर्दाखेरि बजेट तर्जुमा गर्दा खेरि अनुशासनलाई उल्लङ्घन गरिएको छ। त्यसैले सङ्घको बजेट कस्तो हुन्छ भन्ने सन्दर्भमा संघको बजेट संविधानको मक्सद अनुसार हामीले बजेट विनियोजन गर्नुपर्ने हो।संघले गर्नुपर्ने संविधानको मक्सद अनुसार बजेट विनियोजन भएको छैन। त्यस्तै गरी तीनै तहका सरकारहरूले त्यसरी नै बजेट विनियोजन गर्नुपर्ने हो। अत्यन्तै बजेटलाई छरेर साना साना रकमहरू पनि सानो साना योजनाहरूमा पनि ५० हजार, एक लाख सम्मका बजेटहरू पनि विनियोजन गर्ने त्यस्तो खालको अवस्था छ। त्यसैले अब एउटा अनुशासनमा रहेर बजेट विनियोजन गर्ने देशको अर्थतन्त्रलाई सुदृढ गर्ने, विकासलाई व्यवस्थित गर्नका निम्ति आवश्यकता थियो। त्यसकारणले गर्दाखेरि पनि यो विधेयकलाई संशोधन गर्न आवश्यकता ठानेर यो ऐनलाई संशोधन गर्न आवश्यकता ठानेर सरकारले अध्यादेश मार्फत अहिले प्रतिस्थापन गर्नका निम्ति यो विधेयक ल्याएको छ म यसको त्यसकारण समर्थन गर्न चाहन्छु र सरकारलाई एउटा सुझाव पनि सँगसँगै दिन चाहन्छु। अहिले यो सार्वजनिक खरिद ऐनमा पनि जति समस्याहरू देखिएका छन् ती समस्याहरू विकासका बाधक छन्। त्यसलाई पनि सरकारले छिटो गृह कार्य गरेर समस्याको समाधान गर्नेछ भन्ने समेत पनि विश्वास गर्न चाहन्छु र फेरि पनि यो विधेयकको समर्थन गर्न चाहन्छु। धन्यवाद।

(१५:१२ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोपी बहादुर सार्की अछामी।

(१५:१२ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक माथि अहिले हामी सैद्धान्तिक छलफल गरिराखेका छौं। सर्वप्रथम त म मेरो आफ्नो तर्फबाट माननीय उपप्रधान तथा अर्थमन्त्रीलाई हार्दिक धन्यवाद र आभार पनि व्यक्त गर्न चाहन्छु। उहाँले एउटा प्रतिबद्धता पनि जाहेर गर्नुभएको छ। हामीले अस्तिदेखि केही विषयहरू हाम्रो राष्ट्रिय सभाको नियमावलीसँग सम्बन्धित विषय उठाएर सदनमा छलफल अगाडि बढिराख्या थिएन र उहाँले एउटा प्रतिबद्धता जाहेर गरिसकेपछि एउटा वातावरण पनि बनेको छ र कतिपय विधेयक ऐनसँग सम्बन्धित र अन्तरविरोधी विषयहरूलाई हामीले अलिकति ख्याल गर्नुपर्छ भन्ने आवाज उठाएका थियौं र त्यसलाई उहाँले गम्भीरतापूर्वक लिने, छलफल गर्ने भन्ने विषय पनि छ। यो अघि माननीयज्यूहरूले भन्या जस्तै यो प्रतिनिधि सभाको अर्थ समितिमा विचाराधीन छलफलमा भएकोलाई या ल्याउनु त्यो अलिकति विधिसम्मत भएन कि भन्ने कुरा जायज छ र यसलाई अलिकति ध्यान दिनुपर्छ। हामीले राष्ट्रिय योजना आयोग यो के छ भने हाम्रो विकासको मोडेल पनि अलिकति पहुँचको आधारमा आवश्यकता भन्दा पनि पहुँचको आधारमा हुने हुँदा एक अर्को कुरा साना आयोजनाहरू पनि केन्द्रबाटै बजेट विनियोजन भएर जाने हुँदाखेरि आयोजनाको कार्यान्वयनको प्रभावकारिता त्यसको रिजल्टको कुरा, त्यसको पारदर्शिताको कुरा पनि छ र फेरि हामी तिन तहको झैं सङ्घीय व्यवस्थामा गइसकेपछि स्थानीय तह र प्रदेशलाई हामीले कानुनी हिसाबले पनि जनशक्तिको, हिसाबले पनि र आर्थिक अधिकारको हिसाबले पनि, स्रोत साधनको हिसाबले पनि मजबुत नबनाइकन यो परिवर्तनको वास्तविक अनुभूति जनतालाई दिन सक्दैनौं भन्ने कुरालाई पनि हामीले मध्यनजर गर्नु जरुरी छ। यो बजेट बनाउँदा नीति बनाउँदा कार्यक्रम बनाउदा खेरि थुप्रै विकृतिहरू छन्। यी विकृति विसंगतिहरूलाई हामीले हल गर्न नसक्ने हो र आर्थिक अनुशासनमा देशलाई नलाने हो भने देखि अहिले हामी नियमित खर्च राजश्वबाट चलाउन सकिराखेका छैनौं ऋणबाटै चलाइराखेका छौं। विकास पुंजीगत खर्चको त परैको कुरा होस् अब ऋण तिर्न पनि हामी ऋण गर्नुपर्ने स्थितिमा छौं र अहिले ऋण पनि करिब करिब २७ खर्ब जति भइसक्या यो एउटा जटिल परिस्थिति पनि भएको कारणले गर्दा खेरि यो विद्येयकले सबै मुख्य राजनीतिक पार्टीहरूको शीर्ष तहमा राजनीतिक परिवर्तनपछि यस्ता विषयमा अलिकति गम्भिरतापूर्वक छलफल गरेर एउटा अनुशासनमा नलाने हो भने अब देश आर्थिक हिसाबले ठुलो संकट तिर धकेल्नेदै छ। यो विधेयकले सम्बोधन गर्दैन भन्ने नै मेरो कुरा हो। त्यसकारणले गर्दाखेरि म समर्थन गर्न सक्दिन फिर्ता लियोस र (समय सकियो)...

(१५:१५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य तुल प्रसाद विश्वकर्मा।

(१५:१६ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):-** सम्माननीय अध्यक्ष महोदय, यो प्रस्तुत विधेयक यसभन्दा अगाडि प्रस्तुत भएका विधेयकहरू सबै अध्यादेश मार्फत आएका हुन्। त्यसैले यो विधि र प्रक्रिया मिचेर आएको र यसभित्र कतिपय प्रचलित हाम्रा ऐनहरू र संविधानसँग बाझिने कुराहरू पनि आएका छन् र कतिपय कुराहरू जनतालाई राहत दिने र जनताको पक्षमा राहत हुने खालका भन्दा पनि बिचौलियाहरू र माफियाहरू उनीहरूलाई बढी राहत पुग्ने खालका उनीहरूको पक्षमा त्यस खालका बुँदाहरू परेको हुनाले यो विधेयकलाई म स्वीकार गर्न सक्दिन र यसलाई फिर्ता गर्नुपर्छ भन्ने आफ्नो मान्यता दर्ज गराउन चाहन्छु। धन्यवाद।

(१५:१७ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१५:१७ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्षज्यू, यो आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक नियमित रूपमा सदनमा छलफलमा थियो। अहिले हामी ५२औं दिनमा हाम्रो हिउँदे अधिवेशनको ५२औँ दिनमा हामी छलफल गरिराखेका छौं। हामीसँग त्यस्तो अनुभव छ हामी एक हप्तामा समितिले छलफल गरेर हाउसले पास गरेको हामीसँग अनुभव छ। सरकारले चाँडै चाहियो भन्ने बित्तिकै हामी छलफललाई तदारुकताका साथ छलफल गरेर, समितिले पास गरेर हाउसमा ल्याएर हाउसले तल्लो सदन वा माथिल्लो सदनले विधेयकलाई तल वा माथि पठाउने र पास गर्ने विधिबाट हामी गइरहेका छौं। यो समितिमै छलफल गरेर अहिलेसम्म पास गर्न सकिने विधेयक सरकारले फिर्ता पनि नल्याइकन अहिले यो अध्यादेश ल्याएर, अध्यादेशलाई प्रतिस्थापन विधेयक भनेर हामीले अहिले छलफल गरिराखेका छौँ। यो संविधानसम्मत पनि छैन। लोकतान्त्रिक मूल्य र मान्यता अन्तर्गत पनि छैन भन्ने कुरा हामीले अघि नै राखिसकेका छौ र यसमा फेरी संशोधनमा ल्याएर योजना आयोगका अधिकारहरूलाई कटौती गर्ने र ३ महिना अगाडिदेखि हाउसमा छलफल हुनुपर्यो योजनाहरूको बारेमा र यो प्रि-बजेटमा छलफल हुनुपर्यो भनेर हामीले माग गरेर एउटा व्यवस्था गरिएका व्यवस्थाहरूलाई पनि मिच्नका लागि कार्य यो जुन ल्याइएको छ अध्यादेश, यस्तो किसिमले जान भन्दा पनि उन्नत तरिकाले जानका लागि र सबै दल सबै माननीयज्यूहरूको एउटा भावनालाई सम्बोधन गर्दै अगाडि बढ्नका लागि गरिएका व्यवस्थाहरूलाई मिच्नका लागि अध्यादेश जुन ढंगले ल्याउने गरिएको

छ, ल्याइएको छ यसमा हाम्रो सहमति छैन र यसलाई फिर्ता गरियोस् र नियमसंगत ढंगले यसको संशोधन ल्याइयोस र हामी छलफल गरेर पास गर्नेछौं भन्ने कुरा राख्न चाहन्छु । हस् धन्यवाद ।

(१५:१९ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य मदन कुमारी शाह(गरिमा) ।

(१५:१९ बजे) **माननीय श्री मदन कुमारी शाह(गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, यो सभाको प्रारम्भैमा माननीय मन्त्रीज्यूले जसरी जवाफ दिनु भो मलाई के लाग्यो भन्दा मलाई हेर, मलाई सुन तर तिमी बोल्न पाउँदैनौ । यो आशय झल्क्यो । मेरो मनमा एउटा प्रश्नले जन्म लिएको छ सम्माननीय अध्यक्षज्यू के गणतन्त्रका राजा यस्तै हुन्छन्? संसदीय अभ्यासमा आलोचना, खबरदारी र कमी कमजोरी प्रतिपक्षले औंल्याउनु त लोकतन्त्रको सौन्दर्य होइन र? प्रतिपक्षलाई सुझावसम्म दिन नदिन चाहने मनोभावना र त्यो दूराशय हो भन्ने मलाई लाग्दछ । सम्माननीय अध्यक्षज्यू, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६लाई संशोधन गर्न बनेको विधेयकलाई हामीले सुरुदेखि भनिरहेका छौं । यो प्रक्रियागत ढङ्गले त्रुटि छ यसमा । एउटा सभाको अर्थ समितिमा रहेको विधेयकलाई फिर्ता नलिइकन जसरी अध्यादेश आयो र त्यो अध्यादेशलाई प्रतिस्थापन गर्ने गरी जुन विधेयक आएको छ, यो स्वीकार गर्न सकिँदैन भन्ने कुरा राख्न चाहन्छु । त्यति मात्र होइन यो विधेयकले अधिकारहरूलाई राष्ट्रिय योजना आयोगबाट अर्थमन्त्रालयमा लिएर अधिकारको केन्द्रीयकरण गर्न खोजिरहेको छ । यसरी अधिकारको केन्द्रीयकरण गर्दा व्यवस्थालाई व्यवस्थित र बलियो बनाउन सकिन्छ? यो मेरो प्रश्न रहेको छ । त्यसो भएको कारणले गर्दा यो विधेयकले गरेका व्यवस्थाले अर्थ मन्त्रालयको हैकमवाद कायम गर्न खोजेको छ । सारा शक्तिलाई एक ठाउँमा केन्द्रित गर्न खोजिएको छ । शक्ति केन्द्रित गर्नु भनेको निरंकुशता तिर लम्किनु हो भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । लोकतन्त्रमा यसरी शक्तिलाई केन्द्रीकृत गर्ने अधिकारलाई एक ठाउँमा ल्याउने र अधिकार अरूका अधिकारहरूलाई कुण्ठित गर्ने खालका कानुन हामीले बनाउनु हुन्न भन्ने कुरा राख्दै यो विधेयकलाई सरकारले फिर्ता लियोस्, यसमा संशोधन गरेर पुनः ल्याओस् तब मात्र यसलाई हामी समर्थन गर्न सक्छौं । हैन भने यो विधेयकलाई स्वीकार गर्न सकिदैन भन्ने कुरा अनुरोध गर्दै बिदा हुन्छु । धन्यवाद ।

(१५:२२ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य भुवन बहादुर सुनार ।

(१५:२२ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्षज्यू, हामीले प्रतिस्थापित विधेयक आर्थिक कार्यविधि तथा वितीय

उत्तरदायीत्व  पहिलो संशोधन विधेयक, २०८१ माथि छलफल गरिरहेका छौं र यो विधेयक एकदम विधि र प्रक्रियाभन्दा बाहिरबाट जसरी  बलमिच्याइँ गरेर ल्याइएको छ, यही प्रक्रिया माथि नै मेरो आपत्ति छ। त्यसमा पनि एकदम हामी माननीयज्यूहरूले पनि स्वीकार गर्नै नसकिने  खालको जस्तै  यो दफा २०  को रकमान्तर तथा स्रोतान्तर भन्ने ठाउँ, यो यसै नै ठिक थिएन। त्यसमा पनि फेरि थप गरेर यो विधेयकमा थप गरेर कार्यक्रमै संशोधन गर्न सक्ने भनि ल्याइएको छ। यसले संसदबाट  पास भएको बजेटलाई सिफारिसका आधारमा अर्थमन्त्रीले आफु खुसी बजेट जहाँ पनि लान सक्ने बनाइएको छ। यो नै सांसदहरूको अपमान हो। यति ठुलो    हाउसले पास गरेको बजेट अर्थमन्त्रीले आफुलाई जहाँ  मन लाग्छ त्यहीं खर्च  गर्न लान सक्ने भनेपछि यसको मक्सद के हो? यसले भन्न खोजेको कुरो के हो? यसको उदाहरणको लागि भन्दा  के भयो त भन्दा यो पहुँचका आधारमा, यो लेनदेनका आधारमा, कमिसनका आधारमा त्यो बजेटलाई अन्यत्र लान  सकिने जस्तै अहिले बजेट  २ अर्ब रुपैया बुढी गण्डकीमा राख्दिने। जो काम भइरहेको छैन। त्यसले फागुन महिनासम्म  त्यसले  गति  लिँदैन अनि त्यसलाई रकमान्तर  गर्ने, त्यसलाई  संशोधन गर्ने र आफूले चाहेको ठाउँमा आफ्नो हितमा आफ्ना पहुँचवाला ठाउँमा लैजाने  गरेर आएकोले गर्दा यसले माननीयज्यूहरूलाई अपमान गरेको छ। त्यसले गर्दा यो तुरुन्तै खारेज हुनुपर्छ भन्ने एउटा मेरो माग। अर्को अहिले नेपालमा विकासका कार्यक्रमहरू किन  यस्तो  बेठिक भएका छन्। सडक बनाउन पाएको छैन, दुई वर्षपछि भत्किन्छन्। हरेक योजना राम्रोसँग छैनन्। यो लुट खर्च कोलाई गर्न खोजेको हो भन्दा त्यहाँ इन्जिनियर, ठेकेदार लगायत क-कसको स्वार्थ जोडिएको छ। त्यसले गर्दा यो सार्वजनिक खरिद ऐन संशोधन हुनुपर्छ। तर यति ठुलो  यति धेरै  अध्यादेश आउँदा खेरिमा यो किन आएन? भन्दा यो त्यो सौँचको पक्षमा नभएकोले आएन। यो आउनुपर्छ। के भनेको छ त भन्दा अब ठेकेदारले (समय सकियो)...

(१५:२५ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य जयन्ती देवी राई।

(१५:२५ बजे) **<u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत माजवादी)</u>**:-सम्माननीय अध्यक्ष महोदय,  माननीयज्यूहरूले उठाइसक्नुभएको छ। म डा. माननीय बेदुराम भुसालले उठाउनुभएको कुरालाई म समर्थन गर्न चाहन्छु। र लगायत अरू माननीयज्यूहरूले र मलाई के लाग्यो भने अघिदेखि माननीय मन्त्रीज्यूहरूको जवाफ कस्तो भो भने एकदमै हामीले  यसलाई सुझावै दिन नमिल्ने जस्ताको तस्तै हामीले पारित गर्नुपर्ने खालकोले जस्ताको तस्तै पारित गर्दिनुस् भनेर आग्रह गरिदिनुभयो। हेक्का होस् माननीय मन्त्रीज्यूहरूलाई

किनभने दमन, बल, शक्तिको भरमा न्यायपूर्ण आवाजहरू कहिले पनि दप्दैन। त्यसकारणले कालोलाई कालो भन्न नसक्ने सेतोलाई सेतो भन्न नसक्ने हामीले जबरजस्ती सेतोलाई कालो भन्नै पर्ने यस्तो अवस्थाको सिर्जना नगराउनुहोस्। त्यसकारणले यो जुन प्रस्तुत विधेयक छ। यो प्रक्रियागत अघि माननीयज्यूहरूले भनिसक्नु भयो जहाँ अर्थ समितिमा छलफलमा गएको विधेयक आज मन्त्रिपरिषदले निर्णय गरेको भन्दैमा ल्याउन मिल्छ? १५ दिनमा आउँथ्यो त्यो विधेयक, कानुन बनेर आउँथ्यो। आज कति दिन भयो। ३ महिना भयो ५२ दिन भइसक्यो। कसको कारणले? आज सरकारको कारणले होइन। अनि मनपरी गर्न पाइने, यसरी जे पनि गर्न मिल्छ भनेर गर्ने। दुनियाँले देखेको छ। दुनियाँ जनताहरूलाई थाहा छ। त्यही कारणले प्रक्रियासंगत छैन। त्यसकारणले म अस्वीकार गर्न चाहन्छु। र अर्को कुरा भनेको अघि पनि उठाउनु भयो म त्यही समर्थन गर्न चाहन्छु कि यसले योजना आयोगको अधिकारलाई कटौती गऱ्या छ यसरी निरंकुश बन्न हुन्न के। यो लोकतन्त्र हो। हामी कहाँ गइरहेका छौं। व्यवस्थामाथि धावा बोल्ने? अधिकार कोले दिएको छ आज सरकारलाई? त्यही कारणले म विनम्रताका साथ सरकारलाई आग्रह गर्न चाहन्छु। यहाँहरूले भन्न सक्नुपऱ्यो नि साँचो कुरालाई साँचो भन्न सक्नुपऱ्यो। र त्यही कारणले म यो यो प्रक्रिय संगत पनि छैन। कन्टेन्ट पनि गलत छ। त्यही भएको कारणले यसलाई सरकारले फिर्ता गरोस् भन्ने म माग गर्न चाहन्छु। धन्यवाद।

(१५:२८ बजे) **सम्माननीय अध्यक्षः-** माननीय श्रीकृष्ण प्रसाद अधिकारी।

(१५:२८ बजे) **माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, अध्यादेशको प्रतिस्थापन गरी विधेयकको रूपमा यो आएको विधेयक यसको पूर्ण लगाम सरकारको हातमा छ। कानुन गुणस्तरीय बनाउनुपर्छ भन्ने शब्द आफैंमा राम्रो लागेता पनि यो स्वेच्छाचारी रबैयाले यो विधेयकमा हामी मिहिन ढङ्गले छलफल गर्ने अधिकारबाट खुम्चिएका छौं। यो प्रक्रिया पुऱ्याउनको लागि हामी सीमित छलफलको घेरामा छौं। गुणस्तरको हिसाबले देशको विकासमा कुन ऐनको कुन विषयवस्तु आवश्यक रहेको छ र कुन विषयवस्तु आवश्यक रहेको छैन भनि सरोकारवालाहरूसँग सम्वाद गर्न सकिंदैन। केवल सरकारलाई लागेको कुरा ठीक अरू बेठिक भन्ने अवस्थाको सिर्जना भएको छ। यो आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी ऐन, २०७६ ऐन समितिमा सघन छलफल चलिरहेको अवस्थामा अध्यादेश मार्फत किन संशोधन गर्न लागिएको हो सोको बारेमा कुनै स्पष्ट आधार अहिलेसम्म

भेट्टाउन सकिएको पनि छैन। सरकारले हतासमा अध्यादेश प्रतिस्थापन विधेयकका रूपमा ल्याएको यो विधेयकको दफा ३ मा कानुन बमोजिम स्थापित निकायहरूमा जम्मा भएको रकम सरकारले सोझै सञ्चित कोषमा जम्मा गर्न लगाउँदा ती निकायहरूको कार्य प्रगतिमा नकारात्मक असर पर्न जान्छ भन्ने लाग्छ। सञ्चित कोषको तुलनामा के सञ्चित कोषको सन्तुलनमा को नाममा कानुन बमोजिम स्थापित स्वायत्त निकायको रकम सञ्चित कोषमा जम्मा गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ भन्ने लाग्दैन। दफा ११ को (२) कार्यक्रम संशोधनका नाममा स्रोतको दुरूपयोग हुने अवस्था सिर्जना हुन सक्छ। दफा ११, उपदफा (२) मा स्वीकृत रकम अन्य कार्यक्रममा खर्च गर्ने गरी स्थानान्तरण गर्ने विकास प्रक्रिया भेदभावपूर्ण हुन जाने देखिन्छ। बजेटको संशोधन प्रक्रियालाई आफू अनुकूल पार्ने मनसायमा आधारित त होइन? भन्ने कुरा आशंका पैदा हुन्छ। सम्माननीय अध्यक्ष महोदय सरकारले ल्याएको यो प्रतिस्थापन विधेयक म सुझाव लिन अनुरोध गर्दै यसको अस्वीकार गर्छु। धन्यवाद।

(१५:३० बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१५:३० बजे) **<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू, सबभन्दा पहिले त म एउटा कुरा प्रष्ट पार्न चाहन्छु। यो बैठकमा अघि केही माननीयज्यूहरूले उठाउनुभएका प्रश्नहरू, सुझावहरू, जिज्ञासाहरूको जवाफ दिने सन्दर्भमा एक जना मन्त्रीज्यूले एउटा कथा हाल्नुभएको थियो। त्यो कथामा वर्णित पात्र जस्तो हामी होइनौं। हाम्रो प्रतिपक्ष होइन। उहाँहरू शायद प्रतिपक्षमा बसेको बेला त्यस्तो हुनुहुन्थ्यो होला कि। अझ भोलि खुदाना स्वास्ता प्रतिपक्षमा जानुभयो भने शायद त्यस्तो हुनुहोला कि। हामी छैनौं। यो प्रष्ट पार्न चाहन्छु। जहाँसम्म यो विधेयकको कुरा छ। यो विधेयक आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको सन्दर्भमा पनि म भन्दा अगाडि बोल्ने माननीयज्यूहरूले थुप्रै कुरा राखिसक्नुभएको छ। ती सबै कुरासँग मेरो सहमति छ र तैपनि अगाडि भनेको कुरा अहिले पनि दोहोऱ्याएर के भन्न चाहन्छु भन्दाखेरि यो विधेयक अर्थ समितिमा विचाराधीन थियो। यो विधेयकलाई त्यही नै छलफल गरेर छिटै छिटै टुङ्ग्याउन सकिन्थ्यो। यहाँ ल्याएर त्यसलाई फास्ट ट्र्याकमा लगेर टुङ्ग्याउन सकिन्थ्यो। तर यो विधेयकलाई सरकारले त्यहाँबाट फिर्ता ल्यायो भनेर भनेको छ। यद्यपि त्यसको लागि यो सदनको स्वीकृति चाहिन्थ्यो। जे होस् स्वीकृति लिएर फिर्ता लिएको

भएता पनि नलिकन फिर्ता लिएको भएता पनि म के कुरा राख्न चाहन्छु भन्दा खेरि त्यसो गर्नु पर्ने आवश्यकता के थियो। अर्थ समितिमा विचाराधीन रहेको विधेयकलाई फिर्ता लिनुपर्ने आवश्यकता के थियो? हो हाम्रो प्रश्न त्यहींनेर छ। यो नियत सरकारको नियत सरकारको सोंच के हो? हामी यही बुझ्न चाहन्छौं। हाम्रो कुरो त्यहींनेर छ। त्यसैले एउटा कुरा त्यो छ। अनि अर्को के छ भन्दा खेरि प्रक्रियालाई मिचेर प्रक्रियालाई मिचेर यो विधेयक ल्याइएको छ। हुन त यसो भन्दा खेरि मन्त्रीज्यूहरूले कन्टेन्टमा जानुस त तपाईंहरू प्रक्रियाको कुरा किन गर्नुहुन्छ भनेर भन्नुहुन्छ। प्रक्रियाकै पनि कुरा हुन्छ। किन कतिपय कुरा प्रक्रियासँग मिलेन भने त्यसको Consequence राम्रो छ भने पनि त्यो राम्रो हुँदैन। जस्तो कोही सुन्दर बच्चा जन्मियो। तर त्यो बलात्कारको माध्यमबाट जन्म्यो। अनि त्यसलाई के भन्ने? त्यस्तो हुन सक्छ। त्यसैले यी सबै कारणले गर्दाखेरि यो विधेयक जुन अध्यादेशलाई प्रतिस्थापित गरेर यहाँ ल्याइएको छ। यो विधेयकलाई प्रक्रियाको कोणबाट पनि कन्टेन्टको कोँणबाट पनि विषयवस्तुको कोँणबाट पनि स्वीकार गर्न सकिँदैन। त्यसैले यो विधेयकलाई अस्वीकृत गरियोस् फिर्ता लगियोस् भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१५:३३ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू अब माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१५:३४ बजे) <u>माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री श्री विष्णु प्रसाद पौडेलः</u>- सम्माननीय अध्यक्ष महोदय, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा यसको सैद्धान्तिक पक्षमा छलफलमा भाग लिनुहुने सबै माननीयज्यूहरूप्रति म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। केही प्रसङ्गहरू माननीयज्यूहरूले यहाँ उठाउनुभएको छ। त्यसो त हामी यो माननीयज्यूहरूकोले आवश्यकता महसुस गरेको खण्डमा यहाँले विधेयकमा संशोधन दर्ता गर्नु गर्नुहुनेछ र तत्सम्बन्धमा हामी दफावार छलफल पनि गर्नेछौं। अहिले मैले माननीयज्यूहरूले उठाउनुभएका केही प्रसङ्गहरूलाई मात्रै सम्बोधन गर्न चाहन्छु। सामान्यतया प्रक्रियाको विषयमा यहाँ निरन्तर छलफल चलि नै रहेको छ। म

सम्मानित सभा समक्ष के राख्न चाहन्छु भनेदेखि प्रक्रियाका बारेमा जरुर छलफल भयो दुइटा कोँणबाट। एउटा कि अस्ति हामी सदनमा थियौं। माननीयज्यूहरूले नियमापत्ति गर्नुभयो। सभाध्यक्षले केही समय लिन आवश्यक महसुस गर्नुभयो। छलफलपछि आज हामीहरू यो सभा फेरि सुचारु गर्ने ठाउँमा आइपुगेका छौं। यस बीचमा आवश्यक संवाद बिमर्श र सच्याईं यकिन गर्ने प्रक्रियाबाट हामी गुज्र्यौं भन्ने मलाई लाग्छ। र यस सम्बन्धमा सम्माननीय अध्यक्षज्यूले जे निष्कर्ष सभा समक्ष प्रस्तुत गर्नुभएको छ। प्रक्रियाका सम्बन्धमा त्यस उहाँले प्रस्तुत गर्नुभएको निष्कर्षका अतिरिक्त मैले कुनै टिप्पणी गर्न वाञ्छनीय हुँदैन, शोभनीय हुँदैन भनेर म निवेदन गर्न चाहन्छु। जहाँसम्म अर्थ समितिमा विचाराधीन थियो। त्यो अर्थ समितिले समयमा त्यसमा राय दिन सक्थ्यो। निर्णय हुन सक्थ्यो भन्ने विषय छ। यस विषयमा पनि हामीले धेरै नै छलफल गरिसक्यौं अध्यक्ष महोदय, हामीले तत्पश्चात् प्रतिनिधि सभामा यथेष्ट छलफल भयो। प्रतिनिधिसभाबाट पारित भएर अहिले यहाँ आइपुगेको छ। यहाँ पनि अध्यादेश प्रस्तुत भइरहँदा पनि यस विषयमा हामीले छलफल गरेका छौं। माननीयज्यूहरूले राख्नुभएको जिज्ञासा र मैले अहिले पनि याद गरिरहेको छु। र तत्सम्बन्धमा मैले त्यतिबेलै पनि आफ्नो धारणा राखिसकेको छु। मैले दोहोऱ्याइ रहनु पर्छ जस्तो मलाई लाग्दैन। प्रक्रियाको हिसाबले हामीले प्रक्रिया यो अर्थ समितिमा विचाराधीन विधेयक जुन कोर्सबाट फिर्ता लिएर अध्यादेशका रुपमा यो आएको छ। यो प्रक्रियागत सम्मत भएन भन्ने माननीयज्यूहरूको आफ्नो मत प्रति त म सम्मान व्यक्त गर्न चाहन्छु। तर त्यो प्रक्रियासम्मत थियो छ भन्ने कुरा म सरकारको तर्फबाट दोहोऱ्याउन चाहन्छु। अब यस बाहेक अरु केही विषयहरू यहाँहरूले उठाउनुभएको छ। यो सिलिङ तोक्ने अधिकार योजना आयोगको हो भनेर। योजना आयोगको हो, योजना आयोगले तोक्याछ। अहिले हामीले मूलतः यो बजेटको साइज कत्रो हुन्छ। हाम्रा Resource Management खासगरी बजेटका दुइटा पक्ष हुन्- स्रोत व्यवस्थापन र खर्च व्यवस्थापन। स्रोत व्यवस्थापनको बाटोमा हामीले कुन साइजको बजेट निर्माण गर्न सक्छौं Given Situation मा।हामीसँग अब राजश्व परिचालनको Optimum Limit के हुनसक्छ। हामीले GDP सँगको Comparison मा वा अन्तर्राष्ट्रिय अनुभवको सन्दर्भमा हाम्रो आफ्नै विगतको सन्दर्भमा कुन Limit सम्म हामी आन्तरिक ऋणमा जान सक्छौं। अन्तर्राष्ट्रिय सहयोग हामी कुन रुपमा परिचालन गर्न सक्छौं, त्यो समग्र पक्षलाई ख्याल गरीकन योजना आयोगले नै हो यो सिलिङ निर्धारण गरेको। १९ खर्बको हाराहारीको बजेट हामी यसबाट बनाउँछौं भनेर योजना आयोगले नै सिलिङ निर्धारण गरेको छ। त्यसकारण योजना आयोगको अधिकारमा encroach गरियो अतिक्रमण गरियो भन्ने कुरा सही होइन भनेर म यहाँ निवेदन गर्न चाहन्छु। रह्यो सवाल अर्थ मन्त्रालय हाबी हुन खोज्यो। यो कुनै अलमलको कुरा हैन कि। बजेट निर्माणको नेतृत्व अर्थ मन्त्रालयले गर्छ। हरेक

मन्त्रालयका आ-आफ्ना परिभाषित जिम्मेवारी छन्। ती परिभाषित जिम्मेवारी अन्तर्गत रहेर सबैले काम गर्छन् र फेरि बजेट अर्थ मन्त्रालयले मात्रै निर्माण गर्छ भन्ने पनि हैन। सम्बन्धित मन्त्रालयका निम्ति सिलिङ निर्धारण भइसकेपछि त्यो सिलिङलाई कसरी विन्यास गर्ने कसरी विनियोजन गर्ने भन्ने विषयमा सम्बन्धित मन्त्रालयहरूले, सम्बन्धित निकायले नै गृहकार्य गर्छन् र त्यसलाई एउटा योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयका बीचमा पारस्परिक समन्वयका साथ हामीले त्यसलाई अन्तिम रुप दिन्छौं। यो नै हाम्रो बजेट निर्माणको विधि हो र यसमा कुनै अर्थ मन्त्रालयले hand raise गर्नुपर्ने उसले आफ्नो Supremacy Show गर्नुपर्ने कुनै जरुरत छैन। अर्थ मन्त्रालय आफ्नो सीमाभित्र रहेर बजेट निर्माणको अभियानमा उसले भूमिका निर्वाह गर्छ। यसमा कुनै अन्योलमा रहनुपर्ने आवश्यकता मैले देख्दिन भनेर म अनुरोध गर्न चाहन्छु।अब यहाँ मैले खासगरीकन यो हामीले यो संशोधन विधेयक किन आवश्यक भयो भन्ने सन्दर्भमा अघि माननीय कमला पन्तले बडो सविस्तार यसको चर्चा गर्नुभयो। मैले उहाँले राखिसक्नुभएको विषयलाई दोहोऱ्याउनुपर्ने आवश्यकता ठानिनँ। वास्तवमा कुन Context मा यो आवश्यकता थियो त संशोधन भन्ने विषयमा अघि माननीयज्यूले गर्नुभएको विश्लेषणलाई म सही ठान्छु। त्यो दोहोऱ्याइरहनु पनि मैले आवश्यक ठानिनँ। रह्यो सवाल यो सार्वजनिक खरिद ऐनमा संशोधनको आवश्यकता यो पनि त अध्ययादेशमा आएको भए हुने थियो नि भन्ने माननीयज्यूहरूको भनाईप्रति मेरो सम्मान छ। वास्तवमा सार्वजनिक खरिद ऐनमा संशोधन आवश्यक, अत्यावश्यक भइसकेको छ र म यो पनि बताउन चाहन्छु शायद हामीले गृहकार्य भ्याएको भए भनेदेखि शायद यो विषय आउन पनि सक्थ्यो। अलिकति गृहकार्य बाँकी थियो। अहिले हामीहरू यो सार्वजनिक खरिद ऐनमा आवश्यक संशोधनका निम्ति अत्यन्तै सघन ढङ्गले गृहकार्यमा छौं र wide range मा फराकिलो दायरामा छलफल गरिरहेका छौं र हाम्रो गृहकार्य करिब करिब अन्तिम चरणमा आइपुगेको छ र छिट्टै नै हाउसमा प्रस्तुत हुनेछ र हाउसले त्यसलाई आफ्नो तहबाट छलफल गरीकन पारित गर्नेछ भन्ने त्यो अपेक्षा पनि सरकारले राखेको छ। यसबाहेक माननीयज्यूहरूले जुन विषयहरू उठाउनुभएको छ कि यो एउटा अब यो मन्त्रीले प्रतिबद्धता व्यक्त गरेको विषयको कुरा गर्नुभएको छ। मैले वास्तवमा स्वाभाविक रूपमा एउटा मन्त्रीले सदनप्रति सदनको मर्यादाप्रत ऊ सचेत हुन्छ र हुनैपर्छ भन्ने म ठान्दछु। त्यस हिसाबले मैले माननीयज्यूहरूसँग अस्ति सदन अवरुद्ध भइसकेपछि स्वाभाविक रूपमा औपचारिक, अनौपचारिक रुपमा कुराकानी पनि गरेको छु र मैले भनेको छु कि माननीयज्यूहरूले प्रक्रियासम्मत् ढंगले सदनमा आ-आफ्ना संशोधन प्रस्तावहरू राख्नुस्। यहाँले राख्नुभएका संशोधन प्रस्तावका सन्दर्भमा म कुनै Occupied Mind लिएर हैन खुल्ला मनले छलफलमा सहभागी हुनेछु।र सदनमा जानुभन्दा अगाडि पनि आवश्यकता पर्छ भने छलफलका निम्ति म

तयार नै छु भनेर मैले भनेको छु। यहाँहरूले संशोधन राख्नुहुनेछ। तत्सम्बन्धमा हामी खुल्ला मनले छलफल गर्नेछौं र छलफलका क्रममा त्यो एउटा सार्थक निश्कर्षमा पुग्नका निम्ति कुनै अप्ठ्यारो पर्छ भन्ने मलाई लाग्दैन। त्यसबाहेक यो बजेट निर्माणमा पहुँचको विषय लामो समयदेखि हुँदै आएको छ। मैले दुइटा कुरा यसपटक Assure गर्नुपर्छ भन्ने ठानेको छु। पहिलो कुरा बजेट निर्माणमा पहुँच हुँदैन। बजेट निर्माणमा आवश्यकता र औचित्यले निर्णायक भूमिका खेल्छ भन्ने त्यो मानकलाई स्थापित गर्नुपर्छ। मैले यो कुरा सोचिरहेको छु र बजेट निर्माणमा यो कुनै अरू हिसाबले आस्था, प्रतिवद्धता, यस्ता चिजको पनि पहुँच हुँदैन भन्ने त्यो मानकलाई स्थापित गर्नुपर्छ भन्ने मेरो आफ्नो पनि ठहर छ। त्यसकारणले माननीयज्यूहरूले विगतका प्रसंगहरू विगतका सम्झनाको जगमा बनेको मनोविज्ञान होला। त्यस हिसाबले बजेटमा पहुँच भनिरहनुभएको छ होला। कम्तीमा पनि म यहाँहरूलाई Assure गर्न चाहन्छु कि आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा पहुँचले कुनै भूमिका पाउने छैन। त्यसमा आवश्यकता र औचित्यले नै स्थान पाउनेछ भन्ने विश्वास दिलाउन चाहन्छु। यो सार्वजनिक ऋणको विषयमा पनि निरन्तर चर्चा हुने गरेको छ। म यहाँहरूलाई बताउन चाहन्छु- सार्वजनिक ऋणका बारेमा सरकारलाई Unlimit Privilege छैन। निश्चित Limit सम्म मात्रै सार्वजनिक ऋण लिन सक्छ। सार्वजनिक ऋण कति लिन सक्छ भन्ने विषयमा हामीले Parliament बाट जुन सीमा निर्धारण गरेका छौं, त्यो सीमाभित्र मात्रै ऋण लिने हो। यति कुरा हो कि सरकारले हेर्छ- कहिलेकाहीं ब्याजदर सस्तो हुन्छ कहिलेकाहीँ महङ्गो हुन्छ। सस्तो ब्याज दर भएको बेलामा ऋण लिँदा खेरि त्यसको पछि Payback गर्दा खेरि त्यसको लोड अलिकति कम हुन्छ। त्यो चिजहरूलाई Timing लाई ख्याल गर्छ जरुर त्यो कुरा हो। तर Parliament ले निर्धारण गरेको सीमा भन्दा बाहिर गएर सरकारले ऋण लिँदैन। अहिलेको सरकारले पनि लिएको छैन भन्ने कुरा म बताउन चाहन्छु र स्वभावैले सार्वजनिक ऋणहरूको सन्दर्भमा हामीले, हामीले दुनियाँमा विभिन्न प्रकारका अनुभवहरू छन्। कि मूलतः GDP सँग Comparison गरिन्छ। GDP को तुलनामा सार्वजनिक ऋण कति छ भनेर हेरिन्छ र कतिपय मुलुकहरूले GDP को Above 100% ऋण उठाएको पनि अनुभव छ। तर हामी एउटा Certain Limit मा रहेर एउटा यो मात्रै सार्वजनिक ऋण उठाउन सक्
छौं भनेर त्यो Mindset मा छौं। त्यसकारणले यसपछि सार्वजनिक ऋणका बारेमा हामी त्यो कुरामा सचेत छौं। सरकार सचेत छ भन्ने कुरा म राख्न चाहन्छु र माननीय गोपी अछामीले जुन कुरा राख्नुभयो अनुशासनमा जानुपर्ने आवश्यकताका विषयमा म धेरै धेरै धन्यवाद भन्न चाहन्छु। वास्तवमा यसपटक बजेट निर्माण गर्दा हामी अनुशासनमा फर्किनै पर्ने भएको छ। यदि हामीले अहिले पनि बजेट निर्माण प्रणालीलाई त्यसको स्टेरिङलाई सकारात्मक दिशातिर turn गर्ने आँट गरेनौ भने आँट गर्न सकेनौं भनेदेखि बास्तबमा हामी धेरै ठुलो दुर्घटनामा पर्न सक्छौ

त्यसकारणले हामी बजेट निर्माण गर्दा अनुशासनतर्फ फरकिनै पर्ने भएको छ। त्यो अनुशासनतर्फ फर्कनुपर्ने आवश्यकतालाई यो संशोधन विधेयकले पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनसँग सम्बन्धित संशोधन प्रस्तावलाई पनि त्यो सच्चाईलाई आत्मसात् गरेको छ र एउटा सच्चाईलाई हामीले स्वीकार गर्नुपर्छ कि हामीसँग सीमित स्रोत साधन छ र हामीसँग राजश्वको निश्चित सीमा छ। अन्तर्राष्ट्रिय सहयोगका सन्दर्भमा यो Changing Global Context लाई पनि हामीले ख्याल गर्न सक्छौं। त्यसले पनि केही निश्चित सीमाहरू निर्धारण गरिदिएको छ त्यसले गर्दा हामीसँग जुन सीमित स्रोत हुन्छ। खासगरी मानवीय र भौतिक विकासका निम्ति जुन विनियोजन हामी गर्छौं त्यो विनियोजनको उच्चतम र अधिकतम प्रतिफल Assure कसरी गर्ने? अहिले  खासगरी बजेट विनियोजनका सन्दर्भमा हामीले त्यहाँ दिनैपर्ने विषय यो हो। त्यसर्थमा अनुशासनतर्फ फर्किने माननीयज्यूहरूको भनाईलाई म सम्मान व्यक्त गर्न चाहन्छु। यो अर्थ मन्त्री साँच्चि नै बजेट निर्माणमा बजेट निर्माणको प्रक्रियालाई अनुशासनतर्फ फर्काउनको निम्ति सङ्कल्प गर्दछु। त्यस क्रममा म माननीयज्यूहरूसँग क्षण क्षणमा सहयोग माग्नेछु। म अनुशासनतिर फर्किने क्रममा केही अप्ठेरो पर्‍यो भने माननीयज्यूहरूसँग निरन्तर रुपमा सहयोग माग्नेछु र म यो खालको सहयोग पाउने पनि छु भनेर विश्वास व्यक्त गर्न चाहन्छु।र यो मैले पहिले पनि भनेको छु- यो कतिपय पदावलीहरू हामी मनोगत विश्लेषणका आधारमा पदावलीहरू प्रयोग नगरौं। कानुन कुनै बिचौलियालाई हेरेर बनाइयो भन्या खालको कुरा यो  न कुनै यसमा सच्चाई छ। यो फगत अनुमानमा यस्तो राष्ट्रियसभाका माननीय सदस्यले यस्तो भनौं त मनोगत शब्दको साहरा किन लिने। यथेष्ट तथ्य यथेष्ट तर्कहरूको साहरा लिन सकिन्छ नि। हामीसँग धेरै व्याख्या विश्लेषण गर्ने सच्याइसँग पुग्ने त्यसका निम्ति थुप्रै आधारहरू छन्। त्यसकारणले यस्तो खालको सस्तो शब्दको प्रयोग नगरौं भन्ने म आग्रह गर्न चाहन्छु। यो ३ महिना प्रि बजेट आदि समयको सन्दर्भ पनि मैले के राख्न चाहन्छु भने स्वभावैले हामीले फरक फरक खालका अभ्यास गरेका छौं र यो अभ्यासका क्रममा हामीले  जुन खालको अनुभव प्राप्त गरेका छौं। हामीले  ३ महिनाको अभ्यास पनि गर्‍यौं। १५ दिनको अभ्यास पनि गरिआएका छौं। त्यो अभ्यासका नतिजाहरू के छन्? हाम्रा सामुन्ने प्रकट छन्। त्यसकारणले प्रश्न कति दिन भन्ने हैन रहेछ। प्रश्न हामी छलफल कसरी गर्छौं। छलफलका निश्कर्षहरूलाई Summarize कसरी गर्छौं र त्यसको कार्यान्वयन कसरी गर्छौं भन्ने विषय त्यो मुख्य रहेछ। त्यस हिसाबले नै हामीले सोंचिरहेका छौं र अहिले सरकार कुन Mindset छ भन्दा खेरि हामीले बजेट निर्माणको प्रक्रियालाई एउटा सगतिमा ढाल्न जरुरी छ। सबभन्दा पहिला सरकारको नीति, कार्यक्रम आउँछ। सरकारको नीति कार्यक्रम नै मुख्य चिज हो। त्यो नीति कार्यक्रमलाई अनुशरण गर्ने गरी अनि सिद्धान्त र प्राथमिकता बजेटको सिद्धान्त र प्राथमिकता आउँछ अनि

नीति कार्यक्रम र सिद्धान्त प्राथमिकताको आलोकमा बजेट बन्छ यो संगति हो। यस हिसाबले जानुपर्छ भन्ने सोँचमा सरकार छ भन्ने पनि म माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु। यति भनीकन एउटा यो आइराछ के यो अलिकति मेरो आग्रह के छ भने माननीयज्यूहरूलाई भने नि कहिलेकाहीँ यो भन्दा खेरि स्वाद त हुन्छ। मज्जाले दिएँ नि स्वादले भनेँ नि भन्ने त हुनसक्छ तर त्यो अभिव्यक्तिले के प्रभाव पर्छ, Society मा के प्रभाव पर्छ, के मनोविज्ञान जान्छ भन्ने कुरालाई पनि ख्याल गर्नुपर्छ होला र यहाँ कम्तीमा पनि यो गणतन्त्रमा राजा हुँदैनन् भन्ने कुरा सबैले मानेको कुरा हो र यहाँ राजा छैनन् भन्ने कुरा तपाई हामी सबैले मानेको कुरा हो। गणतन्त्रमा राजा हुँदैन र कुनै मन्त्रीलाई तपाईं हामी राजा मान्न तयार छौं त। मन्त्री वा प्रधानमन्त्रीलाई गणतन्त्रका राजा भनेर त्यसरी चित्रित गर्नु उचित हो त, म आग्रह गर्न चाहन्छु- यस खालको पदावली प्रयोग नगरौं। म यहाँहरूसँग शालिनतापूर्वक अनुरोध मात्रै हो। कुरा के हो भने यहाँ कोही मन्त्री वा कोही प्रधानमन्त्री उफ्रिएर प्रधानमन्त्रीको कुर्सीमा जान सक्दैन। मन्त्रीको कुर्सीमा जान सक्दैन। एउटा संवैधानिक प्रक्रिया छ। जनताबाट अनुमोदित भएर सदनबाट अनुमोदित भएर कोही पनि व्यक्ति प्रधानमन्त्री बन्छ। र निश्चित प्रक्रियाबाट जनताबाट निर्वाचित भएका प्रतिनिधिहरूमध्येबाट हाम्रो निर्वाचन प्रक्रिया फरक फरक छ। प्रत्यक्ष छ, समानुपातिक छ। राष्ट्रियसभा छ। विभिन्न प्रकारको निर्वाचनको मोडालिटी छ। त्यसरी निर्वाचित भएका जनप्रतिनिधिहरूमध्येबाट प्रधानमन्त्रीले मन्त्री नियुक्त गर्ने व्यवस्था छ। यो सच्चाइलाई Ignore हुने गरीकन, ओझेल पर्ने गरीकन अनि यो राजा यो अलि Cheap Word भयो जस्तो मलाई लाग्छ। यसले राम्रो मनोविज्ञान जाँदैन। सोसाइटीमा यसले राम्रो मनोविज्ञान जाँदैन। र यसले नकारात्मक मनोविज्ञानलाई मदत गर्छ। हाम्रो अभिभारा के हो यतिबेला भने हामीले ७० वर्ष लामो संघर्षको बलमा निर्माण गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सबल, सुदृढ र संस्थागत गर्ने यो अभिभारा हाम्रो काँधमा छ। यो अभिभाराबाट हामी किञ्चित विचलित हुन सक्दैनौं। यो ७० वर्षको आन्दोलनको निश्कर्षको रुपमा जुन संघीय संविधानसभाका माध्यमबाट हामीले संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गरेका छौं। यो संघीय लोकतान्त्रिक गणतन्त्रप्रति कसैले कुनै पनि प्रकारको धावा बोल्न पनि सक्दैन। त्यस्ता प्रवृत्तिहरू टिक्न र त्यस हिसाबले यो गणतन्त्रका विरुद्ध उनीहरू उभिन सक्छन् भन्ने पनि मलाई लाग्दैन। त्यसकारणले हाम्रो अभिभारा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरेर जाने हो। कि त्यसका निम्ति मदत गर्ने खालका छलफलहरू हुनुपर्छ हामीले छलफल गर्दा खेरि पनि। त्यसकारणले यस्तो खालको Cheap पदावलीहरू प्रयोग नगरौं भन्ने मेरो आग्रह हो। रकमान्तर, स्रोतान्तरको विषय ठिक भएन भन्ने विषय स्वाभाविक रूपमा हामीले अहिले हामीले बजेट निर्माणका सन्दर्भमा अर्थ मन्त्रालयले जुन प्रकारको मार्गदर्शन सम्बन्धित मन्त्रालयलाई पठाएको

छ त्यसमा हामीले के भनेका छौँ भने सामान्यतया रकमान्तर वा स्रोतान्तर गर्न नपर्ने गरी बजेट विनियोजन गर्नुहोला। चालु आयोजनाहरू, बहु वर्षीय आयोजनाहरू, राष्ट्रिय महत्वका, रणनीतिक महत्वका, राष्ट्रिय गौरवका त्यस्ता आयोजनाहरूमा आगामी आर्थिक वर्षमा जुन लिमिटमा खर्च हुन्छ त्यो त्यसका निम्ति एयर मार्क गरेर बजेट लोड गरेर अनि बाँकी रकम अनि मात्रै अरु आयोजनाहरूमा विनियोजन गर्नुहोला भन्ने स्पष्ट एउटा मार्गदर्शन अर्थ मन्त्रालयले गरेको छ। र सँगसँगै कार्यक्रम संशोधनको सन्दर्भ के हुन्छ भने कहिलेकाहीँ यो कार्यक्रम संशोधनको आवश्यकता हुनसक्छ। तर त्यो कार्यक्रम संशोधन अर्थ मन्त्रीले मनमौजी ढङ्गले गर्छ जहाँ चाह्यो त्यहीँ लानको निम्ति गर्छ, आदि इत्यादि केही पनि होइन।त्यसको Due course छ। सम्बन्धित मन्त्रालयको प्रस्तावको जगमा मात्रै रकमान्तर, स्रोतान्तर वा कार्यक्रम संशोधन हुने हो। त्यो पनि आवश्यकता औचित्यको आधारमा हुने हो। यसतर्फ माननीयजयुहरूको म ध्यानाकर्षण गराउन चाहन्छु। र यो प्रदेश पालिकामा खर्च यो सञ्चित कोष भनेको यो के छ भन्देखिन् खर्च नभएको निश्चित प्रकारको कोषलाई संघीय सञ्चित कोषमा जम्मा गर्ने भन्ने खालको प्रबन्ध गरिएको छ यो कुनै त्यो कुनै पालिका वा प्रदेशका प्रति अन्यथा सोचको कुरा यो होइन। खर्च गर्नका निम्ति विनियोजन गरिएको हो। खर्च भएन भने कोषमै जम्मा हुन्छ। यो सिम्पल कुरा छ त्यसमा धेरै यसको कुनै जटिल अर्थ पनि छैन र अर्थ खोज्नुपर्ने पनि आवश्यकता छैन भन्ने म राख्न चाहन्छु। र यति कुरा भनिसकेपछि अब यो माननीयज्यूहरूसँग यति भन्दै यहाँहरूले उठाउनुभएका प्रश्नहरूका सन्दर्भमा यति कुरा राख्दै यो मेरो अनुरोध छ कि यो आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन बजेट निर्माणका र बजेट कार्यान्वयनका हाम्रा विगतका अनुभवहरूको जगमा संशोधन गर्ने हिसाबले यो प्रस्तुत भएको छ। र यो संशोधन प्रस्ताव स्वीकृत हुँदा हाम्रो बजेट निर्माण र कार्यान्वयनको प्रणाली स्वभाविक रुपमा बढी प्रभावकारी र परिणामदायी हुनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु र आफ्नो भनाई अन्त्य गर्छु। धन्यवाद।

(१५:५२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू अब म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला।

यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन विधेयक, २०८१ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू अब माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त निजीकरण पहिलो संशोधन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:५४ बजे) <u>माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री श्री विष्णु प्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त निजीकरण पहिलो संशोधन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:५५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेलले प्रस्तुत गर्नुभएको प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त निजीकरण पहिलो संशोधन विधेयक २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम दुई मिनेट भित्र अध्यक्षको ड्यासँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय

सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छ। माननीय सदस्य मदन कुमारी शाह (गरिमा)।

(१५:५६ बजे) <u>माननीय श्री मदन कुमारी शाह (गरिमा)(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, हामी सबै आफ्नो मर्यादामा बस्नुपर्छ। लोकतन्त्रमा सांसदको मुख थुन्न पाइँदैन र रोस्टममा गएर थर्काउन पनि पाइँदैन। यो पनि हेक्का रहोस्। व्यवस्थालाई बलियो बनाउने जिम्मा माननीय मन्त्रीजीको पनि हुन्छ। सांसदको पनि हुन्छ। हामी सबैको हुन्छ। र यो व्यवस्था हामी सबैले त्याग, तपस्या, बलिदान गरेर ल्याएको हो। यसप्रति माया हामीलाई पनि छ। विधेयकमा कमीकमजोरी औँल्याउँदा तपाईंले काँडाको आँखाले हेर्नुभयो भन्दा जनताको बलिदानबाट ल्याएको लोकतन्त्र कसरी बलियो हुन्छ? म सोध्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, मार्फत म अनुरोध गर्न चाहन्छु कि- हामी सबैले हेक्का राख्नुपर्दछ इट्टाको जवाफ पत्थरले पनि आउँछ भनेर। यति भन्दै सम्माननीय अध्यक्षज्यू, निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल गर्दा म के अनुरोध गर्न चाहन्छु भने यो विधेयकको नाम परिवर्तन भएर आएको छ। यसको नाम सार्वजनिक प्रतिष्ठान सरकारी लगानी व्यवस्थापन भनेर ल्याइएको छ। म त अलि नमिठो शब्दमा भन्न चाहन्छु- यो जनताको आँखामा छारो हाल्ने गरी ल्याइएको छ। यो हामीले तीनखम्बे अर्थ नीतिको कुरा गरिरहेका छौं। तर हामीले निजी क्षेत्रलाई मात्रै पोस्ने खालका नीति निर्माणहरू गरिरहेका छौं। एकातिर नेपाल सरकारलाई परेको वित्तीय तथा प्रशासनिक भार कम गर्न ऐन संशोधन गरिएको भनिएको छ भने अर्कोतर्फ प्रतिष्ठानको सम्पत्ति भाडामा मात्र दिने होइन व्यवस्थापन शुल्क समेत दिने व्यवस्था भएर आएको छ। व्यवस्थापन शुल्क दिँदा नेपाल सरकारलाई वित्तीय भार पर्छ कि पर्दैन? म सम्माननीय अध्यक्षज्यू मार्फत सोध्न चाहन्छु। वित्तीय भार कम गर्न संशोधन गरिएको भन्ने तर व्यवस्थापन शुल्क दिने यो कसरी जस्टिफाइ हुनसक्छ? नियतमा शंका गर्न सक्ने ठाउँ छ भन्न चाहन्छु। प्रतिष्ठानहरूमा कार्यरत कामदार र कर्मचारीलाई स्वीकार गरिने छैन भनेर व्यवस्था आएको छ। यो श्रमिक र कामदारहरूको हक अधिकारको हनन होइन र? हामी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सदस्य भएको देशले यस्ता कानुनहरू बनाउन हुन्छ कि हुँदैन म सम्माननीय अध्यक्षज्यू मार्फत सोध्न चाहन्छु। तसर्थ यो विधेयकलाई यो श्रमिकको हितमा पनि छैन। यो सार्वजनिक सम्पत्तिलाई संरक्षण गर्ने हितमा पनि छैन। यो केही मुठ्ठीभर मान्छेहरूलाई पोस्ने खालको विधेयक भएको कारणले गर्दा यो स्वीकार गर्न सकिँदैन भन्ने कुरा अनुरोध गर्न चाहन्छु। धन्यवाद।

(१५:५८ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य कमला पन्त।

(१५:५८ बजे) **माननीय श्री कमला पन्त (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, निजीकरणको हाम्रो अनुभव केही राम्रो पनि छ केही नराम्रो पनि छ। बैंकिङ क्षेत्र धेरै खुले २०५० सालको निजीकरण ऐनले तर केही हाम्रा होनहार संस्थाहरू कमजोर पनि भए। त्यसले गर्दा निजीकरणको अनुभवलाई यसलाई नियमन र अनुगमन मजबुत हुनुपर्छ भन्ने कुरा म पनि राख्न चाहन्छु। र हाम्रो जस्तो सानो मुलुक सानो अर्थतन्त्र भएको देश त्यो सानो अर्थतन्त्रले सबै उद्योगधन्दा कलकारखाना भन्दा शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई जस्तोमा धेरै लगानी गर्नुपर्ने अहिलेको आवश्यकता छ। त्यसले गर्दा निजीकरणलाई हामीले त्यत्रा धेरै बैंकहरू खुले अहिले त्यत्रो सेवा प्रदान गरेको छ निजीकरणले निजी बैंकहरूले। त यसलाई नराम्रै भनेर भन्न सकिँदैन। तर यसले दिगो विकासको लक्ष्य कति पूरा गर्न सक्छ निजीकरणमा दिँदा खेरि र यसले हुन् त उत्पादकत्व बढाउनको निम्ति भन्ने मन्त्रीज्यूहरू अहिले भन्नुहोला र यो विधेयकले त्यही भनेको छ। र यसलाई हामीले अहिले जनताको दैनिक आवश्यकताको कुराहरूको परिपूर्ति गर्न मैले भने शिक्षा, स्वास्थ्य, रोजगारीतिर जानको निम्ति यी उद्योगधन्दा कलकारखानाहरूलाई हामीले लगानी बढाएनौ भने र उद्योगधन्दा कलकारखानाहरूलाई निजीकरण तिर लग्यौ भने तर मैले अघि भनिसके निजीकरण गर्दा खेरि अनुगमन र नियमन बलियो हुनुपर्छ। हामीले सबैभन्दा महत्वपूर्ण कुरा सम्माननीय अध्यक्ष महोदय कार्यान्वयनको कुरा हो। कानुनले केही कस्ता राम्रा राम्रा कानुनहरूले पनि कार्यान्वयन गर्न नसकेको अहिलेको हाम्रो अनुभव छ। त्यसले गर्दा कानुन एकदमै कार्यान्वयनमा हामीले ध्यान दिनुपर्छ। र यसलाई शिक्षा, स्वास्थ्य, रोजगारीमा विशेष ध्यान दिनुपर्‍यो। खानेपानी सरसफाइमा पहुँच पुर्‍याउनुपर्‍यो। र म हामी नै भन्छौं गोरखकाली रबर उद्योग बरु निजीकरण गर्दिएर सञ्चालन गर्दिए पनि हाम्रो गौरव बढ्थ्यो। किन बन्द गरेको होला भनेर हामी भन्छौं। धेरै उद्योगधन्दा, कलकारखानाहरू अहिले बन्द भइरहेको अहिलेको अवस्था छ। त्यसले गर्दा निजीकरण गर्दाखेरि हाम्रो स्वामित्व भित्रै रहने गरेर निजीकरण गर्दा खेरि यसले मुलुकलाई लाभै दिन्छ जस्तो मलाई लागेको छ। त्यसले गर्दा म सम्माननीय अध्यक्षज्यू मलाई कार्यान्वयनमा चुस्त दुरुस्तताको म माग गर्दै म पनि माग गर्दै र सरकारी लगानीलाई थप व्यवस्थित गर्नको निम्ति जुन यो निजीकरण सम्बन्धी ऐन हामी हाम्रो सामुमा छ यसलाई सर्वसम्मतिले पास गर्नको निम्ति अनुरोध गर्दछु। र नियमन र अनुगमनलाई चुस्त राख्नको निम्ति पनि म निवेदन गर्दछु। धन्यवाद।

(१६:०२ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१६:०२ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, निजीकरण ऐन, २०५० लाई संशोधन गर्न भनेको विधेयकको सैद्धान्तिक पक्षको छलफलमा छौं। म यो विधेयकलाई स्वागत गर्न चाहन्छु। विधेयकले निजीकरण ऐन, २०५० मा रहेका केही प्रावधानहरूलाई संशोधन गर्न खोजेको छ। निजी क्षेत्रको सहभागीतामा वृद्धि गर्ने, नेपाल सरकारको लगानी भई सञ्चालित उद्योग व्यवसायको क्षमता र उत्पादकत्व बढाउने, देशको आर्थिक विकासमा सहयोग पुऱ्याउने, प्रतिष्ठानलाई व्यवस्थित गर्ने नीतिगत व्यवस्था अनुरूप राष्ट्रिय हितको दृष्टिकोणमा सुधार ल्याई सरकारी लगानीलाई थप प्रभावकारी र व्यवस्थित बनाउने उद्देश्य लिएको देखिन्छ। विधेयकमार्फत ऐन बनेपछि नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी ल्याएको छ यो विधेयक। मूल ऐनमा नभएको र केही थपिएका सरकारी लगानीका पहिचान र व्यवस्थापन गर्न खोजेको देखिन्छ। मापदण्ड र कार्यविधि निर्देशिका समेतकोले रोजगारी सिर्जनामा पुग्न सक्ने रोजगारी सृजना हुन सक्ने अवस्था देखिन्छ। प्रतिष्ठानमा भएका सरकारी लगानीको अनुमान मूल्याङ्कन गर्ने कार्यान्वयन समितिको गठन र काम, कर्तव्य, अधिकारसमेत तोकेर आएको छ। यो विधेयकले निजीकरण ऐन, २०५० को मूल ऐनलाई समसामयिक बनाउन खोजेको छ। सरकारले आंशिक वा पूर्ण लगानी भएका उद्योग प्रतिष्ठानलाई व्यवस्थित गर्ने गरी ल्याएको छ। यो आवश्यकता थियो र ल्याएको छ म यसलाई समर्थन गर्न चाहन्छु।

(१६:०३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१६:०४ बजे) **माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ज्यू, निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक अध्यादेशमार्फत र आज प्रतिस्थापन विधेयकको रूपमा हामी छलफल गरिरहेका छौं। यसमा सुरुमै नाम परिवर्तन गरिएको छ। निजीकरण भन्नेको सट्टामा सार्वजनिक प्रतिष्ठान व्यवस्थापन भनेर भनिएको छ। काम निजीकरण गरिएको छ। निजीकरण त छँदै थियो। नामै परिवर्तन गर्न खोज्ने र त्यसलाई अझै व्यवस्थित गरेर सरकारी ढंगले चलाउन कोसिस गर्नुको सट्टा फेरि काम थप निजीकरण गर्ने यो के गरेको हो? यो कन्फ्युजन मात्रै सिर्जना गरेर समस्या समाधान

हुन्छ कि ठिक ढंगले भएको संस्थानहरूलाई व्यवस्थापन गरेर समाधान हुन्छ भन्ने कुराहरू प्रश्न उठेको छ यहाँ। निजीकरण यसो गर्न खोजिएको छ भनेर सामान्य सरल ढङ्गले दलहरूसँग सरसल्लाह गरेर पनि यी थप गर्ने विषयहरू निर्णय गर्ने विषयहरूमा सरसल्लाह गर्न सकिन्छ। पहिलो कुरा त नीति बनाएर ऐन बनाउन जरुरी छ। यसरी जुन विगतदेखि संस्थानहरू चलिरहेका छन् त्यसलाई निजीकरण गर्नका लागि यसो गरौं है। देश भयावह ढंगले अगाडि बढ्यो। आर्थिक संकटहरू भयो। यसलाई सम्बोधन गर्नुपर्‍यो। हामी यसरी जाऔं भनेर सबै दलसँग सल्लाह गर्न जरुरी छ। त्यो बारेमा नीति बनाउन जरुरी छ। राष्ट्रिय स्तरको नीति बनिसकेपछि नीति पास गरेर हामीले ऐन निर्माण गर्नका लागि एउटा सहज वातावरण हुन्थ्यो। नीतिले सम्बोधन गरेको विषयलाई हामीले ऐन बनाएर जान्थ्यौं। त्यो त छैन छैन। तर न सत्तापक्षसँग न प्रतिपक्षसँग सरकार सल्लाह नै गर्न चाहँदैन र थप गरेर ल्याउँछ। यसमा थप गरिएका विषय कति राम्रा छन् कति नराम्रा छन्? अहिले हामी यहाँ ३ मिनेटमा बोल्न सक्छौं? त्यसो भएको हुनाले यो विधेयकसँग कसरी सहमत हुन सकिन्छ? कसलाई लाग्यो? यसो गर्दा खेरि ठिक हुन्छ भन्ने कुरा। त्यही लागेको मान्छेलाई जसले सुझाव दियो त्यो मान्छेलाई मात्रै यो विषयले छोएको होला। हामीलाई छोएको छैन। जनतालाई छोएको छैन। भएका संस्थानहरू कसरी व्यवस्थित गरेर लैजाने चलाउने। कसरी अगाडि बढाउने? देशलाई कसरी आर्थिक मन्दीबाट अगाडि बढाउने? कसरी आर्थिक संकटबाट उठाउने भन्ने कुरालाई सम्बोधन गर्न त दलहरूसँग सल्लाह गर्नुपर्यो नि। यहाँका नीति निर्माण तहमा बसेको मान्छेहरूसँग सल्लाह गर्नुपर्यो नि।खुसुक्क एउटा ल्याएर छिराएर हुन्छ? त्यसैले मैले यो संशोधन विधेयकलाई फिर्ता ल्याएर एउटा नियममा लिएर आउनको लागि म (समय सकियो)...

(१६:०६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१६:०६ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू , मैले धेरै लचिलोसँग म शायद बोल्न जान्दिन होला। यी अहिले हाम्रो माननीय गङ्गा बेलवासेले पनि भन्नुभो- यी सबै कुरालाई हेर्दा अहिले राजा होइन को राजा भन्ने कुरा आयो। यस्तै नियम नीति कोहीसँग पनि सल्लाह नगरिकन ल्याउनेलाई राजा हुन खोजेको हो कि भन्न खोजिएको हो। यो कुरा सबैलाई हेक्का रहोस्। यो ऐन, नियम कानुन बनाउने भन्ने कुरा प्रतिपक्षले हात उठाउने विरोध गर्ने मात्र हैन। भोलि यो कानुन नियम गलत बन्यो भने प्रतिपक्ष सत्ता पक्ष कोही भन्दैन। यो कानुन अन्धो हुन्छ। त्यसैले हामी सबैले हेका

राखौं। स्वागत गऱ्यौं भनेर मात्रै नभनौं। म यी कुराहरू हेरिराछु। नबोलम् भन्दै थिएँ। फेरि पनि मलाई बोल्न मन लाग्यो।म एउटा उधोगमा काम गर्ने मजदुर हो। उद्योगमा काम गर्ने मजदुरका के हुन्छन् व्यथा, वेदना। उसको घरपरिवार हिजो त्यहाँ निजीकरणको उ गरेको भृकुटी कागज कारखानाको अवस्था के छ? त्यहाँका मजदुरले अहिलेसम्म भुक्तानी पाएका छैनन्। अनि ऐन बनाउने कि नाम फेरेर ल्याउने। ऐन बेगर नाम फेर्दैमा यो सबै चल्छ? अनि बेच्दिने। भोलि यस्तै हो भने मेरो मनमा उब्जेको सरकार पनि बेचेर कसैलाई निजीकरण गर्दिने हो कि भन्ने हामीलाई डर लाग्यो त्यसो भएको हुनाले नै हामीले यसलाई खबरदारी गर्नै पर्छ। कसैलाई नि राजा र बादशाह हुनलाई हामीले आन्दोलन गरेका हैनौं। हामीले ज्यान जोखिममा राखेर यो अहिलेको अवस्था ल्याउनलाई त्यो ठाउँमा बस्न मन्त्री बन्नलाई प्रधानमन्त्री बन्नलाई नेता बन्नलाई हामी सबैको योगदान छ। हामीलाई प्रतिपक्ष भनेको त केही नै हैन भनेर अस्ति मैले पनि बोलेको थिएँ।रोष्ट्रमबाट आज पनि त्यस्तै कुरा आयो। ओठे बोल्ने होइन। हामी एउटा प्रतिपक्ष सत्तामा रहेका सत्ताभन्दा बाहिर रहेका प्रतिपक्षहरूले यो देशमा रहेका बेथितिहरूको नियम कानुन अनुसार चलाउनुपर्छ। कानुन बेगर चलाउन पाईंदैन भनेर औंला ठड्याएका हौ, उठाएका हौं। यस्ता बेथिति गर्ने हो भने सँधै रात मात्र रहँदैन उज्यालो हुन्छ। उज्यालोलाई अँध्यारो बनाउन पाईंदैन। रातपछि उज्यालो आउँछ भन्ने कुरा मन्त्रीज्यूहरूले हेक्का राख्नुहोस्। धन्यवाद।

(१६:०९ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य गोपी बहादुर सार्की अछामी।

(१६:०९ बजे) <u>**माननीय श्री गोपी बहादुर सार्की अछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, निजीकरण ऐन २०५० लाई संशोधन गर्न बनेको यो प्रस्तावित विधेयक माथि हामी सैद्धान्तिक छलफल गरिराखेका छौं। म सिद्धान्ततः निजीकरणको मेरो आफ्नो पार्टी र मेरो आफ्नो सिद्धान्तले पनि निजीकरणको विरोध गर्नु भन्छ।म निजीकरणको विरोधी नै हो। सार्वजनिक तथा सरकारी सम्पति र प्रतिष्ठानहरूको समस्या भन्या अहिलेको व्यवस्थापनलाई कुशलतापूर्वक अहिलेको विकसित टेक्नोलोजी अहिलेको आवश्यकताको आधारमा र विशेष गरेर अहिले प्रतिस्पर्धी बजार भएको कारणले गर्दाखेरि यसलाई मध्यनजर गरेर त्यसको कुशलतापूर्वक व्यवस्थापनमा राज्यले अलिकति पोलिसी बनाएर सोंच्नुपर्ने हो कि भन्ने कुरा मेरो यो सुझाव हो। दोस्रो कुरा अब यो निजीकरण अघि माननीय कमला पन्तले भनेको एक दुइटा कुरामा म के सहमत छु भने यो निजीकरण गरिएको

उद्योग, प्रतिष्ठानहरू अथवा राज्यको सम्पतिहरूको उचित ढङ्गको राजस्व आको छ कि छैन? त्यसले राज्यलाई बेनिफिट दिएको छ कि छैन भन्न मोनिटरिङ गर्न पनि जरूरी र आवश्यकता हुन्छ भन्ने कुरालाई पनि मध्यनजर गर्नुपर्छ भन्ने मलाई लाग्दछ। अब अहिले के छ भने निजी क्षेत्र र राज्यकै साझेदारीमा राज्यको पुँजी निर्माण गर्ने हो रोजगारी सृजना गर्ने हो र आवश्यकताको पनि समाधान गर्ने हो। अब अलिकति अन्तर्राष्ट्रिय हिसाबले पनि अलिकति प्रतिस्पर्धी खालको बजार अथवा प्रतिस्पर्धा धेरै हुने हुँदाखेरि र सरकारी उद्योग प्रतिष्ठानहरू सरकारी सम्पतिहरू विशेष गरेर उदयपुरको सिमेन्ट कारखानाको कुरा गर्न सकिन्छ। हेटौडाको सिमेन्ट कारखानाको कुरा गर्न सकिन्छ। कपडा उद्योग अरु धेरै विषयमा पनि हामी छलफल गर्न सक्छौ त्यसो के छ भने निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय उत्पादन र त्यसको जनशक्तिको टेक्नोलोजीको र व्यवस्थापनको कमीको कारणले गर्दाखेरि यो स्थिति आएको कारणले गर्दा खेरि त्यता सुधार गर्ने तिर निजीकरण भन्दा पनि त्यता सुधार गर्ने तिर हामीले ध्यान दिन सक्यो भने सरकारका सम्पतिहरू र सरकारका उद्योग प्रतिष्ठानहरू ती नमुना हुनुपर्यो। जसले गर्दाखेरि त्यसले पाइलटिङ गरेर निजी क्षेत्रलाई प्रोत्साहन गर्ने खालको स्थिति भयो भने निजी क्षेत्रले आफ्नो ठाउँबाट राज्यको उद्योग तथा सम्पत्ति प्रतिष्ठानहरूले आफ्नो ठाउँबाट मेहनत गर्दा खेरि अनि राज्य सबल बन्न सक्ने स्थिति भएको कारणले गर्दा खेरि त्यता अलि कति सरकारले सोँच्नुपर्छ ध्यान दिनुपर्छ भन्ने विषय राख्न चाहन्छु र यो फेरी अध्यादेशको पक्षमा म आफू नभएको कारणले गर्दाखेरि यसको म विरोध पनि गर्न चाहन्छु। सरकारले फिर्ता लिओस् पनि भन्न चाहन्छु। हस् धन्यवाद।

(१६:१२ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य तारामान स्वाँर।

(१६:१२ बजे) <u>माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको प्रतिस्थापन विधेयकले मूल ऐनको नाम संशोधन गरेर सार्वजनिक प्रतिष्ठान सरकारी लगानी व्यवस्थापन ऐन राखिएता पनि यसको मूल सार र उद्देश्य सार्वजनिक प्रतिष्ठान मात्र होइन सरकारी लगानी अर्थात् रकमलाई पनि निजी क्षेत्रलाई दिने उद्देश्य राखेको छ। यसले मूल ऐनमा रहेको नेपाल सरकारको सट्टा अर्थ मन्त्रालयमा अधिकारलाई केन्द्रित गरेको छ। यसले सार्वजनिक प्रतिष्ठान व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिताको अभाव हुनुका साथै कमिसनखोरी र भ्रष्टाचारलाई प्रोत्साहन हुने देखिन्छ। त्यस्तै मूल ऐनमा रहेका संसदीय अर्थ समितिले सुझाव दिने तथा

कामदार र कर्मचारीलाई स्वीकार गर्ने प्रावधानहरूको खारेजीले एकातिर संसदको बेवास्ता गर्नुको साथै सरोकारवालाको आवाजलाई उपेक्षा गर्न खोजेको छ भने अर्कोतिर कामदार र कर्मचारीहरूको हितलाई जोखिममा पारेको छ। निजीकरणको प्रक्रिया पारदर्शी र जवाफदेही खालको छैन अस्पष्ट प्रावधान र निजीकरणको प्रक्रिया थप खुकुलो बनाइनुले राज्यको स्वामित्वमा रहेका सार्वजनिक प्रतिष्ठानहरू सजिलै केही व्यक्ति समूह दलाल र विदेशी पूँजीपतिहरूको कब्जामा पर्नेछन् र उनीहरूले पहुँचका आधारमा फाइदा लिनुका साथै नीति निर्माणको तहमा प्रभाव पारी आफ्नो स्वार्थ अनुरुप प्रयोग गर्ने अवसर पाउनेछन्। उच्च नाफाको लागि उनीहरूले बजारलाई समेत आफ्नो हितमा प्रयोग गर्नेछन्। यसले आम नागरिकले थप महँगाइको भार बेहोर्नुपर्ने देखिन्छ। यो कामदार, कर्मचारी, देश र जनताको हितमा छैन। त्यसैले यो विधेयक सरकारले फिर्ता लिएर परिमार्जन सहित ल्याउन आग्रह गर्दछु। धन्यवाद।

(१६:१४ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>**:-** माननीय सदस्यहरू प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त निजीकरण पहिलो संशोधन विधेयक २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू अब माननीय उपप्रधान मन्त्री एवम् अर्थ मन्त्री विष्णु प्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१६:१५ बजे) <u>**माननीय उपप्रधान मन्त्री एवम् अर्थ मन्त्री श्री विष्णु प्रसाद पौडेल**</u>**:-** सम्माननीय अध्यक्ष महोदय, निजीकरण ऐन, २०५०लाई संशोधन गर्न बनेको विधेयकका सम्बन्धमा सैद्धान्तिक छलफलमा सहभागी हुनुहुने सबै माननीयज्यूहरूलाई हार्दिक धन्यवाद भन्न चाहन्छु। एउटा चिज यहाँ उठेको छ- नामाकरणको विषय। मैले नामाकरणका बारेमा माननीयज्यूहरूको मैले समर्थन पाउँछु भन्ने नै मलाई लागेको थियो सबैको। प्रतिपक्षको पनि समर्थन प्राप्त हुन्छ भन्ने ठानेको थिएँ मैले। किनभने निजीकरण ऐन भन्नेछ। नामाकरणले भित्र कन्टेन्टमा जे विकल्पहरू अगाडि सारेको भएता पनि नामकरणले एउटा मात्रै विकल्प हो कि। यो ऐनको एउटा मात्रै सार्वजनिक संस्थाहरूको व्यवस्थापनको सन्दर्भमा निजीकरणलाई एकमात्र विकल्पको रुपमा स्वीकार गऱ्या छ कि भन्ने यसको अर्थ हुन्थ्यो। त्यसको ठाउँमा यो सार्वजनिक प्रतिष्ठामा रहेको सरकारी लगानीको व्यवस्थापन भन्दा यसले एउटा मात्र विकल्प हैन अनेक विकल्पमा सोंच्न सकिने ढोका खोलेको त्यसको अर्थ हुन्थ्यो। त्यसकारणले नाममा त विवाद हुँदैन होला भन्ने मैले ठान्या थिएँ। माननीयज्यूहरूले नाममा पनि विवाद गर्नुभाछ, आफ्नो मत राख्नुभएको छ, मतका प्रति त मेरो सम्मान छ। तर अध्यक्ष महोदय, निजीकरण नै ऐन रहिराख्न पर्थ्यो भन्ने

हो त त्यसो भए। ऐनको नाम संशोधन नगरौं त माननीयज्यूहरूको राय अनुसार। निजीकरण बाहेक अर्को केही गर्न पाइँदैन भन्ने हो? सार्वजनिक संस्थानहरूको व्यवस्थापन, प्रतिष्ठानहरूको व्यवस्थापन त्यहाँ सरकारी प्रतिष्ठानमा रहेको सरकारी लगानीको व्यवस्थापन निजीकरण बाहेक अर्को कुनै तरिकाबाट गर्न पाइँदैन भन्ने त पक्कै पनि हैन होला। त्यसकारणले नामको बारेमा माननीयज्यूहरूले जुन दृष्टिकोँण व्यक्त गर्नुभएको छ। त्यति उपयुक्त हैन कि भन्ने मात्रै मेरो विनम्र आग्रह। निजीकरण फेर्न पाउँदैनौ भन्या जस्तो भयो नि त। छलफलले त त्यहाँ पुऱ्याउने भयो। निजीकरण छ जे छ ठिक छ। किन यो हटाउने, किन फेर्ने। काइदाको कुरा छँदा छँदै एकदम यस्तो काइदाको कुरा छँदा छँदै प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन भन्ने भन्याजस्तो हुन गयो। त्यसो माननीयज्यूले पक्कै भन्न खोजेको हैन होला।त्यसकारणले नाममा त्यस्तो धेरै विवाद गर्नुपर्ने मलाई लाग्दैन। रह्यो सवाल सरकारको स्वामित्वमा रहेका सार्वजनिक प्रतिष्ठानहरूको अवस्था के छ? हामीले त्यो सच्चाईंलाई राम्रोसँग हृदयङ्गम गर्नुपर्छ। अहिले हामीसँग रहेका अधिकांश सार्वजनिक प्रतिष्ठानहरू या त बन्द अवस्थामा छन् या रुग्ण अवस्थामा छन्। ती सार्वजनिक प्रतिष्ठानहरूको तात्पर्य के हो भने उनीहरूले उत्पादन गर्छन्। उत्पादकत्व बढाउँछन्। त्यसपछि रोजगारी त्यहाँ सम्बद्ध प्रत्यक्ष वा परोक्ष ढङ्गले रोजगारीको अवसर पनि सिर्जना गर्छन् र मुनाफा पनि आर्जन गर्छन् भन्ने हो। आज प्रतिष्ठानहरूको अवस्था के छ? उदयपुर सिमेन्ट हेरौं। हेटौंडा सिमेन्ट हेरौं। गोरखकाली हेरौं। अरु हेरौं। तिनीहरूको अवस्था के छ? तिनीहरूलाई त्यही रुपमा रहन दिने त? अहिले जे छ जस्तो छ त्यही रुपमा रहन दिने त। त्यही रुपमा रहन दिने हो भने एउटा तरिका भयो। अहिले अवस्था के छ भन्दा खेरि उदाहरणको लागि अस्ति पनि मैले चर्चा गरेको थिएँ-दुग्ध विकास संस्थान। कुनै पनि उपभोक्ताले दुध घिउ उधारोमा किनेको मलाई थाहा छैन। दुध घिउ उधारोमा किन्दैन नगदमै किन्छ उपभोक्ताले। त दुग्ध विकास संस्थानले उधारोमा किन्छ दुध। उधारोमा किन्छ नगदमा बेच्छ तर पनि घाटामा छ। श्रमिकको तलबका निम्ति कर्मचारीको तलबका निम्ति व्यवस्थापनका निम्ति। अनि त्यसपछि कृषि मन्त्रालय हुँदै अर्थ मन्त्रालयमा आउँछ। दुग्ध विकास संस्थान भन्छ- हामीलाई पैसा चाहियो। के का लागि चाहियो भन्दा चलाउनुपऱ्यो नि डिडिसी, त्यसका लागि चाहियो। अनि के गर्नुहुन्छ त तपाईंले कहाँबाट कमाउनुस् न त नाफा कमाउनुस्, संचालन गर्नुस्। राम्रोसँग व्यवस्थापन गर्नुस् भन्दा। अब ऋण दिनुभयो भने गर्छौं। तमसुक गऱ्यो ऋण लग्यो, ऋण लगिसकेपछि मिनाहाको निम्ति अर्को चिठी पठाइदियो। अहिलेको हाम्रो व्यवस्थापन यही छ। यही व्यवस्थापनलाई निरन्तरता दिने हो कि सरकारको लगानी भएका प्रतिष्ठानहरूमा नयाँ ढङ्गले व्यवस्थापन गर्ने हो भन्दा नयाँ ढङ्गले व्यवस्थापन गर्नुपर्छ। अब कम्तीमा पनि सार्वजनिक प्रतिष्ठानहरू उनीहरूले आफ्नो उनीहरूले खुट्टामा उभिएर अगाडि बढ्नुपऱ्यो।

उनीहरूले के भनेदेखि त्यो राज्यसँग लगानी मागिरहने कर्मचारीलाई तलब दिनका निम्ति यदि सरकारले खर्च गर्नुपर्ने हो त्यो उद्योगको के काम लाग्यो? व्यक्ति व्यक्तिको नाममा अनुदान पठाइदिए भइगयो नि त त्यसो भए भन्देखि त। त्यसकारणले यस ढङ्गले सञ्चालन गर्न हुँदैन भन्ने यो ऐनको मक्सद संशोधनको मक्सद यो हो। यसमा निजीकरण एउटा मात्र विकल्प हैन। निजीकरण पनि छ जरुर। सँगसँगै पब्लिक प्राइभेट पार्टनरसीपको विकल्प छ। व्यवस्थापन करारको विकल्प छ। लगायतका विभिन्न विकल्पहरू छन्। र बेसिकल्ली अहिले सरकारको सोंच के हो भन्देखिन त्यो सरकारी स्वामित्वको जुन जमिन छ त्यो जमिनको स्वामित्व सकेसम्म हस्तान्तरण नगर्ने जमिनको स्वामित्व सरकारकै नाममा रहन्छ। व्यवस्थापन करार हुनसक्छ। पीपीपी मोडल हुनसक्छ। यी विभिन्न मोडलहरूमा हामी जान सक्छौं र ती संस्थानहरूको प्रभावकारी व्यवस्थापन गर्न सक्छौं भन्ने मक्सदको साथमा यो ऐन आएको हो। यसमा अब श्रमिकको हित, सार्वजनिक सम्पत्तिको हित अस्ति श्रमिकहरूले तलब पाउनुभएको छैन महिनौं महिनादेखि पाउनुभएको छैन। हित भयो त? यसैगरी हित हुन्थ्यो त। बिरामी भएको छ। कतिपयलाई क्यान्सर भएको छ। कतिबेला किड्नीको समस्या सिर्जना भएको छ। त्यसपछि त्यही रोजगारी भनेर त्यहाँ बसेको छ। त्यो कारखाना चल्दैन। त्यो व्यवस्थापनले तलब दिन सक्दैन। तलबै पाइरहेको छैन। हित भयो कि भएन? त्यसकारणले यो स्थिति रहनुहुन्न भन्ने हो। श्रमिकको पनि हितमा, सार्वजनिक सम्पत्तिको पनि हितमा यो संशोधन अघि सारिएको हो भन्ने कुरा हो। यो मुट्ठीभर व्यक्ति पोस्ने भन्ने जहाँसम्म कुरा गर्नुभयो। यो त झन् मेल खाने कुरै भएन। त्यसैले यसको त कहींनिर पनि यसको साइनो सम्बन्ध छैन भन्ने म राख्न चाहन्छु। र स्वभाविक रुपमा विगतको अनुभवहरू पनि छन् राम्रा अनुभव पनि छन्। राम्रा अनुभवलाई हामी अगाडि बढाउँछौं र नयाँ अभ्यास र अनुभवहरूलाई पनि अगाडि बढाउँछौं। त्यस हिसाबले हामी जानुपर्छ भन्ने म माननीयज्यूहरूसँग राख्न चाहन्छु। र सल्लाह गरेर आएको भए हुन्थ्यो भन्ने कुरा माननीयज्यूले काइदैको कुरा गर्नुभयो। सल्लाह त सल्लाहै गरेर हो नि त यो। के भन्छ क्याबिनेटमा सल्लाह गरेर त्यहाँ ड्राफ्ट गरेर क्याविनेटमा सल्लाह गरेर त्यसपछि हाउसमा ल्याएर प्रतिनिधिसभामा त्यहाँबाट फेरि राष्ट्रिय सभा यहाँ फेरि सैद्धान्तिक एउटा पहिला अध्यादेशको तहमा छलफल गरेर अहिले फेरि प्रतिस्थापन विधेयकको तहमा छलफल गर्दैछौं। अनि फेरि यसमा हामी संशोधन राख्छौं। त्यसपछि फेरि दफावार छलफल गर्छौं। सल्लाह त यही नै हो जस्तो लाग्छ मलाई। कानुन निर्माणको सल्लाहको तरिका मैले बुझ्दा त यस्तै हुन्छ जस्तो मलाई लाग्छ।र जहाँसम्म एउटा प्रसंग उठाउनुभयो। लोकतन्त्रमा मुख थुन्न पाइन्नँ। इँटाको जवाफ पत्थरले काँडाको आँखामा भन्या खालका कुरा यो कतिबेला के छलफल चल्याथ्यो मलाई थाहा भएन। म आउन भन्दा अगाडि केही थियो कि आभास हुँदा खेरी मलाई त्यस्तो लाग्यो।

पूर्ववर्ती प्रसङ्गहरूसँग म जानकार नभएको हुनाले यस विषयमा मैले केही प्रत्युत्तर गर्नु उचित नहोला भन्ने ठान्दछु अध्यक्ष महोदय। यीनै भनाईहरूका साथमा आफ्नो अभिव्यक्ति टुङ्ग्याउँछु। धन्यवाद।

(१६:२३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त निजीकरण पहिलो संशोधन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफल यही समाप्त हुन्छ।

माननीय सदस्यहरू अब प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण पहिलो संशोधन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला। र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त निजीकरण पहिलो संशोधन विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, निजीकरण पहिलो संशोधन विधेयक, २०८१ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू अब म माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१६:२५ बजे) **माननीय उपप्रधान मन्त्री एवम् अर्थ मन्त्री श्री विष्णु प्रसाद पौडेलः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन

गर्ने विधेयक २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१६:२६ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री विष्णुप्रसाद पौडेलले प्रस्तुत गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सो सम्बन्धी विधेयकका दफाहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने व्यहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले आ-आफ्नो नाम २ मिनेट भित्र अध्यक्षको डयासँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक मान्य सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य डा. बेदुराम भुसाल।

(१६:२७ बजे) **माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)ः-** सम्माननीय अध्यक्ष महोदय, यो जुन विधेयक हामी छलफल गर्दैछौं यसले जम्माजम्मी ११ वटा ऐनलाई संशोधन गरेको रहेछ। अध्यादेशमा आएर अहिले प्रतिस्थापन विधेयक आएको त्यो त भनिरहनै परेन। त्यसमध्ये दुईटा ऐनमा गरिएका संशोधन ज्यादै गम्भीर छन्। एउटा यो कालो बजारी सम्बन्धी जुन ऐन थियो। कालोबजारीलाई नियन्त्रण गर्ने सम्बन्धी ऐन त्यसमा रहेको एउटा व्यापारीले २० प्रतिशतभन्दा बढी मुनाफा लिएको अवस्थामा अथवा अभावको लाभ उठाई माल, वस्तु अनुचित नाफा लिई बिक्री गरेमा निजलाई एक वर्षसम्म कैद वा २ लाख ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै हुन सक्ने भन्ने व्यवस्थालाई हटाइएको छ। यो हटाउन पर्नुको कारण के रहेछ भनेर यहाँ तीन महलेमा हेर्दा बजारले नै मूल्य नियन्त्रण गर्ने बजार नियन्त्रण गर्ने भएको हुनाले यसलाई हटाइएको हो भनेर भनेको छ। हामी भन्दैछौं समाजवादतर्फ उन्मुख राज्य व्यवस्था निर्माण गर्ने भनेर तर के भन्छौं भन्दाखेरि यहाँ बजारले नै बजार नियन्त्रण गर्छ भन्छ यो उल्टो भयो त्यसकारणले यो मिलेन पहिलो कुरा। दोस्रो राजस्व चुहावट सम्बन्धी ऐनमा एउटा जानजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेमा यस ऐन बमोजिम मुद्दा चलाउनुपर्नेछ भन्ने व्यवस्था थियो। त्यसलाई हटाइएको छ त्यसलाई हटाउने कारण के हो भनेर हेर्दाखेरि ३ करोडसम्मको बिगो भएको राजश्व चुहावट सम्बन्धी कसुरलाई अदालतमा मुद्दा दायर गर्नुभन्दा कर निर्धारण गरी सम्बन्धित असुल उपर् गर्ने भन्ने कुरा राखिएको छ। जबकि मेलमिलापको निम्ति त्यही दफाको यो राजश्व चुहावटसम्बन्धी ऐनको दफा

१३(क). को व्यवस्था हो। त्यसको त्यसमा नै उपदफा ७ र ८ थपेर मेलमिलापका निम्ति व्यवस्था गरिएको छ त्यहाँ। मुद्धामा जानु भन्दा अगाडि उसले मैले तिर्छु भन्ने कबुल गऱ्यो भने मुद्दा नचलाउन सकिने भन्ने कुरा त्यहाँ भनिएकै छ भने माथि जानाजानी बदनियतपूर्वक राजश्व छल्नेलाई पनि मुद्दा नचलाउने भनेर जुन कुरा गर्न खोजियो यो गलत छ।यस हिसावले जान उपयुक्त हुँदैन। त्यसमाथि पहिलो ५० लाख वा सो भन्दा बढी राजश्व चुहावट गर्नेलाई मुद्दा लगाउने व्यवस्था थियो त्यसलाई हटाएर तीन करोडसम्म भनेर बनाइएको छ। मैले अघि नै भनिसकें। ३ करोडसम्मको मुद्दा नचलाए हुने भनेर यसो गरिएको भनेर यसो गर्दा राजस्व चुहावट मार्फत हुने भ्रष्टाचार बढेर जान्छ। त्यसले गर्दा यो खालको व्यवस्था राख्नु हुँदैन। यो लगायतका अरु थुप्रै कमजोरीहरू यसमा रहेको हुनाले म त अनुरोध गर्छु- सरकारले यसलाई फिर्ता लेयोस्। अर्को अलि राम्रो परिमार्जित गरेर लिएर आओस्। यतिबेलाको राष्ट्रको आवश्यकतानुसार जनतालाई हित हुने राष्ट्रलाई हित हुने गरेर आओस् हैन भने त्यसो गर्न सरकार तयार छैन भने कमसेकम यसलाई संशोधन गरेर छलफल गर्न तयार होस्। धन्यवाद।

(१६:३० बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य डा. अन्जान शाक्य।

(१६:३० बजे) **माननीय डा. अन्जान शाक्य (मनोनीत):-** सम्माननीय अध्यक्ष महोदय, आज म यहाँ नेपालको आर्थिक विकासमा कोसेढुङ्गा सावित साबित हुने एक महत्वपूर्ण विधेयकको समर्थन गर्न उभिएकी छु। यो विधेयक लगानीमैत्री वातावरण निर्माण गर्ने दिशामा एउटा क्रान्तिकारी कदम हो। लामो समयदेखि नेपालमा विदेशी लगानीकर्ताले मात्र लगानी गर्न पाउने अवस्था थियो। तर अब यो विधेयकले नेपाली आईटी उद्योगलाई पनि विदेशमा कार्यालय खोलेर लगानी गर्न सक्ने ऐतिहासिक अवसर प्रदान गरेको छ। यसले हाम्रो युवा पुस्ताको क्षमतालाई विश्व बजारमा पुऱ्याउने बाटो खोल्नेछ। निजी क्षेत्रले अन्तर्राष्ट्रिय लगानी सम्मेलनहरूमा बारम्बार उठाउँदै आएको Easy Entry Easy Exit को मागलाई पनि यो विधेयकले सम्बोधन गरेको छ। यसले लगानीकर्ताहरूलाई नेपालमा लगानी गर्न थप आकर्षित गर्नेछ जसले रोजगारी सिर्जना हुनेछ र हाम्रो अर्थतन्त्र थप बलियो हुनेछ। यो विधेयकले विदेशमा लगानी गर्न पाउने प्रावधान ल्याएसँगै नेपालमा लाभांश भित्र्याउन पाउने अवस्था सिर्जना हुनेछ। यसबाट देशको राजस्व बढ्नेछ र हामी आत्मनिर्भरताको बाटोमा अगाडि बढ्नेछौं। अहिलेसम्म विदेशी लगानीकर्ताले मात्र रकम फिर्ता लैजाने गर्थ्यो भने अर्थात् लाभांश रकम लैजाने गर्थ्यो भने अब हामीले पनि लाभांशको रूपमा आम्दानी रकम भित्र्याउन सक्ने अवस्था बन्दछ। तर हामीले यो पनि याद राख्नुपर्दछ कि लगानी गर्दा

पारदर्शिता र आर्थिक उत्कृष्टता भएका देशहरूसँग मात्र सहकार्य गर्नुपर्दछ। साथै लगानीको निश्चित सीमा तोक्नुपर्छ। यो विधेयक जति छिटो कार्यान्वयनमा आउँछ देशलाई उति नै धेरै फाइदा हुन्छ। मुलुकको स्तरोन्नतिलाई दिगो बनाउन देशभित्र धेरै उद्योगहरूको स्थापना हुनुपर्छ। विशेष आर्थिक क्षेत्र SEZ मा उद्योगलाई प्राथमिकता दिने व्यवस्थालाई निजी क्षेत्रले स्वागत गरेको छ। SEZ मा सारिएका उद्योगलाई कर छुट दिने व्यवस्थाले निजी क्षेत्रको मनोबल बढेर लगानी बढेर उत्पादन र उत्पादकत्व अभिवृद्धि हुनेछ। यसले औद्योगिक वातावरणमा सहजता ल्याउनेछ। विशेष गरी आईटी क्षेत्रमा लगानी आकर्षित गर्न र कर्मचारीलाई कम्पनीको स्वामित्वमा सहभागी गराउने प्रावधानले कर्मचारीहरूमा अपनत्वको भावना जगाउनेछ। जसले उत्पादकत्व बढाउँछ र देशको आर्थिक विकासमा टेवा पुग्छ। यो समाजवादको भावना अनुरुप पनि छ। कम्पनी खारेजीलाई सहज बनाउने प्रावधानले व्यवसाय गर्न चाहने नयाँ उद्यमीलाई लगानी गर्ने प्रोत्साहन मिल्नेछ। कम्पनी ऐनले कर्मचारीलाई तलबको साथै कम्पनीको स्वामित्व दिने वातावरण बनाएको छ। यसले कर्मचारीमा आफ्नोपनको भावना जगाउँछ जसले उत्पादकत्व बढाउँछ र लगानीमा वृद्धि भइ देशको आर्थिक विकासमा टेवा पुग्छ। अध्यक्ष महोदय हामीले यो कुरा कहिले बिर्सनु हुँदैन कि विश्व तीव्र गतिमा विकास भइरहँदा कुनै एक कालखण्डमा हामी शताब्दीयौं सम्म पछाडि परेका थियौं। अब भने हामीले युवाहरूको विवेक विचार र क्षमतालाई विश्वसामु पुऱ्याउन सक्नुपर्छ। यदि हामीले यसो गर्न सकेनौं भने हामी दशकौं सम्म विश्वको प्रविधिबाट टाढा रहनेछौं। यो विधेयक देशमैत्री, नागरिक मैत्री र विशेष गरी युवामैत्री भएकोले यसको म समर्थन गर्दछु। मलाई विश्वास छ यो विधेयकले नेपालको आर्थिक विकासमा नयाँ युगको थालनी गर्नेछ। धन्यवाद।

(१६:३३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१६:३३ बजे) <u>माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐन, २०८१ मा १२ वटा ऐनहरू संशोधन गरेर ल्याएको छ। यो राजस्व न्यायधीकरण ऐन, २०३१ कालोबजार तथा केही अन्य सामाजिक अपराध सजाय ऐन, २०३२ बैंक तथा वित्तीय संस्था २०७३ राजस्व अनुसन्धान नियन्त्रण २०२५ विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ औद्योगिक व्यावसायिक ऐन, २०७६ लगायतका १२ वटा ऐनहरू संशोधन आवश्यक अनुरूप भएकोले यो विधेयकलाई स्वागत गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू ,हामी जनउत्तरदायी अविच्छिन्न

उत्तराधिकार सहितको व्यवस्थामा छौं। हाम्रा प्रत्येक क्रियाकलाप पारदर्शी र व्यवहारिक हुन जरूरी छ। व्यवहारतः जनगुनासोका प्रति हामी सजग र चनाखो हुनुपर्दछ। अहिले हाम्रो अर्थतन्त्रका समग्र पक्ष र क्षेत्रमा सुधार गरी व्यवसायी तथा लगानीमैत्री वातावरण बनाउन आवश्यक देखिएको र आर्थिक क्षेत्रमा देखिएका समस्या तत्काल समाधान गर्न र तत्काल कार्यान्वयन गर्दा आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानीमा वृद्धि हुने देखिएकोले यो लगानी मैत्री वातावरण बनाउने सदाशयताले जे जति प्रावधानहरू तय गरिएका छन् तिनको प्रयोग पूर्ण रुपमा पारदर्शी, एकरुपता र इमान्दारिताका साथ पालना गर्नुपर्दछ भन्ने कुरामा सरकार दृढ हुनुपर्दछ। सम्माननीय अध्यक्षज्यू लोकतन्त्र उज्यालो व्यवस्था पनि भएकाले उज्यालोमा अनियमितता भयो भनेर अँध्यारो मन पराउने वातावरण तयार हुनु हुँदैन। बरु उज्यालोलाई सहि तरिकाबाट प्रयोग गरी विश्वासनीय अवस्था सिर्जना गर्न सकियोस्। राजनीतिक स्थिरता सरकार वा मन्त्री परिवर्तन भएपछि के हुने भन्ने कुराको भयको प्रभाव लगानीकर्तालाई नपरोस्। जसका लागि नीतिमा स्पष्ट व्यवहार दोहोरो अर्थ नलाग्ने किसिमको व्यवहार कर निर्धारणमा वैज्ञानिक प्रबन्ध एकद्वार प्रणालीको व्यवस्था गरी लगानीकर्तालाई अनावश्यक कागजी झन्झट र डिस्टर्ब नहुने गरी कानुनको निर्माण र कार्यान्वयनमा ढिलासुस्ती नगरी स्वदेशमै सुरक्षित लगानी र स्वरोजगारका बाटाहरू खुलाउन यो विधेयक कोशेढुङ्गा बन्न सकोस् भन्ने शुभकामना सहित यो विधेयकको समर्थन गर्न चाहन्छु। धन्यवाद। जय नेपाल।

(१६:३४ बजे) <u>पुनः पीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

(१६:३६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१६:३६ बजे <u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>: सम्माननीय अध्यक्षज्यू, यो आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक संसोधनको लागि हामी छलफल गरिरहेका छौं। तर अहिले कार्यान्वयन भइराखेको छ। रड सिमेन्टको मूल्य किन बढिराखेको छ। कालोबजार गर्न हुँदैन अनुगमन गर्नुपर्छ भनेर हामीले भन्छौं। तर कानुन बनाएर हामीले छुट दिइरहेका छौं। कति पर्सेन्टसम्म नाफा लिने भन्ने कुरालाई त हामीले खोलिदिएका छौं। त्यसो भएपछि त लागु हुने भयो नि। अहिले किन मूल्य वृद्धि भयो भनेर किन भन्नुपर्‍यो। जति पनि नाफा लिन हामीले दिइराखेकै छौं। कानुन त लागु भइराखेकै छ। यो त अध्यादेश हो। यो अचुक रूपमा लागु हुने कुरा हो। आज हामीले संशोधन गरेर नियमन गर्‍यौं भने मात्रै यसलाई हामीले केही कन्ट्रोल गर्न सक्छौं। त्यो

कुरामा मन्त्रीज्यूहरू कन्भिन्स हुने कि नहुने उहाँहरूको कुरा हो। हामी सबै यहाँ बोलिरहेका छौं सत्ता पक्ष त यो विषयमा मौन हुनुहुन्छ। यस्तो विषयहरू छ। अर्को कुरा ५० लाखसम्मको राजस्वमा छुट हुन सक्ने भन्ने कुरालाई हामीले ३ करोड बनाउँछौं ।हरेक ठाउँमा ३ करोड हुनेछ भनेर सच्याएर ल्याउँछौं। कहाँ कति असर पर्छ भन्ने कुरा पनि हामीले छलफल गर्न पर्ने जरुरी देख्दैनौं। अर्को कुरा मुद्दा चलाउन सक्छ भन्या छ मुद्दा चलेको बेला सम्झौता गर्ने मुद्दा चलेको बेला फिर्ता गर्ने उसले धरौटी राख्ने पैसा असुल गर्ने अनि यी हरेक कुराहरू गरिएको छ। व्यावसायिक रूपमा कहिँ समस्या पर्यो भने उसले सरकारको एउटा आड लिन सक्ने भन्ने हिसाबले सबै ठाउमा त्यो गरिएको छ। बाटोको म्यादहरू राखेर पनि त्यो अपराधी भगाउने कामहरू अथवा लम्बाउने कामहरू गर्नको लागि विधेयक तयार छ। त्यसो भएको हुनाले यो आवश्यक छैन। यो ढंगले ल्याउन जरुरी छैन। यो अत्यावश्यक विधेयक भित्र पनि पर्दैन। व्यावसायिक वातावरण सुधारका लागि कस्तो विधेयक ल्याउने भन्ने कुरा त सत्ता पक्ष प्रतिपक्ष सबै मिलेर ल्याउने होला नि त। सधै भरि के उहाँहरू सरकारमा बसिरहनु हुन्छ? सधै भरि उहाँहरूले मात्रै सुधार गर्नुपर्छ। अहिले प्रतिपक्षमा भएका दलहरूले सुधार गर्नु पर्दैन? अहिले प्रतिपक्षमा भएका नेताहरूले सुधार गर्नुपर्दैन? अरु जनसमुदायहरूले यसमा के सुझाव दिन सक्नुहुन्छ भन्ने कुरा छलफल गर्न जरुरी छैन र विदेशमा लगानी गर्ने भनेको छ। विदेशीले लगानी गर्ने भन्याछ। यो कालो धनलाई सेतो बनाएर नेपालमा ल्याउने अथवा नेपालको लगानी बाहिर छ भने बाहिरै व्यवस्थापन गर्ने ढङ्गले आएको होइन भन्न सकिन्छ? यही कारणले मैले यो फिर्ता गरियोस्। यसलाई सच्याएर ल्याइयोस् र छलफल गरेर यसलाई कानुन बनाएर लागु गरौं भन्ने कुरा राख्न चाहन्छु। हस्त धन्यवाद।

(१६:३९ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१६:३९ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)ः-** सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सैद्धान्तिक पक्षमा छलफल गरिराखेका छौं। यो विधेयकको आवश्यकता थियो र आएको छ म यसलाई स्वागत गर्न चाहन्छु। आर्थिक क्षेत्रमा देखिएको समस्यालाई समाधान गर्न आर्थिक तथा व्यावसायिक वातावरण सुधार गर्न लगानी बढाउनको लागि प्रचलित ११ वटा ऐनमा रहेका केही प्रावधानहरूलाई परिमार्जन र केही थप व्यवस्था गरेको देखिन्छ। औद्योगिक व्यावसायिक ऐन अन्तर्गत केही थप व्यवस्थामा पर्यटन व्यवसाय रिसोर्ट होटेल व्यावसाय जल यात्रा जलक्रीडा जस्ता विषयहरू समावेश गर्दै उद्योगलाई राष्ट्रिय

प्राथमिकता दिने काम यो विधेयकले गरेको छ। उद्योगको दर्ता नवीकरणको समय अवधि निर्धारण जरिवाना उधोगमा पुँजी क्षमता ठाउँसारी स्थानान्तरण वातावरणीय प्रभाव मुल्याङ्कन परीक्षण प्रतिकूल प्रभावको अनुकूल गर्ने आवश्यक उपायको स्वघोषणा गर्नुपर्ने विषयहरू समावेश गरिएको छ। सार्वजनिक नीति तथा साझेदारी तथा लगानी ऐन, २०७५ मा एकल बिन्दु सेवालाई सबल र प्रभावकारी समन्वय संयन्त्रको रूपमा स्थापित गर्ने प्रस्ताव गरिएको छ। विशेष आर्थिक क्षेत्र ऐन, २०७३ बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३ कम्पनी ऐन, २०६३ राजश्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ राजस्व न्यायाधीकरण ऐन, २०३१ मा रहेका प्रावधानहरूमा केहीमा संशोधन गरिएको छ भने केही थप व्यवस्था गरेर समसामयिक बनाउने प्रयास गरिएको छ। अझ कतिपय ऐनहरू अझै पनि कतिपय ऐनहरू पुराना र अव्यवहारिक छन् तिनीहरूलाई समाधान गर्नको निम्ति आवश्यक छ र म सम्माननीय अध्यक्षमार्फत म सरोकारवाला मन्त्रालयलाई ध्यानाकर्षण गराउन चाहन्छु। यस विधेयक मार्फत तत्काल छिटो, छरितो रूपमा कार्यान्वयन गर्ने हिसाबले सरकारले उल्लेखित ऐनहरूको प्रावधानलाई केही संशोधन र केही थप गर्ने व्यवस्था गरि ल्याएको छ। यो समयको आवश्यकता पनि थियो। सरकारले देशको अवस्थालाई मध्यनजर गरी आर्थिक तथा व्यावसायिक वातावरणमा सुधार ल्याउन लगानी अभिवृद्धि गरी उद्योगको स्थापना गरी रोजगारी सिर्जना गर्नको लागि केही ऐनहरूमा रहेको असहजताका दफाहरूलाई परिवर्तन गर्ने काम गरेको छ। छिटो सजिलो र सहज रूपमा काम गर्नको निम्ति पनि यो विधेयक ल्याइएको हो। र म यसलाई सम्बोधन गर्न चाहन्छु। धन्यवाद।

(१६:४१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य उदय बहादुर बोहरा।

(१६:४१ बजे) <u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू ,आर्थिक तथा व्यावसायिक वातावरण सुधार लगानी अभिवृद्धि सम्बन्धी केही नेपाललाई संशोधन गर्न बनेको अध्यादेशमा हामी सैद्धान्तिक छलफल गरिरहेका छौं र यसमा माननीय बेदुराम भुसालले जुन कुरा राख्नुभएको छ दुईवटा बुँदाहरूमा त्यसमा मेरो पूर्ण समर्थन छ। र कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा अभावको लाभ उठाउनेलाई र अनुचित नाफा लिनेलाई कुनै सजायको व्यवस्था छैन जुन मौजुदा व्यवस्थालाई पनि हटाइएको छ र मन परि नाफा लिनको लागि त्यहाँ नाफाखोरहरूलाई प्रोत्साहित गरिएको छ। र अर्कोतिर राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ को दफा १३(क). मा रहेको ३ करोड देखि मुनितिर जति पनि उसले राजस्व चुहावट गरोस् उसलाई कुनै पनि कानुनी व्यवस्थाले नछुने व्यवस्था

देखिन्छ उसलाई मुद्दा पनि चलाउन नपाइने व्यवस्था यो ऐनले व्यवस्था गऱ्या देखिन्छ। त्यस्तै जानाजान वा बदनियतपूर्वक राजश्व छल्ने नियतले कुनै कार्य गरेमा मुद्दा चलाउन पर्ने छ भन्ने प्रावधानलाई हटाएर बदनियतपूर्ण तरिकाले राजस्व छल्ने, राजश्व चुहावट गर्नेलाई छुट दिने व्यवस्था यो ऐनले गरेको छ। र एकातिर अर्कोतिर अहिले राजस्व असुलीमा कमी आएको देखिन्छ। यो राष्ट्र बैंकको आँकडा अनुसार विगत ७ महिनामा गत विगत वर्षभन्दा अहिले आठ प्रतिशतले राजस्व कम उठेको छ। र एकातिर हामीले यस्ता प्रावधानहरू यस्ता ऐनहरू हामीले ल्याउँदै छौ भने अर्कोतिर दिनानुदिन राजश्व घटिरहेको छ। अब यो राजश्व संकलन कमजोर हुँदा मुलुकमा वित्तीय संकट कतिखेर आइलाग्ने हो भन्ने कुरा यो बडा गम्भीर विषय छ। र यही अवस्था रहने हो भने वित्तीय प्रणाली कमजोर भयो भनेदेखिलाई यो सरकारी खर्च सञ्चालन गर्न अब सरकारलाई आन्तरिक वा बाह्य ऋणमै निर्भर रहनुपर्ने अवस्था कुन दिनमा सिर्जना हुने हो यो भन्न सकिने अवस्था छैन। त्यसो भएको हुनाले यो ऐनलाई म समर्थन नगरेर मैले यसलाई विरोध गर्दछु। धन्यवाद।

(१६:४४ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य विष्णु बहादुर विश्वकर्मा।

(१६:४५ बजे) <u>**माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश अथवा यो विधेयकमा हामी छलफल गरिरहेका छौं। यो विधेयक स्वभावैले प्रक्रियालाई मिचेर आएको कुरा सर्वविदितै छ। विशेष गरीकन यस अध्यादेशले कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजायँ ऐन, २०३२ मा संशोधन गरेर दफा ३ को उपदफा (१) झिकिएको छ। किन झिकियो त भन्दा खेरि साविकको ऐनले तोकेको वस्तुको व्यापारीले २०% भन्दा बढी नाफा लिएको खण्डमा निजलाई १ वर्ष कैद र २ लाख ५० हजार रुपैया जरिवाना अथवा दुवै सजायँ हुने व्यवस्था गरिएको रहेछ। यसलाई हटाएर अहिले सरकारले अब जति पनि नाफा लिन सकिने २०% हैन कि त्यो भन्दा बढी जति पनि नाफा लिन सकिने भन्ने खुला गऱ्यो। यसले के देखाउँछ त भन्नुहोला भने जनतालाई हैन कि अझ भू-माफिया र दलालहरूलाई बिचौलियालाई नै फाइदा पुऱ्याएको छ। अघि भन्नुभयो मन्त्रीज्यूले कहाँ पुऱ्याएको छ र त्यस्तो किसिमको त। तर यो हेर्दाखेरि जम्मै भू-माफिया र दलाल बाहेक जनतालाई फाइदा छैन। त्यसैको परिणाम होला सायद आज सिमेन्टको भाउ बढेर डबल भयो। सरियाको भाउ बढेर डबल भएको छ। अहिले खाद्यान्नको भाउ कति छ। तरकारी फलफूलको भाउ कति छ। यसैको परिणाम त होला।

सरकारले त जनतालाई ५०/६० रुपैयाँको विद्युतको बिल तिर्नेलाई बरु छुट दिन सक्नुपर्थ्यो। थोरै जग्गाको  थोरै महशुल तिर्ने कर तिर्ने जनतालाई बरु छुट दिन सक्नुपर्थ्यो। आज जनतालाई हेर्‍याछैन। को छन् ठुलठुला भू माफिया त्यातातिर मात्रै यो सरकारले हेरिराख्याछ। राजश्व चुहावट तथा अनुसन्धान नियन्त्रण ऐन २०५२ मा संशोधन गरिएको छ र त्यो ठाउँठाउँमा ५० लाखको सट्टामा ३ करोड राखिएको छ। अब ५० लाखसम्म राजश्व चुहावट गर्नेलाई मुद्दा चलाउने जरिवानाको व्यवस्था छ। तर यसलाई संशोधन गरेर ३ करोडसम्मको छली ३ करोडमुनिको छली गर्न मजाले पाउनेभयो। त्यसैको परिणाम होला जनताको ढाड सेकिएको छ। अनि यसलाई हामीले दलालको चाकरी गरेको नभनेर के भन्ने हामीले? दलालको चाकरी गरीकन यो विधेयक आएको छ। औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३२ को उपदफा (६) मा रहेको अनुमति प्राप्त उद्योगको हदबन्दी भन्दा बढी राखेको जग्गा बिक्री वितरण गर्न वा कुनै पनि प्रकारले हक हस्तान्तरण गर्न वा बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाइने छैन भन्ने छ। यसैलाई संशोधन गरेर अहिले उद्योगधन्दाको नाममा जग्गा धरौटी राख्न सकिने बेच्न सकिने बैंकमा धितो राखेर ऋण लिन सकिने पैसा चलाउन सकिने गरेर यो देशलाई नै बन्धकी बनाउने यो सरकारले खोजिरहेको स्थिति देखिन्छ। यो विधेयकले त्यही भन्छ। मैले सोंचेको हामीले सोच्या के हो त भन्नुहुन्छ भने यो भू-माफियालाई हैन कि जनतालाई (समय सकियो)...

(१६:४८ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य मदन कुमारी शाह (गरिमा)।

(१६:४८ बजे) **<u>माननीय श्री मदन कुमारी शाह (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-** सम्माननीय अध्यक्षज्यू, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथि हामी छलफल गर्न गइरहेका छौं। एउटा कुरा  मैले चाहि अलि अप्ठ्यारो गरी बुझ्छु मैले। यो एकैचोटी ११/११ वटा कानुनहरूलाई  संशोधन गर्दाखेरि मसिनो गरी हेर्न नपाइयोस भन्ने आशय हो कि उद्देश्य हो कि भन्ने मेरो मनमा कताकता  लाग्छ। अब यसमा यो विधेयकमा भएका व्यवस्थाले यो समाजवाद उन्मुख अर्थतन्त्रका आधार निर्माण गर्छ भन्ने पटक्कै विश्वास लागिरहेको छैन मलाई मात्रै  हो कि। अब मूल्य वृद्धिका  कारण आम जनताको जनजीविका कष्टकर भैरहेको बेलामा थप मूल्य वृद्धि हुने गरिका प्रावधानहरू यहाँ आएका छन् ।  राजस्व सङ्कलनमा ध्यान छैन कि बरु राजस्व चुहावट गर्ने कुरालाई हामीले प्रश्रय दिएका छौं। यहाँ आइसकेको छ कुरा कि हिजोको व्यवस्थामा ५० लाख भन्दा बढी राजस्व चुहावट गर्नेलाई मुद्दा चलाउने प्रावधान बदलेर अहिले त्यो ३ करोडभन्दा बढी राजस्व चुहावट गर्नेलाई मात्र मुद्दा चलाउने व्यवस्था गरेको छ। जानजान वा बदनियतपूर्वक राजश्व छल्ने नियतले राजस्व

चुहावट गर्न छुट दिने पहिला यो कारवाहीको दायरामा ल्याउने कुरा थियो भने अहिले छुट दिने खालको व्यवस्था आएको छ। अब यसले राजश्व संकलनमा यसले सहयोग पुऱ्याउँछ कि राजश्व संकलन घट्छ भन्ने मेरो प्रश्न रहेको छ। त्यसैगरी यहाँ मूल्य नियन्त्रण गर्ने जिम्मेवारी त सरकारको हो भन्ने लाग्थ्यो मलाई तर अब मूल्य निर्धारण त बजारले गर्छ भनेपछि त सकियो। सरकारको काम के हो थाहा भएन। कालोबजारी गर्नेलाई अहिले छुट दिएको अवस्था छ। हिजोका दिनमा २० प्रतिशतभन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाउनेलाई निश्चित सजायको व्यवस्था गरिएको थियो ५० हजार जरिवानाको २ लाख ५० हजार जरिवानाको व्यवस्था गरेको थियो। तर अहिले त्यो व्यवस्था खारेज भएको छ यसले कालोबजारलाई प्रश्रय दिन्छ भन्ने मलाई लाग्छ र जब कालो बजारले प्रश्रय पाउँछ समाजमा आपराधिक गतिविधिहरू पनि बढ्न सक्छन् र मान्छेले खान पुग्दैन उसँग उसको क्षमता छैन क्रयशक्ति छैन भने त्यसपछि गएर समाजमा अपराधका घटनाहरू बढ्छन्। त्यसो भएको कारणले गर्दा यसमा धेरै कमी कमजोरी रहेको कारणले सरकारले यसमा पुनर्विचार गर्नुपर्छ भन्ने अनुरोध गर्न चाहन्छु। र यही अवस्थमा यसलाई स्वीकार गर्न सकिँदैन भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१६:५१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन बहादुर सुनार।

(१६:५१ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, हामी अहिले आर्थिक तथा व्यावसायिक वातावरण सुधार तथा लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमाथिको छलफलमा यो पहिला यति धेरै विधेयकहरू आएको छन्। यी ऐनहरूको बारेमा अध्ययन गर्ने छलफल गर्ने अवसरै दिइराखिएको छैन। र यो खास गरेर यो विधेयक दलाल पुँजीपति वर्गलाई प्रोत्साहन गर्न भनेर ल्याइएको छ।यसले शुरुमै के गऱ्यो त भन्दा खेरि उत्पादनका सामानहरू खरिद बिक्री गर्दा २०%भन्दा बढी मूल्य लिइयो भने त्यो कालोबजारीमा दण्ड सजायँ हुन्थ्यो। अहिले त्यो हटाइएको छ। यसले के देखाउँछ त भन्दा खेरि लुटखोरहरूलाई अवसर उपलब्ध गराएको छ। त्यसले गर्दा आफु खुसी बिक्री वितरण गर्न सक्ने हुँदा यो करमा छुट त्यस्तै गरेर कच्चा पदार्थहरूमा छुट आदिआदिले गर्दा राजश्वमा चैं गम्भीर संकट पर्छ र यस्तो रह्यो भने उसैत आर्थिक रूपले हामी Grey list मा पर्दैछौं यस्तै हुँदै गयो भने हाम्रो अर्थतन्त्र कस्तो होला? र हाम्रो आर्थिक वृद्धि यस्ता गतिविधिले के गर्ला। भन्ने बेलामा हामीले समाजवाद उन्मुख अर्थतन्त्र भनिएको छ। व्यवहारमा त्यो ठिक उल्टो छ। त्यसले गर्दा यस्तो विधेयक स्वीकार गर्न सकिन्न र जुन किसिमले यसका नीति विधिहरू

बनेका छन् पछिल्लो समयमा जो पचास लाखलाई तिन करोडसम्म पुर्याइएको छ र यसरी छुट दिने र तिनलाई मुद्धा नलाग्ने यो समयमा छुट दिएर यो अपराधीहरू भाग्न सक्ने यस्तो किसिमको विधेयक आएकोले गर्दा यो विधेयक सरासर यो जन विरोधी छ र जनताको हितमा छैन। त्यसैले गर्दा यो विधेयक अस्वीकार गर्छु। हवस्, धन्यवाद।

(१६:५४ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोमा देवी तिमल्सिना।

(१६:५४ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, यहाँ अघि हाम्रो नेता बेदुराम भुसाल माननीयज्यूले जुन बोल्नुभो त्यसलाई अरू माननीयज्यूहरूले पनि समर्थन गर्दै म पनि ती सबै कुराहरू सकारात्मक छन् र समर्थन गर्छु। तर समर्थन गर्ने फेरि त्यो विधानलाई त्यो उलाई समर्थन गरे हैन है मैले यता फेरि त्यो बुझ्दिनुहोला।फेरी बुझाई त यहाँ यस्तो छ। अनि अहिले यहाँ कस्तो देखियो भने सत्ता पक्षले समर्थन गर्नैपर्ने प्रतिपक्षले विरोध गर्नैपर्ने हो कि जस्तो देखियो। नियम कानुन बन्दाखेरि ऐन बन्दाखेरि भोलि दुरगामी असर पार्ने खालको हो यो ऐन बन्दाखेरि त पछि सम्मलाई काम लाग्ने ऐन हो। अहिले हामी त्यसरी नबुझौं। यो ऐन नियम कानुन बनाएर राम्रो बनाएर लग्यो भने हामीहरू मुलुकलाई फाइदा हुने मैले अघि नै भने रात मात्रै रहँदैन फेरी उज्यालो हुन्छ। उज्यालोमा धेरै कुरा देखिन्छ। उज्यालोले टाढासम्म देखेको हुन्छ। अँध्यारोमा धेरै देखिँदैन केहि कुरा। तर हामी उज्यालोमा छौं। अँध्यारो पार्न नखोजियोस्। हामी उज्यालोमा छौं। अब अरू कुरा मैले समर्थन गरिसकेको छु यता।प्रतिपक्षको रोलमा बस्ने माननीयज्यूहरूले भन्नुभएकोमा मैले अब म फेरी उद्योगकै कुरा दोहोऱ्याउँछु। माननीय अर्थमन्त्रीज्यूले भन्नुभो उद्योग त्यही नाम नफेरी राख्दै ठिक हुन्थ्यो भन्नुभयो। त्यो पनि ठिक हुन्थेन कुनै पनि ठिक हुन्थेन।तर उद्योग किन बन्द भयो? आफ्ना कमजोरी लुकाउने? हेटौडा सिमेन्ट उद्योगको अध्यक्ष नियुक्ति कस्तालाई गर्नुभएको छ? कसलाई गर्नुभएको छ? त्यो कुरै हेक्का राख्न पर्दैन? हेटौंडा सिमेन्ट उद्योगको १४३ बिगाहा जग्गा छ। त्यो जग्गा बेचबिखान गरेर अनि कोकसको केके बनाउने त्यो सोंच हो। तिनटा खानी छन्। त्यो खानी आज प्राइभेट उद्योगले मागिरहेको। छ प्राइभेट उद्योगलाई दिने त्यो हो। त्यो जवाफ दिनुपर्छ हामीलाई। म मजदुरको मान्छे हो। जनताको मान्छे हो। जवाफ दिनुपर्छ त्यसरी टालटुल गरेर हाँसेर के गरेर त्यो हुँदैन। त्यो उद्योग चलाउन हेटौडाको दुध डेरीको कुरा भयो। आफू असक्षम रहेको कुरा पनि हेक्का रहोस् मन्त्रिमण्डललाई।धन्यवाद।समय सकियो।

(१६:५७ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१६:५७ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, हाम्रो संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने भनेर भनेको छ। हामी अहिले सरकारको नारा के छ सुशासन, समाजिक न्याय, समृद्धि भन्ने सरकारको लक्ष्य छ। तर यो विधेयकका प्रावधान हेर्दाखेरिमा सरकारको ठीक तपाईंको उल्टो दिशातिर यो विधेयकका प्रावधानहरू देख्न सकिन्छ।

सम्माननीय अध्यक्ष महोदय, यस विधेयकमा रहेको विदेशी विनियम नियमित गर्ने ऐन, २०१९ लाई संशोधन गर्ने प्रस्तावले स्वदेशी पुँजी विदेश पलायन गराउने र गैर कानुनी ढंगले आर्जन गरेको सम्पतिलाई घुमाउरो बाटोबाट शुद्धिकृत गर्ने मनसाय बोकेको देखिन्छ। कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३३ मा संशोधन गर्ने प्रस्तावले कालोबजारी गर्नेलाई प्रोत्साहन गरेको छ। कालोबजार तथा केही अन्य सामाजिक सजाय ऐन, २०३३ को दफा ३ को उपदफा (१) मा गरेको संशोधनले कालोबजारी गर्नेलाई सामान जति पनि बिक्री गर्नका लागि छुट दिने व्यवस्था गरेको छ। यसले मुनाफा खोरलाई लाभ पुर्‍याउँछ यो अध्यादेश आउने बित्तिकै बजारमा अस्वाभाविक मूल्य वृद्धि भएको छ। आम मानिसलाई महँगीको मारमा अझ यसले धकेल्नेछ। विधेयकले राजस्व चुहावट गर्ने व्यक्तिलाई कानुनी दायरामा ल्याउनुको साटो कानुनी उन्मुक्ति दिई राजश्व चुहावट गर्नेलाई संरक्षण गरेको छ। राजस्व चुहावटमा मुद्दा दायर गर्ने सीमा ५० लाखबाट ३ करोड पुर्‍याइएको छ। राजस्व चुहाटलाई प्रोत्साहन गर्ने यसले राजस्व चुहावटलाई थप प्रोत्साहन गर्नेछ। सम्माननीय अध्यक्ष महोदय, यो विधेयक सरकारलाई म फिर्ता लिन सुझाव दिन चाहँदै यो विधेयक प्रति अस्वीकार गर्दछु। धन्यवाद।

(१६:५९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जयन्ती देवी राई।

(१६:५९ बजे) <u>माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- समाननीय अध्यक्ष महोदय, यो प्रस्तुत विधेयक सैद्धान्तिक छलफलमा सैद्धान्तिक रुपमै प्रक्रिया मात्रै हैन सैद्धान्तिक रूपमै यो अब गलत छ भन्न म चाहन्छु। यो विधेयक जनताको पक्षमा छैन। संविधानको विपक्षमा छ। र समाजवाद उन्मुख अर्थतन्त्रको विपक्षमा छ। काला बजारीहरूको पक्षमा छ। भ्रष्टाचारीहरूको पक्षमा छ। त्यही कारणले हामी स्वीकार्न सक्दैनौं र माननीयज्यूहरूले भनिसक्नुभएको छ। कि यो चुहावट सम्बन्धी ५० लाखबाट ३ करोड गर्नेलाई मात्रै आज कानुनको दायरामा कारबाहीको दायरामा ल्याउने कुराले हामीले जानि जानी षड्यन्त्रपूर्वक ढंगले

हामीले ल्याएको होइन र यो छुट दिने कुरा, त्यस्तो हुन्छ? यस्तो भ्रष्टाचारीहरूलाई प्रश्रय दिने उनीहरूलाई उन्मुक्ति दिने अनि तिन करोड नपुगुञ्जेलसम्म त जसले पनि गरिरहने भयो नि। त्यही कारणले यो परिमार्जित हुनुपर्छ। र अर्को कुरा भनेको यो कालोबजारी सम्बन्धी माननीयज्यूहरूले भन्नुभएजस्तै यो पनि के भन्दा खेरि २०% भन्दा माथि गएकालाई कारवाही गर्ने दायरा
थियो ।अढाई लाख र एक वर्ष अथवा दुवै हुन सक्ने प्रावधानलाई हटाएर अब यो बजारले नियन्त्रित गर्ने कुराहरू जुन ल्याउनुभाछ त्यसकारणले यो एकदमै गलत भएको छ यो जनपक्षीय छैन आज नमिठो नमान्दिनु होला। आदरणीय माननीय मन्त्रीज्यू सल्लाह त धेरै गऱ्याछौं भन्नुभयो। सल्लाह कोसँग गरियो भन्ने पनि प्रष्ट आयो। यो दलाल पुँजीवादको पक्षमा छ। त्यही कारणले हामीले यस्ता खालका कुराहरू अहिले गर्न हुन्न है। सल्लाह यसरी गर्न हुन्न है। र त्यही कारणले यो हाम्रो नेपालको निम्ति यो अफाप सिद्ध भएको कारणले जनताको निम्ति अफापसिद्ध भएको कारणले यो विधेयकलाई स्वीकार्न सकिन्न र यसलाई म एकदमै बिनम्रताका साथ् अनुरोध गर्न चाहन्छु माननीय मन्त्रीज्यू यसलाई परिमार्जन गरेर ल्याइयोस्। अहिले यो विधेयकलाई स्वीकार गर्न सकिन्न। धन्यवाद।

(१७:०२ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोपी बहादुर सार्की अछामी।

(१७:०२ बजे) **माननीय श्री गोपी बहादुर सार्की अछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानीलाई अभिवृद्धि सम्बन्धी केही नेपाललाई संशोधन गर्न आएको यो अध्यादेशको प्रतिस्थापन विधेयकमाथि हामी छलफल गरिरहेका छौं। अब यो अन्तिम पनि हो जस्तो लाग्छ मलाई थाकियो पनि। विशेष गरेर अब पूर्ववक्ता माननीयहरूले राखेका आधारभूत कुराहरू नै मेरो आफ्नो पनि कुरा हो भन्ने विषय पनि राख्न चाहन्छु। अब यो वैदेशिक लगानी सहजीकरण गर्ने भन्ने छ यो देशको लागि त आवश्यक हो तर देशको स्थिति हेर्दाखेरि त्यो वातावरण बन्ला बनिराखेको छ जस्तो लाग्दैन। उपभोक्ता र उत्पादक जनशक्ति त बाहिर छन्। त्यसकारणले गर्दा खेरि वैदेशिक पुँजी लगानी गर्नको लागि foreigner हरू आउने त्यो वातावरण छ जस्तो लागेको छैन बनाउन खोज्या छ भने ठिक छ भन्ने मलाई लाग्छ र अब यो स्वदेशी पुँजीको विदेशमा लगानी भन्निको मैले यसो हेर्दाखेरि यहाँ कालो धन त्यसपछि त्यसको सुरक्षाको लागि गर्न खोज्या छ कि कालो धनको लागि त्यसको एउटा प्लेटफर्म गर्न खोज्या हो कि। अब त्यहाँ लगानी गरेर लाभांश आउँछ देशको लागि राम्रो हुन्छ भन्ने कुरा हो भने त्यो फेरी ठिकै पनि हो। अब एउटा राजस्वको सम्बन्धमा के छ भने एउटा आतंक पनि छ। त्यो आन्तरिक राजश्व कार्यालयले एउटा ठुलो आतंक के मच्चाइराखेको हुन्छ भने व्यवसायीहरू जो इमानदारिता पूर्वक काम गरिराख्या छन् तिनले

जहिले पनि पीडा खेप्नु पर्ने स्थिति छ भने राजस्व छली गर्ने बदमासहरूले  फेरि उन्मुक्ति पाइराख्या स्थिति छ र यो ऐनले कतै त्यो वर्गलाई प्रोटेक्सन गर्न खोज्या छ कि त्यो कुरामा पनि हामीले अलिकति सजगता अपनाउनपर्छ भन्या जस्तो  मैले महसुस गरिराखेको छु र यो अहिलेको यो ऐन आउने चर्चा अध्यादेश आउने चर्चा परिचर्चा कै बिचमा  सिमेन्टको मूल्य बढ्यो छडको मूल्य बढ्यो त्यसपछि ग्यासको मूल्य बढ्यो अरु खाद्य वस्तुहरूको पनि मूल्य  बढिराख्या छ र मन्त्रिज्यूको भनाई के छ भने यो  बजारले नै निर्धारण गरेको मूल्य हो भन्ने छ यसले अराजकता तिर लान्छ कि लाँदैन? एकातिर सिन्डिकेट जस्तो भैराख्या छ कार्टेलिङ भैराख्याछ उपभोक्ताहरू  ठगिने काम भैराख्याछ। अर्कोतिर  यस्ता प्रावधानहरू राखे र मन्त्रीज्यूको पनि त्यो खालको भाषा हुने हुँदा खेरि  यसले उपभोक्ता ठगिने र जनतालाई मार पर्ने एउटा बिचौलिया सीमित तत्वहरूले मात्रै लाभ लिने खालको स्थितिलाई प्रोटेक्सन गर्न त खोज्या छैन भन्ने एउटा आशंका पनि यो अध्यादेशमा पैदा भएको मैले अनुभूत गरेको छु र मेरो आफ्नो विरोध पनि भएको कारणले गर्दा खेरि म यसलाई अस्वीकार गर्दै मेरो आफ्नो भनाई अन्त्य गर्छु। हस् नमस्ते।

(१७:०५ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्य घनश्याम रिजाल।

(१७:०५ बजे) **माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि हामी छलफल गरिराखेका छौं। तर यो लगानीमैत्री वातावरण बनाउन भनेर ल्याइएको यो विधेयकले लगानीमैत्री वातावरण बनेको छैन सभाध्यक्षज्यूमार्फत म यो जानकारी गराउन चाहन्छु भन्न चाहन्छु। मैले यो विधेयक आइसकेपछि बजारमा यसो उद्योगी व्यापारीहरूसाग भेटें। जो इमान्दार उद्योगी व्यवसायीहरू हुनुहुन्छ। जसले होटल पर्यटन क्षेत्रमा पनि आफ्नो लगानी विस्तार गर्न चाहिराख्नुभएको छ। यो विधेयक आउना साथै रड र सिमेन्टमा बढेको भाउका कारणले गर्दाखेरि त्यो  बनाउनै नसक्ने अवस्थामा पुग्नुभएको छ र त्यो आफ्नो परियोजना  त्यत्तिकै होल्ड गरेर बस्नुपरेको अवस्था छ। यसले कसरी लगानीमैत्री  वातावरण बनाउँछ म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई म सोध्न चाहन्छु। त्यसैगरी यो  जुन कालाबजारी ऐन छ कालाबजारी ऐनको  एउटा दफै झिकेर तपाईको  यो ५० लाखसम्म राजश्व छली भए मिलापत्र गर्ने र मुद्दा नचलाउने जुन खालको एउटा प्रावधान थियो त्यसलाई ३ करोडसम्म पुऱ्याइएको छ। यसले एउटा इमान्दार व्यवसायीले त जसरी पनि उसले तिरिराखेको हुन्छ। नियमित रुपमा तिरिराखेको हुन्छ। गलत मनसाय राख्ने

व्यापारीहरूले ३ करोडसम्म राजश्व त छल्न पाउँदात छल्न पाउने भए नि अध्यक्ष महोदय। नत्र भए त ३ करोड छलेको यदि पत्ता लगायो सरकारले र असुली गर्न खोज्यो भने पनि उसलाई मुद्दा नचल्ने भइसकेपछि त राजश्व छली गर्न त उसले खोज्ने भयो नि। त्यसैले राजश्व असुलीमा गम्भीर नकारात्मक असर पर्छ। त्यसैले मैले भन्छु यो सरकारले यो विधेयक फिर्ता लिइयोस्। यो विधेयक आइसकेपछि ग्याँस लगायतका दैनिक उपभोग्य वस्तुका सामग्रीमा पनि भाउ आकाशिएको छ। यो यसकै उपज हो। त्यसले गर्दा खेरि म विनम्रताका साथ सरकारलाई अनुरोध गर्न चाहन्छु। हुन त सरकारका मन्त्रीज्यूले भन्नुभएको छ। सरकारका प्रवक्ता समेत रहनुभएका माननीय मन्त्रीज्यूले फूलको आँखाले मात्र हेर्न भन्नुभएको छ। तर मन्त्रीज्यूलाई म विनम्र निवेदन गर्न चाहन्छु यो विधेयक फूलको आँखाले त परै जाओस् नाङ्गो आँखाले पनि हेर्न नसक्ने खालको छ। काला बजारियाले बिक्री गरेको कालो पट्टी बाँधेर हेर्नपर्ने गरी काला बजारियाले राखिदिएको तीरले हाम्रो आँखा घोच्न सक्छ भन्ने डर लागेको छ। त्यसैले गर्दा खेरि यो विधेयकको म विपक्षमा आफुलाई उभ्याउन चाहन्छु। यसलाई स्वीकार गर्न सकिँदैन। सरकारले यो विधेयक फिर्ता लिइयोस्। धन्यवाद।

(१७:०८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू अब म माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

(१७:०८ बजे) <u>माननीय उपप्रधान एवं अर्थ मन्त्री श्री विष्णु प्रसाद पौडेल</u>:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकको सैद्धान्तिक पक्षमा छलफल गर्ने भाग लिनु हुने सबै माननीयज्यूहरू प्रति म हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। माननीयज्यूहरूले छलफलका क्रममा समय धेरै लागेको थाकेको पनि अनुभूति राख्नुभएको छ। यस्तो बेलामा मैले लामो समय लिएर प्रतिउत्तर गरें भने देखि त्यो थकाई अरु बढ्न जाला। त्यसकारणले अध्यक्ष महोदय अत्यन्त संक्षिप्तमा मात्र म केही कुरा राख्न चाहन्छु। २/३ वटा विषय यहाँहरूले बडो महत्वका साथ उठाउनुभएको छ। यो काला बजारी २० प्रतिशत मुनाफा जस्ता विषयहरूमा हामीले धेरै चर्चा

गरिसकेका छौं २०३२ सालमा बनेको यो ऐन थियो कालाबजारी सम्बन्धी ऐन। त्यो ऐनपछि हामीले उपभोक्ताको हितसँग गाँसेर धेरै ऐनहरू निर्माण गरिसकेका छौं र पछिल्लो चोटी हामीले उपभोक्ता अदालतको पनि प्रबन्ध गरेका छौं र उप उपभोक्ता अदालत कार्यान्वयनमा आइसकेको छ। त्यसकारणले गर्दाखेरि यो जुन तर्क माननीयज्यूहरूले गर्नुभएको उपभोक्ताहरू भिक्टिम हुन्छ कि भनेर त्यो हुँदैन। उपभोक्ताको हित संरक्षणका निम्ति हामीले अनेकन कानुनी र संरचनाको प्रबन्ध गरेका छौं।न्याय निरूपणको काम गरेका छौं कालोबजारी ऐनको कार्यान्वयन अर्धन्यायिक निकायले गर्छ सीडीओले त्यसको कार्यान्वयन गर्ने स्थिति थियो हिँजो। अब अहिले उपभोक्ताहरू अदालतको न्यायिक आँखाले उनीहरूको हक संरक्षण गरिन्छ। त्यसले गर्दा यो त्यस्तो कुरा होइन। दोस्रो कुरा यो ५० लाख र ३ करोडको बारेमा धेरै नै तर्कहरू माननीयज्यूहरूले राख्नुभएको छ। म के अनुरोध गर्न चाहन्छु भनेदेखि यो कर छुट दिने भन्ने जुन परेको छ, त्यो सत्य होइन। कर कार्यालयले निर्धारण गरेको कर हिजो के थियो भने ५० लाखसम्मको मात्रै त्यो उसले भुक्तानी गरेको खण्डमा अथवा मिलापत्र गर्न सक्ने त्यो खालको व्यवस्था थियो। अहिले त्यसलाई ३ करोडको सीमा निर्धारण गरिएको हो। अदालतमा मुद्दा जान्छ। बर्षौं लाग्छ।राजश्व उठ्दैन। त्यस्तो अवस्थामा स्वभाविक रुपमा ३ करोडको सीमा हिँजो ५० लाख मूल्य निर्धारण गर्दा ५० लाखको मूल्य कति थियो अहिले ३ करोडको मूल्य कति छ त्यसको पनि हामीले हेक्का राख्नुपर्छ । ती सबै सन्दर्भलाई विचार गरेर यो कुनै कर छुट दिने विषय हैन। कर असुल्ने विषय हो। यो ३ करोडको कर छुट दिनका निम्ति गरिएको होइन कर असुलीका निम्ति गरिएको व्यवस्था हो भन्ने कुरा म माननीयज्यूहरूमा निवेदन गर्न चाहन्छु। अब त्यसो भएको हुनाले मैले यसबाहेक अरु धेरै चिजहरू यहा राख्नुपर्ने केही कुरा मैले देख्याछैन। यो स्वदेशी पुँजी पलायन पुँजी पलायनको कुरा होइन हामीले वास्तवमा नेपाली लगानीकर्ताहरूलाई नेपाली उद्यमीहरूलाई उनीहरूलाई अन्तर्राष्ट्रिय बजारमा पनि Access दिनेसम्मको कुरा हो यो। त्यसकारणले पुँजी पलायनका निम्ति कुनै गुञ्जायस छैन। यो लगायतका विषयहरू यसमा गरिएको छ र मुख्य रुपले यो के के डाटाहरू प्रस्तुत गर्नुभयो गत वर्षभन्दा ८% ले कम राजश्व उठ्याछ भनेर। यो न तथ्यसँग मेल खान्छ न कुनै डाटासँग मेल खान्छ। माननीयज्यूलाई म आग्रह गर्न चाहन्छु कुनै आधिकारिक डाटाको साहारा हामीले लिनुपर्छ। त्यसबाहेक मसिनो गरी हेर्न भ्याउँदैन कि भन्ने अब माननीय गरिमा शाह जस्तो बौद्धिक व्यक्तित्वले अब त्यसपछि हेर्न नभ्याउने भन्ने त म कल्पना पनि गर्दिन। नहेर्न भ्याउने कुरै भएन। त्यसो भएको हुनाले अध्यक्ष महोदय यो प्रस्तुत विधेयकका सन्दर्भमा माननीयज्यूहरूले राख्नुभएको सैद्धान्तिक प्रश्नमा मैले संक्षिप्त जवाफ दिने चेष्टा गरें। स्वाभाविक रूपमा दफावार छलफलमा फेरि जवाफका निम्ति उपस्थित हुनेगरी आफ्नो जवाफ यहीं टुङ्ग्याउँछु। धन्यवाद।

(१७:१३ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगाउने अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथीको छलफल यही समाप्त हुन्छ।

माननीय सदस्यहरू अब म प्रतिनिधिसभाबाट सन्देश प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव बहुमतले स्वीकृत गरेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिबृद्धि सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८१ माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नु हुने व्यहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल चैत १३ गते बुधबार अपरान्ह.. के हो माननीयज्यू...

(१७:१५ बजे) माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस):- सम्माननीय अध्यक्ष महोदय, म नियमापत्ति गर्न चाहन्छु। आजको सभामा हाम्रो नियमावलीको नियम २१ को घ (१)

मा व्यवस्था भएको छ कि कसैलाई पनि उत्पत्ति धर्म, वर्ण,जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा होच्याउने वा कुनै किसिमले असर पर्ने गरी बोल्न र असंसदीय शब्द प्रयोग गर्न नहुने भन्ने व्यवस्था गरेको छ। आजको सभामा अपाङ्गता भएका व्यक्तिहरूलाई होच्याउने गरेर अमर्यादित शब्द प्रयोग भएको छ। त्यो शब्द रेकर्डबाट हटाइयोस र सभालाई आगामी दिनमा त्यस्ता अमर्यादित शब्दहरू प्रयोग नगर्नको लागि रुलिंग गर्नुस् भन्ने पनि म अनुरोध गर्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय।

(१७:१६ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यले जो नियमापत्ति गर्नुभएको छ। त्यसप्रति ध्यानाकर्षण भएको छ। ठ्याक्कै कुन माननीयले कुन बेला के भनेको त्यो अलिकति जानकारी पाए अलिकति सजिलो हुन्थ्यो। त्यसकारण मैले यदि त्यस्तो कतै केही भएको छ भने सचिवालयले अध्ययन गरेर अर्को आउने बैठकमा त्यसलाई के गर्नुपर्छ त्यतिबेला हामी गरौंला। यति भनिसकेपछि

राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल चैत्र १३ गते बुधबार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल चैत्र १३ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः १७:१६ बजे।**